


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३२ अंक २३२ काठमाडौं | २१ असोज २०८१ सोमबार आश्विन शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, October 7, 2024 | पृष्ठ १० | १० रुपैयाँ



# पर्खाइमा ३६५ दिन

**दुनियाँका लागि इजरायल-हमास युद्ध सुरु भएको एक वर्ष भयो तर विपिनको पर्खाइमा रहेको परिवारका लागि यो अवधि ३६५ दिनको हो । विपिन बेखबर भएयताका हरेक पल बाबुआमा र बहिनीका लागि अत्यासलाग्दो छन् । उनीहरूले राष्ट्रपति, प्रधानमन्त्रीलाई भेटेका छन्, इजरायलका राष्ट्रपतिसँग 'भर्चुअल' कुरा गरेका छन् तर पर्खाइ अनन्त बनेको छ**



विपिन जोशी

**भवानी भट्ट** (कञ्चनपुर)

ठीक एक वर्षअघि, आजकै दिन शनिबार थियो । प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमा भीषण हमला गरेको गाइँगुइँ सुनिँदै थियो । कञ्चनपुरकी पद्मा जोशीको मनमा चसक्क पस्यो, किनकि छोरा इजरायलमा थिए । भतिजा किशोरले हमासले जथाभावी गोली हानी सर्वसाधारणको हत्या गरेको सुनाउँदा पद्मालाई झनै गाह्रो भयो । तैपनि मन सम्हालिन् । बिस्तारै समाचारमा उक्त घटना छाउन थाल्यो । साँझपख छोरा विपिनसँग सधैं कुरा हुन्थ्यो, तर त्यो दिन सम्पर्क हुन सकेन । पछि त विपिन अपहरणमा परेको औपचारिक खबर आयो, सुनेर अत्तालिएकी आमा अहिले पनि उस्तै अवस्थामा छिन् ।

सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान विषयमा 'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत विपिन इजरायल पुगेका थिए । उनलाई हमास समूहले इजरायलको दक्षिणी क्षेत्रस्थित अलिमुम, किबुजबाट नियन्त्रणमा लिएको इजरायल सरकारले जानकारी गराएको छ । १ वर्षदेखि विपिनको अवस्था अज्ञात छ । 'एक वर्षमा विपिनबाहेक मेरो मनमा केही आएको छैन,' पद्माले भनिन्, 'दिनभर उसकै सम्झना आउँछ । राति सपनामा पनि उसैलाई देख्छु ।' बुबा महानन्द र बहिनी पुष्पा पनि त्यही पीडामा छन् ।

अध्ययनसँगै कमाइ गर्ने कार्यक्रमअन्तर्गत ३९ विद्यार्थी गत वर्ष साउन अन्तिम साता इजरायल गएका थिए । पुगेको एक महिनामै हमास समूहले आक्रमण गरेको थियो । हमासको आक्रमणमा परी किबुजमै १० नेपाली विद्यार्थीको ज्यान गएको थियो । 'अरूका लागि एक वर्ष हो, हाम्रा लागि त ३६५ दिन हो, एक एक पल बिताउन कठिन भइरहेको छ,' बुबा महानन्दले भने, 'मन्त्रीदेखि प्रधानमन्त्री र राष्ट्रपतिसम्म भेटिसक्यौं, सबैले पहल गरिरहेका छौं भन्छन् तर अहिलेसम्म उसको यकिन अवस्था थाहा छैन ।'

विपिनको परिवारले यस अवधिमा राष्ट्रपति, प्रधानमन्त्रीलगायत उच्च अधिकारीलाई पटकपटक भेटिसकेको छ । इजरायली राष्ट्रपति आइजेक हर्जोकसँग भर्चुअल कुराकानी पनि गरिसकेका छन् । नेपालस्थित इजरायली राजदूत हनान गोदारसँग पनि पटकपटक भेट भइसकेको छ । गोदार विपिनको घरमै पुगेर पनि उनको रिहाइको पहल गरिरहेको बताएका थिए । उनीसँगै विपिन अध्ययनरत नेगेव कलेजका अध्यक्ष हैम सेक्डसमेत घरमा पुगेका थिए ।

'इजरायल सरकारले विपिनको रिहाइका लागि सक्दो पहल गरिरहेको छ, सेनाले पनि निरन्तर खोजी गरिरहेको छ,' राजदूत गोदारले विपिनको परिवारलाई आश्वासन दिँदै भनेका थिए, 'विपिन बहादुर हो, उसले धेरैको ज्यान जोगाएको छ, ऊ सुरक्षित छ ।'

उद्धार गरेर नेपाल ल्याइएका विद्यार्थीहरूका अनुसार हमासले नेपाली विद्यार्थी बसेको क्याम्पमा फ्याँकेको ग्रिनेड टिपेर विपिनले बाहिर फालिदिएका थिए । तर लगत्तै उनी हमासको नियन्त्रणमा परे । 'हामी दोस्रो बंकरमा थियौं, विपिन ढोका छेउमै बसेका थिए । हतियारधारीले उनलाई तानेर बाहिर लिएर गए,' हमासको आक्रमणबाट जोगिएका सल्यानका प्रमोद केसीले कान्तिपुरलाई भनेका थिए ।

तर, विपिनका परिवारले सबैबाट पाउने एउटै उत्तर हो, 'हामी प्रयास गरिरहेका छौं ।' महानन्द भन्छन्, 'मन्त्रीदेखि राष्ट्रपति सबैलाई भेटिसक्यौं, इजरायलका राष्ट्रपतिसम्म कुरा भइसक्यो तर हाम्रो पीडा जस्ताको त्यस्तै छ ।' पछिल्लो पटक प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि भेटेका छन् । कतारी आमिर तमिम बिन हमाद अल थानी नेपाल भ्रमणमा आउनुअघि विपिनका परिवारले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर रिहाइका लागि पहल गरिदिने आग्रह गरेका थिए । **बाँकी पृष्ठ ९**



तस्बिर : भवानी भट्ट/कान्तिपुर

**एक वर्षदेखि हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरको भीमदत्त नगरपालिका–३ भासीका विपिन जोशीका बाबुआमा र बहिनी ।**

## लेबनानका नेपाली भन्छन्-
# 'अब जीवनको ठेगान छैन'

**होम कार्की** (काठमाडौं)

रामेछापकी जुनकिरी आलेमगर लेबनानको राजधानी बेरुतमा १५ वर्षदेखि कार्यरत छिन् । उनी बस्ने अलअर्सिफियाको अपार्टमेन्टबाट दहियेह १० मिनेटको दूरीमा छ । त्यही दहियेहमा इजरायली सेनाले केही दिनयता हेजबुल्लाह लडाकुलाई निसाना बनाउँदै निरन्तर हवाई हमला गरिरहेको छ । शनिबार मध्यरातमा पनि इजरायली सेनाले दहियेहमा ठूलो हवाई हमला गऱ्यो । विस्फोट यति ठूलो थियो कि जुनकिरी बसेको अपार्टमेन्ट नै पिङ जसरी हल्लियो ।

शनिबारको विस्फोटपछि जुनकिरीको मन बेचैन छ । 'मैले पाँच दिनयता राति सुत्न पाएकी छैन । रातभरि मुटु नै हल्लाउने गरी विस्फोटको आवाज आउँछ । घर थरर हल्लिन्छ । शनिबारको जस्तो ठूलो हमला यसअघि थाहा पाएकी थिइनँ,' उनले भनिन्, 'बाहिर निस्केर हेर्दा दहियेहमा आगोको मुस्लो उडिरहेको थियो । आगोको मुस्लोले आकाश नै ढाकेला जस्तो देखिन्थ्यो ।' विस्फोटपछि सडकमा हुइँकिएका एम्बुलेन्सको साइरन सम्झिँदा अहिले पनि जुनकिरीको मुटुको धड्कन बढ्छ । **बाँकी पृष्ठ ९**

> **इजरायलले लेबनानमा हवाई र स्थल आक्रमण तीव्र पार्दै लगेपछि त्यहाँ रहेका नेपालीको सुरक्षा र उद्धारमा चासो**

# ३२ वर्षको वकालत र ९ वर्षको न्यायसम्पादनपछि प्रधानन्यायाधीश

**बार र बेन्चको बढ्दो दूरीका कारण न्यायाधीश नियुक्तिमा देखिएको जटिलतालाई कति छिटो चिर्न सक्छन्, राउतको परीक्षा यसैमा छ**



**घनश्याम खड्का** (काठमाडौं)

दसैंको घटस्थापनादेखि पूर्णिमासम्म बिदा भएकाले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणका रिटमा मात्र सुनुवाइ हुन्छ, हरेक न्यायाधीशलाई पालैपालो एक एक दिन इजलास तोकिएको छ । प्रकाशमानसिंह राउतको पालो पनि आइतबारलाई थियो । संयोग, उनी इजलासमा आइपुग्दा प्रधानन्यायाधीश भइसकेका थिए ।

आइतबार साढे १ बजे राउतलाई राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा शपथ गराए । मुलुकको ३२ औं प्रधानन्यायाधीशका रूपमा नियुक्त भएलगत्तै राउत सर्वोच्च अदालत आए, जहाँ कर्मचारी, न्यायाधीश र वकिल उनको स्वागतमा बसेका थिए ।

बधाई लिइसकेपछि प्रधानन्यायाधीश राउत इजलासमा बसे । 'अदालत बन्द भए पनि बन्दी प्रत्यक्षीकरणको मुद्दा छिन्न हरेक दिन एक जना श्रीमान्को पालो तोकिएको हुन्छ,' सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले कान्तिपुरलाई भने, 'आज प्रकाश श्रीमान्को पालो परेको थियो ।'

बन्दी प्रत्यक्षीकरणका चार मुद्दा पेसीमा थिए । नवनियुक्त प्रधानन्यायाधीश राउतले चारै मुद्दामा फटाफट निर्णय सुनाए । त्यसपछि भेट्न आएका न्यायाधीश र सर्वोच्च प्रशासनका कर्मचारीसँग सामान्य सोधपुछ र केही निर्देशन सकेर उनले प्रधानन्यायाधीशका रूपमा पहिलो दिन पूरा गरे, अब उनी १८ महिना यही भूमिकामा हुनेछन् । **बाँकी पृष्ठ ९**

## कान्तिपुर जनमत

### नतिजा

**गुणस्तरहीन पानी उत्पादन गरेको पुष्टि हुँदा पनि त्यस्ता उद्योगहरूलाई सरकारी निकायले किन सधैं उन्मुक्ति दिइरहेको होला ?**

| | |
|---|---|
| सरकारी अधिकारीलाई उद्योगले गोप्य रूपले लाभांश दिने भएकाले | ६१.९९% |
| पानीसम्बन्धी निर्देशिका नै अव्यावहारिक भएकाले | ४.८७% |
| पानी मात्रै होइन अन्य खाद्य सामग्रीमा गुणस्तरको पालना छैन | ३१.६५% |
| केही भन्न चाहन्नँ | १.४९% |

### आजको प्रश्न

**नवनियुक्त प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले आफ्नो कार्यभार सम्हालेका छन् । उनलाई मुख्य रूपमा तपाईंको के सुझाव छ ?**

आफ्नो राय राख्न जानुस् www.ekantipur.com वा Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

Google play | App Store



परिक्रमा

## युद्धका एक वर्ष

# पश्चिमा शासन इजरायलको पक्षमा, समाज युद्धको विरोधमा

इजरायल-हमासको एक वर्ष लामो युद्धका क्रममा कम्तीमा ४४ हजार जनाको ज्यान गइसकेको छ, जसमा १६ हजार ५ सयभन्दा बढी बालबालिका छन् । गाजामा मात्रै प्रत्येक घण्टा २ बालबालिकासहित ५ जनाको ज्यान गइरहेको छ । त्यस्तै, कम्तीमा १ सय २८ पत्रकार मारिएका, ३५ घाइते, २ सम्पर्कविहीन तथा ६९ पत्रकार पक्राउ परेको सीपीजेले जनाएको छ । प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले मारिएका १ हजार १ सय ५१ स्वास्थ्यकर्मीमा १ सय ६५ जना चिकित्सक र २ सय ६० नर्स रहेको जनाएको छ




आइतबार जर्मनीको बर्लिनमा निकालिएको 'प्यालेस्टाइन प्रतिरोध' ¥याली । एक वर्षदेखि प्यालेस्टाइनमा हमला गर्दै आएको इजरायलले पछिल्ला दिनमा लेबनानमा प्रवेश गरी निहत्था सर्वसाधारणको हत्या गरेको विरोधमा लन्डन, पेरिस, केपटाउनलगायतका सहरमा पनि प्रदर्शन भइरहेका छन् । तस्बिर : एपी/रासस

**बुद्धिसागर मरासिनी** (काठमाडौं)

प्यालेस्टिनी लडाकू समूह हमासले उत्तरी इजरायलमा आक्रमण गरेको एक वर्ष पुगेको छ । इजरायलले एक वर्षदेखि गाजा र पछिल्लो समय लेबनानका निहत्था सर्वसाधारणमाथि 'युद्ध उन्माद' जारी राखे पनि अमेरिकालगायतका पश्चिमा देशको नेतृत्व भने मौन छ । पश्चिम एसियाको निकट साझेदार इजरायललाई अमेरिकाले लामो समयदेखि सैन्यलगायतका विभिन्न सहयोग गर्दै आएको छ ।

२०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि इतिहासकै भीषण आक्रमण गरेको थियो । इजरायली भूमिमा हजारौं क्षेप्यास्त्र प्रहार गरेलगत्तै हमास लडाकुहरू जमिन तथा समुद्री मार्गबाट इजरायल प्रवेश गरेका थिए । अधिकांश लडाकु गाजा र इजरायललाई छुट्याउने सुरक्षा अवरोधहरू तोड्दै उत्तरी इजरायल पुगेका थिए । हमासको आक्रमणमा इजरायलतर्फ कम्तीमा १२ सयले ज्यान गुमाएका थिए । त्यसका साथै, हमासले २ सय ५१ जनालाई बन्धन बनाएर लगेको थियो । तीमध्ये अझै ९७ जना हमासको नियन्त्रणमै छन् । तीमध्येका एक नेपाली विपिन जोशीको अवस्था अझै पनि अज्ञात छ ।

त्यसको प्रतिक्रियामा इजरायलले गाजा क्षेत्रमा सुरु गरेको हवाई आक्रमण अझैसम्म जारी छ । एक वर्ष लामो युद्धका क्रममा गाजामा मात्रै कम्तीमा ४२ हजार ५ सय ११ जनाको ज्यान गइसकेको छ, त्यसमध्ये १६ हजार ५ सय बालबालिका छन् । इजरायली आक्रमणमा ९६ हजार ७ सय ९४ जना घाइते भएका अलजजिराले जनाएको छ । प्यालेस्टिनी अधिकारीहरूका अनुसार १० हजारभन्दा बढी सम्पर्कविहीन छन् । गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार कम्तीमा २३ लाख प्यालेस्टिनी युद्धका कारण विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघले भने विस्थापितको संख्या १९ लाख रहेको जनाएको छ । गाजा क्षेत्रका कम्तीमा ५० प्रतिशत घर, ८० प्रतिशत व्यापारिक भवन, ८५ प्रतिशत विद्यालय, ६५ प्रतिशत सडक सञ्जाल र १७ देखि ३६ वटा अस्पताल ध्वस्त भएका मन्त्रालयले जनाएको छ ।

यो तथ्यांक हेर्दा एक वर्षको अवधिमा गाजामा हरेक घण्टा ६ बालबालिकसहित १५ जनाले ज्यान गुमाएको देखिएको छ । इजरायली सुरक्षा बल (आईडीएफ) को तथ्यांकअनुसार गाजामा औसतमा प्रत्येक घण्टा प्रहार हुने २४ वटा बमका कारण १२ भवन ध्वस्त भएका छन । अक्टोबर ४ सम्मको तथ्यांकअनुसार कम्तीमा १ सय २८ जना पत्रकार मारिएका कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) ले जनाएको छ । तीमध्ये १ सय २३ जना प्यालेस्टिनी, ३ जना लेबनानी र २ जना इजरायली छन् । मारिएकामध्ये ५ पत्रकारलाई आईडीएफले प्रत्यक्ष निसाना बनाएको सीपीजेले जनाएको छ । ३५ पत्रकार घाइते भएका छन् भने २ पत्रकार सम्पर्कविहीन छन् । ६९ पत्रकार पक्राउ परेका छन् भने कैयौंका परिवारका सदस्यको हत्या तथा धम्की दिइएको सीपीजीले जनाएको छ ।

'गाजामा युद्ध सुरु भएदेखि पत्रकारहरूले समाचार संकलनका लागि आफ्नो ज्यान नै दिँदै आएका छन् । सुरक्षा, उपकरण, अन्तर्राष्ट्रिय उपस्थिति, सञ्चार वा खाना र पानीबिना नै उनीहरू अझै पनि संसारलाई सत्य बताउने महत्त्वपूर्ण कार्यमा लागिरहेका छन्,' सीपीजेका कार्यक्रम निर्देशक कार्लोस मार्टिनेज डे ला सेर्नाले न्युयोर्कमा भने, 'जब कुनै पत्रकार मारिन्छ, घाइते हुन्छ, गिरफ्तार हुन्छ वा निर्वासनमा जान बाध्य हुन्छ, हामीले सत्यका विभिन्न अंश गुमाउँछौं ।'

इजरायलतर्फ ८ हजार ७ सय ३० जना घाइते भएका जनाइएको छ । अतिक्रमित वेस्ट ब्यांकमा ७ सय २३ जनाको ज्यान गएको र कम्तीमा ८ हजार घाइते भएका जनाइएको छ । वेस्ट ब्यांकमा २७ लाख ५० हजार प्यालेस्टिनी र ६ लाख ७० हजार इजरायलीको बसोबास छ । आईडीएफले जानाजानी पत्रकारहरूलाई लक्षित नगरेको बताउँदै आएको छ । तर उसले युद्ध सुरु भएको केही समयपछि पत्रकारको सुरक्षाको ग्यारेन्टी गर्न नसक्ने बताएको थियो । सीपीजेले लामो समयदेखि आईएडीद्वारा मारिएका पत्रकारहरूको मामिलामा दण्डहीनताको अन्त्यको माग गर्दै आएको छ । संयुक्त राष्ट्रसंघका विज्ञहरूले पनि पत्रकारहरूको हत्याबारे चिन्ता व्यक्त गरेका छन् ।

गत जुलाई १९ मा अन्तर्राष्ट्रिय न्यायालय (आईसीजे) ले वेस्ट ब्यांक र पूर्वी जेरुसेलममा इजरायलको कब्जाले अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरेको र प्यालेस्टिनी क्षेत्रहरूमा यसको उपस्थिति 'जतिसक्दो चाँडो' अन्त्य गरिनुपर्ने बताएको थियो । हेग महासन्धिको धारा ४२ मा 'कुनै पनि क्षेत्र शत्रु सेनाको नियन्त्रणमा रहेको अवस्थालाई कब्जा गरिएको मानिने' उल्लेख छ । त्यस्तो अतिक्रमण स्थायी हुने र त्यसको सार्वभौमसत्ता कब्जा गर्ने शक्तिमा हस्तान्तरण नहुने उल्लेख छ ।

त्यस्तै, गाजामा गरेको कारबाही र नाकाबन्दीका कारण इजरायलले अन्तर्राष्ट्रिय न्यायालयमा नरसंहारको मुद्दाको पनि सामना गरिरहेको छ । इजरायलले गाजापट्टीमा १६ वर्षदेखि नाकाबन्दी लगाउँदै आइरहेको छ । भूमध्यसागरको तटमा इजरायल र इजिप्टको बीचमा अवस्थित गाजापट्टीमा करिब २३ लाख मानिसले बसोबास गर्छन् ।

२००७ यता इजरायलले गाजाको हवाई क्षेत्र र क्षेत्रीय पानीमाथि कडा नियन्त्रण कायम गरेको छ । गाजाभित्र र बाहिर सामान तथा मानिसहरूको आवतजावतमा प्रतिबन्ध लगाएको छ । हमासले गत वर्ष दक्षिणी इजरायलमा आक्रमण गरेयता इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले गाजालाई 'उजाड टापु' मा परिणत गर्ने धम्की दिँदै त्यहाँका बासिन्दाहरूलाई तत्काल अन्यत्र जान चेतावनी दिएका छन् ।

आक्रमणका क्रममा आईडीएफले कतिपय युद्धसम्बन्धी नियमहरूको पनि उल्लंघन गरेको देखिन्छ । उसले नियोजित रूपमा नै विद्यालय, अस्पताल, आश्रयस्थललगायतमा हवाई आक्रमण गर्ने गरेको छ । त्यसलाई उसले हमास वा हेजबुल्लाहका कमान्डरहरू लुकेर बसेको स्थानमा 'सटीक आक्रमण' गरेको बताउने गरेको छ । एक वर्ष लामो इजरायली आक्रमणमा कम्तीमा ८ सय ८५ जना मारिएका विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले जनाएको छ । यद्यपि प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले आक्रमणमा कम्तीमा १ हजार १ सय ५१ स्वास्थ्यकर्मी मारिएको जनाएको छ । मारिनेमध्ये १ सय ६५ जना चिकित्सक र २ सय ६० नर्स छन् । तीमध्ये केही चिकित्सकलाई आईडीएफले हिरासतमा चरम यातना दिएर हत्या गरेको छ ।

कमाल अद्वान अस्पतालका चिकित्सक लायड रान्टिसीको गत नोभेम्बरमा आईडीएफको नियन्त्रणमा हत्या भएको खुलेको थियो । आईडीएफले उनलाई गत नोभेम्बरमा नियन्त्रणमा लिएको थियो । त्यस्तै, अर्का चिकित्सक तथा प्राध्यापक अद्नान अल-बर्स पनि गत अप्रिलमा इजरायली हिरासतमा मारिएका थिए । आईडीएफको निरन्तरको आक्रमणका कारण गाजाको स्वास्थ्य प्रणालीले आपूर्ति, औषधि, इन्धन र स्वास्थ्यकर्मी/कर्मचारी अभावलगायतका समस्या झेलिरहेको डब्लूएचओले जनाएको छ । प्यालेस्टाइन क्षेत्रमा डब्लूएचओको स्वास्थ्य आपत्कालीन टोली प्रमुख अयादिल सपरबेकोभका अनुसार हाल गाजाका आधा अस्पतालहरू मात्र आंशिक रूपमा सञ्चालनमा छन् ।

सपरबेकोभका अनुसार ४३ प्रतिशत प्राथमिक स्वास्थ्य सेवा केन्द्रले मात्र सेवा प्रवाह गर्न सकेका छन् । 'सञ्चालनमा रहेका अस्पतालहरूमा करिब १५ सय शय्यामा रहेका उनले बताए । उनका अनुसार २४ हजारभन्दा बढी मानिस गम्भीर घाइते छन् । त्यस्तै, इजरायली आक्रमणमा २ सय २० जना संयुक्त राष्ट्रसंघीय सहायता संस्थाका कर्मचारीले पनि ज्यान गुमाइसकेका छन् । एक वर्षदेखि गाजामा हमासविरुद्ध युद्धमा रहेको इजरायलको आक्रमण पछिल्लो समय लेबनानमा पनि फैलिएको छ । पछिल्ला दिनमा इजरायलले गाजासँगै लेबनानमा पनि भीषण आक्रमण गरिरहेको छ । जसका कारण पश्चिम एसियामा पूर्ण रूपको युद्ध चर्कने त्रास बढ्दो छ ।

हेजबुल्लाहका सैन्य संरचना ध्वस्त पार्न भन्दै गत मंगलबार आईडीएफ स्थलमार्गबाट लेबनान प्रवेश गरेको थियो । त्यसलगत्तै इरानले इजरायलमा एक सय ८० वटा क्षेप्यास्त्र प्रहार गरेको थियो । सिया मुस्लिम समूह हेजबुल्लाह इरानको आर्थिक तथा सैन्य सहायतामा सञ्चालित राजनीतिक तथा सशस्त्र समूह हो । करिब एक साता लामो युद्धका क्रममा हेजबुल्लाहका २१ कमान्डरसहित कम्तीमा २ सय ५० लडाकु मारिएको इजरायल टाइम्सले दाबी गरेको छ । तीमध्ये ५ जना 'ब्रिगेड' तहका कमान्डर रहेका जनाइएको छ । हेजबुल्लाहको आक्रमणमा एक क्याप्टेनसहित ९ जनाको ज्यान गएको आईडीएफले जनाएको छ । आईडीएफले हेजबुल्लाहको क्षेप्यास्त्र तथा रकेट विभागमा निकै ठूलो क्षति पुऱ्याएको दाबी गरेको छ ।

लेबनानी अधिकारीहरूका अनुसार दुई सातायताका आक्रमणमा करिब दुई हजार सर्वसाधारणको ज्यान गइसकेको छ । कम्तीमा ३७ गाउँ र सहरमा गरिएको आक्रमणका कारण झन्डै १२ लाख विस्थापित भइसकेका छन् । यसअघि आईडीएफले दक्षिणी लेबनानको दहियामा गरेको आक्रमणमा १९९२ देखि हेजबुल्लाहको नेतृत्व गरिरहेका हसन नसरल्लाह मारिएका थिए । उनले हेजबुल्लाहको राजनीतिक र सैन्य शक्ति स्थापित गर्न नेतृत्व गरेका थिए । नसरल्लाह मारिएको भोलिपल्ट हेजबुल्लाहको दक्षिणी मोर्चाका कमान्डर नबिल क्वाउक र कमान्डर अलि कराकी पनि मारिएका थिए । त्यसअघि हेजबुल्लाहले सञ्चारका लागि प्रयोग गर्ने पेजरहरू तथा वाकीटकीहरू लेबनानका विभिन्न स्थानमा विस्फोट भएका थिए । ती विस्फोटमा ३७ जनाको ज्यान गएको थियो भने ३ हजार ५ सय घाइते भएका थिए । इजरायली गुप्तचर निकाय 'मोसाद' र आईडीएफले गराएको बताइएको विस्फोटमा ज्यान गुमाउनेमध्ये अधिकांश सर्वसाधारण थिए ।




युद्ध सुरु भएको एक वर्ष पुगेसँगै विश्वभरका प्रमुख सहरहरूमा गाजा र पश्चिम एसियामा जारी रक्तपात अन्त्यका लागि प्रदर्शनहरू भएका छन् । अमेरिकाको न्युयोर्क, क्यानडाको ओटावा, बेलायतको लन्डन, स्कटल्यान्डको एडिनबर्ग, फ्रान्सको पेरिस, जर्मनीको बर्लिन, इटालीको रोम, दक्षिण अफ्रिकाको केप टाउन, इन्डोनेसियाको जकार्ता, मोरक्कोको रबात, फिलिपिन्सको मनिला, पाकिस्तानको लाहोर, भारतको कश्मीरलगायतका सहरमा दसौं हजारले प्यालेस्टाइनको पक्षमा प्रदर्शनहरू गरेका छन् ।

अमेरिकाका विभिन्न सहरमा प्रदर्शनकारीहरूले इजरायलमाथि अमेरिकी प्रशानसको समर्थनविरुद्ध आन्दोलन गरिरहेका छन् । वासिङ्टन र न्युयोर्कमा भएका प्रदर्शनका सहभागीले इजरायललाई दिँदै आएको सैन्य सहयोग रोक्न आग्रह गरेका थिए । न्युयोर्कको टाइम्स स्क्वायरमा प्रदर्शनकारीले 'गाजा, लेबनान फेरि उठ्नेछन्, अमेरिकी जनता तिम्रो साथमा छन्' भन्दै नाराबाजी गरेका थिए । सर्वसाधारणको चर्को विरोध र प्रदर्शनबीच पनि अमेरिकी प्रशासन भने मौन छ ।

यसअघि गत मेमा अमेरिकाभरका प्रमुख विश्वविद्यालयमा प्यालेस्टाइनको समर्थनमा प्रदर्शनहरू भएका थिए । आन्दोलित विद्यार्थीले गाजामा स्थायी युद्धविराम हुनुपर्ने, इजरायललाई अमेरिकाले गरिरहेको सैन्य सहयोग रोक्नुपर्ने, हतियार विक्रेता र युद्धबाट नाफा कमाउने कम्पनीबाट विश्वविद्यालयले वित्तीय सहयोग लिन रोक्नुपर्ने माग राखेका थिए । इजरायलले गाजामा आक्रमण सुरु गरेदेखि अमेरिकी विश्वविद्यालयका विद्यार्थीले युद्धविरोधी प्रदर्शनहरू सुरु गरेका थिए । तर इजरायलको ज्यादती बढ्दै गएपछि ४५ राज्य र वासिङ्टनका एक सय ३० भन्दा बढी विश्वविद्यालयमा विद्यार्थीहरूले अस्थायी शिविर नै खडा गरेर प्रदर्शन गरेका थिए । त्यस्तै, लन्डन र एडिनबर्गमा शनिबार हजारौं प्यालेस्टाइन समर्थकहरूले प्यालेस्टाइन र लेबनान दुवैको झन्डा फहराउँदै ¥याली निकालेका छन् । सहभागीले 'युद्ध गठबन्धन रोक', मध्यपूर्व (पश्चिम एसिया) मा युद्धविराम गर', र 'इजरायललाई हतियार आपूर्ति बन्द गर' लगायतका नारा लगाएका थिए ।

स्कटल्यान्डका फस्ट मिनिस्टर जोन स्विनीले गाजामा तत्काल युद्धविराम गर्न र इजरायलमा बेलायती हतियार निर्यात बन्द गर्न आह्वान गरेका छन् । बेलायती प्रधानमन्त्री केअर स्टार्मरले फेब्रुअरीमा स्कटिस श्रम सम्मेलनमा बोल्दै इजरायल-गाजा द्वन्द्वमा 'स्थायी युद्धविराम' हुनुपर्ने बताएका थिए । तर उनी पछिल्लो समय भने यस विषयमा केही मौन देखिएका छन् । यसै साताको सुरुमा इरानले इजरायलमाथि बलिस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि भने बेलायती रक्षामन्त्री जोन हेलीले बेलायती सेनाले इजरायललाई समर्थन गर्ने बताएका थिए । युद्ध थप चर्कने अवस्था उत्पन्न भएसँगै बेलायती प्रधानमन्त्री स्टार्मरले बेलायती नागरिकहरूलाई लेबनान छाड्न आग्रह गरेका थिए ।

इजरायलको हवाई आक्रमणमा गत सेप्टेम्बर २७ मा हेजबुल्लाह नेता हसन नसरल्लाहको मारिएका थिए । त्यसपछि इजरायलले हेबजुल्लाहविरुद्ध लेबनानमा स्थल आक्रमण सुरु गरेपछि इरानले इजरायली भूमिमा १ सय ८० वटा बलिस्टिक क्षेत्रप्यास्त्र प्रहार गरेको थियो । ती घटनापछि इजरायल, गाजा र लेबनानमा सीमित युद्ध पश्चिम एसियाभर फैलने त्रास बढेको थियो । इजरायलले आफ्ना नागरिकलाई सुरक्षित राख्नका लागि हेजबुल्लाह र हमासजस्ता समूहलाई पूर्ण रूपमा समाप्त गर्नुपर्ने बताउँदै आएको छ । तर पछिल्लो समय यमनी सशस्त्र समूह हुथीले पनि इजरायलविरुद्ध आक्रमण गर्न तयार रहेको चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसंघले पटकपटक गाजा र लेबनानमा युद्धविराम गर्नुपर्ने माग गर्दै आएको छ । तर त्यसको प्रतिक्रियामा इजरायलले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई आफ्नो देश प्रवेशमा रोक लगाएको थियो । 'महासचिव गुटेरेस इजरायलविरोधी भएको र उनले आतंकवादी, बलात्कारी र हत्याराहरूलाई समर्थन गरेको' बताउँदै इजरायली विदेशमन्त्री इजरायल काट्जले गुटेरेसलाई आफ्नो देशमा प्रतिबन्ध लगाएका थिए ।

१० दिनअघि अमेरिका, अस्ट्रेलिया, क्यानडा, युरोपेली संघ, फ्रान्स, जर्मनी, इटाली, जापान, साउदी अरब, संयुक्त अरब इमिरेट्स, बेलायत र कतारले संयुक्त विज्ञप्ति जारी गर्दै गाजामा २१ दिने युद्धविरामका लागि आग्रह गरेका थिए । तर त्यसको प्रतिक्रियामा इजरायली प्रधानमन्त्री नेतान्याहुले लेबनानमा 'पूर्ण शक्तिका साथ आक्रमण जारी राख्न' सेनालाई निर्देशन दिएका थिए । अमेरिकी राष्ट्रपति जो बाइडेन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले युद्धग्रस्त क्षेत्रका सर्वसाधारणलाई घर फर्काउन र सुरक्षा सुनिश्चितता प्रदान गर्न युद्धविराम गर्नुपर्ने बताए पनि नेतान्याहुले उनीहरूको आग्रह अस्वीकार गरिदिएका थिए ।

*(एजेन्सीहरूको सहयोगमा)*

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड KMG KANTIPUR MEDIA GROUP

आवश्यकता

यस पब्लिकेसन्सको लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इन्छुक उम्मेद्वारहरुले निम्न स्थानमा आवेदन दिनुहोस् ।

- काठमाडौं - ३० जना (पुरुष/महिला)
- विराटनगर - १५ जना (पुरुष/महिला)
- भरतपुर - १५ जना (पुरुष/महिला)
- पोखरा - १५ जना (पुरुष/महिला)
- नेपालगञ्ज - १० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मिति:- २०८१ असोज २३ गते

पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगर
धरानरोड, निमुवा, मोरङ
फोन नं.: ९८०२०२८१२३
E-mail: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
कारकादो, भुजईगाउँ, नेपालगञ्ज
फोन नं.: ०८१-५५१०९३
E-mail: ashok.shrestha@kmg.com.np

मध्यमाञ्चल क्षेत्रिय कार्यालय
मिलनचोक, भरतपुर
फोन नं.: ०५६-५१८९००
E-mail: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
चालिसेचोक, पोखरा
फोन नं.: ०६१-५७५६५६
E-mail: shyam.upadhayay@kmg.com.np

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड
कान्तिपुर पब्लिकेसन्स लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

वर्गीकृत डिस्प्ले

भाडामा/बिक्रीमा
काठमाडौं कमलपोखरी अपार्टमेन्टको ७ औं तल्ला भाडामा वा बिक्रीमा । २५०० वर्ग फिट, ४ वेडरुम भएका ।
सम्पर्क नं.: ९८५१२३२७७८

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।







काभ्रेको पनौती–१२ कलाँतीबाट मगर गाउँमा ड्रोनबाट लैजान राहत सामग्री प्याक गरिँदै (तल)। ड्रोनले राहत सामग्री लैजाँदै (माथि बायाँ)। ड्रोनबाट मगर गाउँ पुऱ्याइएको राहत सामान लिँदै 'हाम्रो नेपाल' संस्थाका स्वयंसेवक।

# काभ्रेमा ड्रोनबाट राहत

## ड्रोनका ३० उडानबाट करिब ६ सय किलो राहत सामग्री पनौतीका ८५ परिवारलाई वितरण

**ज्योति श्रेष्ठ** (काभ्रे)

बाढीपहिरोले प्रभावित काभ्रेको पनौती नगरपालिका-१२ स्थित कलाँतीमा ड्रोनबाट राहत सामग्री वितरण गरिएको छ। पहिरोले सडक अवरुद्ध हुँदा कलाँतीको मगर गाउँमा राहत पुऱ्याउन कठिनाइ भएको थियो। आइतबार प्रशासनसँगको समन्वयमा 'हामी नेपाल' संस्थाले ड्रोनबाट राहत सामग्री पुऱ्याएको हो।

मगर गाउँ कलाँतीबाट ४-५ किलोमिटरको उचाइमा छ। एक सातादेखि यहाँका स्थानीयले खाद्यान्न, खानेपानी, बिजुलीको समस्या भोग्दै आएका छन्। वडाभरि भने करिब ३ सय घरपरिवार बाढीपहिरोबाट प्रभावित भएका छन्। 'हामी नेपाल' ले ३ दिनअघि मगर गाउँ पुगेर त्यहाँको स्थिति सर्वेक्षण गरेको र राहत संकलन गरेर ड्रोनमार्फत वितरण थालेको संस्थाका अध्यक्ष सुदन गुरुङले बताए।

'आइतबार खाद्यान्न, सोलार, खानेपानी, बच्चाका सामग्रीहरूसहित एक पटकमा ३५ किलो राहत सामग्री पठाएका थियौं,' उनले भने, 'यहाँबाट पठाएको सामग्री रिसिभ गर्ने टिम माथि मगर गाउँमा हुनुहुन्थ्यो, उहाँहरूले सामान लिएर प्रभावितलाई वितरण गर्नुभएको छ।' ड्रोनबाट आइतबार ३० फ्लाइटमा करिब ६ सय किलो राहत सामग्री मगर गाउँका बाढीपहिरो प्रभावित करिब ८५ परिवारलाई वितरण गरिएको उनले जानकारी दिए।

'हाम्रो सर्वेक्षणमा मगर गाउँमा तत्काल राहतको आवश्यकता देख्यौं। तर, त्यहाँका स्थानीय राहत लिन पैदलै पनि आउन सक्ने स्थिति देखिएन। त्यसैले ड्रोन प्रयोग गर्ने निष्कर्षमा पुगेका हौं,' उनले भने, 'ड्रोन चलाउन र राहत सामग्री वितरण गर्न जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय काभ्रेबाट अनुमति र स्वीकृति लियौं। सर्टिफाइड अपरेटरहरूमार्फत हामीले ड्रोनको परीक्षण गरेर राहत सामग्री वितरण सुरु गरेका हौं।'

गुरुङका अनुसार यो ड्रोन सामान ढुवानीका लागि बनाइएको हो। 'यसको मूल्य करिब १ करोड पर्छ,' उनले भने, 'भौगोलिक रूपमा विकटता ठाउँमा सामान ओसारपसार गर्न बनाइएको हो। विशेष गरेर यस्तै विपद्को समयमा यो उपयोगी हुन्छ।' संस्थाले प्रयोग गरेको उक्त ड्रोन चीनबाट आयात गरिएको हो। 'एयरलिफ्ट टेक्नोलोजी' संस्थाको प्राविधिक सहयोगमा २ जना दक्ष अपरेटरले ड्रोनको सहायताले राहत वितरण गरेको गुरुङले बताए।

उनका अनुसार करिब ३ मिनेटमा ड्रोनले सामान पुऱ्याएर फर्किसकेको थियो। एक पटकमा ३५ किलोसम्मको सामग्री पठाउन सकिने उनले बताए। हाल राहत वितरणमा प्रयोग गरिएको ड्रोनले करिब ४-५ किलोमिटर टाढासम्म सामान बोकेर जान सक्छ। 'ब्याट्रीबाट सञ्चालित हुने यो ड्रोन सामान बोकेर गएकै बेलामा ब्याट्री सकिएमा आफैं सुरक्षित अवतरण गर्न सक्छ,' गुरुङले भने। काभ्रेका अन्य क्षेत्रमा पनि ड्रोनबाट राहत वितरणका लागि सर्भे गरिरहेको उनले जानकारी दिए।

राहत वितरणमा ड्रोनको प्रयोगले धेरै सहज भएको जिल्ला विपद् समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताए। भौगोलिक विकटता भएको स्थानमा यस्ता ड्रोन प्रयोग गर्न सके समयमै प्रभावितले राहत पाउने उनको भनाइ छ। विपद्मा समयमै उद्धार तथा राहत वितरणका लागि ड्रोनको प्रयोग प्रभावकारी देखिएको पनौती नगरपालिकाका प्रमुख रामशरण भण्डारीले बताए। 'पनौतीमा गरिएको अभ्यास निकै नै सराहनीय छ। प्रविधिले उद्धार र राहत वितरणमा सहज बनाएको छ,' उनले भने।

युवाको सक्रियतामा विपद् उद्धार तथा राहत वितरण गर्ने उद्देश्यका साथ 'हामी नेपाल' २०७२ सालमा स्थापना गरिएको थियो। २०७२ सालको भूकम्पपछि नेपालमा भएका हरेक विपद्मा उद्धार तथा राहत वितरणमा सक्रिय रहेको अध्यक्ष गुरुङले बताए। उनका अनुसार, अहिले प्रविधिमा भएको विकासले राहत वितरणमा धेरै सहज भएको छ। '२०७२ सालमा भएको भूकम्पमा धेरै मानवीय तथा भौतिक क्षति भयो,' उनले भने, 'भौगोलिक विकटताका कारण प्रभावितलाई राहत वितरणमा निकै कठिन भएको थियो। गत साल जाजरकोटमा गएको भूकम्प प्रभावितलाई पनि राहत वितरणमा निकै समस्या भएको थियो। घण्टौं हिँडेर, खच्चड चढेर राहतका सामग्री बोकेर त्यहाँ पुगेका थियौं।'

बाढीपहिरोले ठूलो मानवीय र भौतिक क्षति गरेपछि सरकारले काभ्रेका ८ पालिकालाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको छ। संकटग्रस्त क्षेत्रमा प्रभावितलाई राहत वितरण भइरहेको छ। तर, भौगोलिक विकटताका कारण केही स्थानमा राहत वितरणमा कठिनाइ देखिएको छ। बाढीपहिरोका कारण सडक, बिजुली, सञ्चार, खानेपानीलगायत सेवा अवरुद्ध भएको छ, जसका कारण पनि प्रभावितलाई समयमै राहत वितरण गर्न नसकिएको प्रशासनको भनाइ छ।

# पश्चिमी क्षेत्रबाट बाहिरिन थाल्यो मनसुन

काठमाडौं (कास)- नेपालको पश्चिमी क्षेत्रबाट मनसुन बाहिरिन सुरु भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार आइतबार सुदूरपश्चिम प्रदेशबाट मनसुन बाहिरिएको छ भने कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशको पश्चिमी भूभागको थोरै स्थानहरूबाट मनसुन बाहिरिएको छ।

एक साताअघि मात्रै अकस्मात् भारी वर्षा हुँदा काठमाडौं उपत्यकासहित देशका पूर्वी भेगमा बाढीपहिरोले ठूलो क्षति पुऱ्याएकामा दसैं नजिकिँदासमेत पानी पर्न छाडेको छैन। तर, अब दसैंसँगै मनसुन पनि बाहिरिने सम्भावना रहेको मौसमविद्हरूले जनाएका छन्।

विभागका अनुसार मनसुनी वायु कमजोर हुँदै गइरहेको छ। अब केही दिनपछि नेपालको बाँकी भूभागबाट समेत मनसुन बाहिरिने सम्भावना रहेको छ। 'मौसम पूर्वानुमान महाशाखाले नियमित रूपमा मनसुन बहिर्गमन प्रक्रियालाई अनुगमन गरिरहेको छ र यससम्बन्धी थप जानकारी अद्यावधिक गर्दै जानेछ,' विभागले भनेको छ। आइतबार पनि देशभरको मौसममा आंशिकदेखि साधारणतया बदली रह्यो। विभागका अनुसार कोशी, वागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानहरूमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यमसम्म वर्षा भएको छ।

मनसुन कायम रहेको क्षेत्रमा सोमबार र मंगलबार पनि मौसममा आंशिक बदली रहने विभागले जनाएको छ। यो वर्ष गत जुन १० मा मनसुन नेपाल भित्रिएको थियो। विज्ञहरूका अनुसार सरदर मितिभन्दा तीन दिन अगावै मनसुन नेपाल भित्रिएको थियो। नेपालमा औसतमा सरदर १ सय १२ दिन अर्थात् जुन १३ मा सुरु भएर अक्टोबर २ सम्म मनसुन रहने गरेको छ। तर, यो वर्ष केही ढिलो गरी मनसुन बाहिरिन थालेको हो।

भारतीय उपमहाद्वीपमा हुने उच्च तापमानले बंगालको खाडीबाट मनसुनी हावा आउने गर्छ। हिन्द महासागरको पानी बाफ बनेर हावामा मिसिन्छ। बाफसहितको हावा भारत, नेपाल, श्रीलंका र बंगलादेशलगायतका देशतर्फ बहन्छ। तातो हावा चिसिएपछि पानी पार्छ। हिउँदयाममा फेरि हावाको दिशा परिवर्तन हुन्छ र मनसुन हिन्द महासागरतर्फ जान्छ।

> मनसुनी वायु कमजोर हुँदै गइरहेको छ, अब केही दिनपछि नेपालबाटै बाहिरिने सम्भावना छ

मनसुन भन्नेबित्तिकै धेरैले भारी वर्षा सोच्ने गर्छन्। तर, यो हावाको दिशा परिवर्तन मात्रै भएकाले मनसुनले सुक्खासमेत गराउन सक्छ। नेपालको सन्दर्भमा बंगालको खाडीबाट आउने हुँदा जलवाष्पयुक्त हावा धेरै हुन्छ। त्यो हावा चिसिएपछि बदली र वर्षाको सम्भावना धेरै रहन्छ। यो वर्ष मनसुनमा काठमाडौं उपत्यकासहित देशका २५ स्थानमा नेपालमा वर्षा मापन सुरु भएयताकै सबैभन्दा बढी वर्षा मापन भएको छ।

# न्याम्सअन्तर्गत शिक्षक दरबन्दी थप्ने निर्णय

काठमाडौं (कास)- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान न्याम्सले प्रतिष्ठानअन्तर्गतका सरकारी मेडिकल तथा नर्सिङ कलेजमा पोस्ट ग्र्याजुएट चिकित्सक तथा नर्स अध्यापनका लागि आवश्यक शिक्षक दरबन्दी स्वीकृत गरेको छ।

प्रतिष्ठानका सहकुलपति स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा आइतबार बसेको ३१औं सिनेट बैठकले यस्तो निर्णय गरेको हो। मन्त्री पौडेलले गत साउन २७ गते सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा दक्ष चिकित्सक अभाव कम गर्न सरकारी मेडिकल कलेजहरूमा पोस्ट ग्र्याजुएट विद्यार्थीको कोटा थप्न पहल गर्ने उल्लेख गरेका थिए।

बैठकमा मन्त्री पौडेलले देशमा दक्ष चिकित्सक अभाव कम गर्न यो निर्णय ऐतिहासिक हुने विश्वास व्यक्त गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि प्रतिष्ठानलाई निर्देशन दिए। यससँगै अब देशैभरका सरकारी चिकित्सा तथा नर्सिङ कलेजमा चार सयसम्म पोस्ट ग्र्याजुएट विद्यार्थीलाई थप अध्ययन गराउन सकिने प्रतिष्ठानका उपकुलपति प्राध्यापक डाक्टर भूपेन्द्रकुमार बस्नेतले जानकारी दिए।

हाल प्रतिष्ठानमार्फत शैक्षिक आबद्धता लिएका सरकारी मेडिकल तथा नर्सिङ कलेजहरूमा एक सय १२ जना विद्यार्थी वार्षिक रूपमा पोस्ट ग्र्याजुएट अध्ययन गरिरहेका छन्।

# दाउन्नेमा थप सास्ती

## पूर्वपश्चिम राजमार्गअन्तर्गत दाउन्ने खण्डमा सडक भासिँदा यात्रु घण्टौं जाममा

**नवीन पौडेल** (परासी)

नवलपरासीको बर्दघाट नगरपालिका-४ खुसार्नी खोलामा गत सोमबार पूर्वपश्चिम राजमार्ग भासियो। भासिएको सडकभन्दा माथि रहेका बिजुलीको हाइटेन्सन लाइनका पोल पनि ढले। दसैंको मुखमा राजमार्ग बन्द भएपछि रातारात मर्मत गरेर भोलिपल्ट बिहानैबाट एकतर्फी यातायात सञ्चालनमा ल्याइयो। तर, सवारी चापले दाउन्ने खण्डको दुम्कीबासदेखि बर्दघाटसम्मको करिब १५ किलोमिटर दूरी पार गर्न चार घण्टा लाग्यो।


सडक विभाग र स्थानीय प्रशासनले असोज १५ मा राति १० बजेदेखि असोज १६ गते बिहान ५ बजेसम्म आवागमन नै बन्द गरेर सडक मर्मत गऱ्यो। त्यसपछि केही सहज भएको आवागमन फेरि उस्तै भएको छ। शुक्रबार साँझ सोही स्थानमा सडक भासिएपछि यातायात आवागमन प्रभावित बनेको छ।

भासिएको सडकलाई पुरेर शुक्रबार मध्यरातिबाट हलुका सवारीसाधन सञ्चालनमा आए पनि ठूला र बढी भार भएका साधन सञ्चालन भएलगत्तै फेरि राजमार्ग भासिएपछि एकतर्फी बनेको थियो। आइतबार बिहानबाट मात्रै उक्त खण्डमा दुईतर्फी यातायात सञ्चालनमा आए पनि जोखिम कायमै छ। अकस्मात् सडक खुल्ने र बन्द हुने क्रमले यात्रु र चालकले सास्ती खेपिरहेका छन्। कति बेला ट्राफिक जाम भएर घण्टौं रोकिनुपर्ने हो यकिन छैन।

कावासोती-१७ का कमलराज जैसी पूर्वी नवलपरासीको डन्डाबाट पश्चिम नवलपरासीको भुमहीका लागि शनिबार बिहान ११ बजे गाडी चढे। दाउन्नेमा ट्राफिक जाम भए पनि एकतर्फी सञ्चालनमा आएको थाहा पाएपछि हिँडेका जैसीलाई ६० किलोमिटर सडक पार गर्न ६ घण्टा लाग्यो। श्रीमती र छोराछोरीसहित यात्रामा निस्किएका उनले यो खण्डमा अहिलेसम्म यस्तो दुःख नपाएको सुनाए।

नारायणगढ-बुटवल सडक विस्तारका क्रममा खनिएको खाडल, धूलो र हिलोले गर्दा यसै पनि यो सडकखण्डको यात्रा कष्टकर छ। त्यसमाथि घण्टौंसम्म ट्राफिक जाममा पर्नुपर्ने समस्याले यात्रु आजित हुनुपरेको विनयीत्रिवेणी-२ दाउन्नेकी अंशु भट्टराईले बताइन्। 'दाउन्नेबाट बर्दघाटसम्मको ७ किलोमिटर पार गर्न दुई घण्टा लागिरहेको छ, लामो दूरीका यात्रुलाई निकै दुःख छ,' उनले भनिन्, 'दुईतर्फ पहाड र जंगल भएको स्थानमा जाममा परेका यात्रुले पानी, खाजासमेत पाउँदैनन्।'

पूर्वपश्चिम राजमार्गको दाउन्ने क्षेत्रको १५ किलोमिटर खण्डमा बेलाबेला सडक भासिने र पहिरो जाने भइरहेको छ। अरू बेला पनि यो खण्डमा एउटा सवारी बिग्रिँदा एकतर्फी यातायात सञ्चालन हुने अवस्था हुन्छ। पहिरो जाने, सामान्य वर्षाले पनि अचाक्ली हिलो हुने भएकाले सवारी चिप्लिने समस्या छ। राजमार्ग विस्तार सुरु भएयता यो समस्या बढ्दै गए पनि चाडबाड तथा बढी सवारीसाधनको चाप हुने बेलासमेत समस्या समाधानको प्रयास नभएको यात्रु र चालकहरूको गुनासो छ।



बुटवल-नारायणगढ सडकखण्ड विस्तार पश्चिम खण्डका प्रमुख शशांक मिश्र पानी परेपछि माटो कमलो हुनु र त्यहीमाथि पानी जमेर रसाउँदा पटक-पटक सडक भासिएको बताउँछन्। 'दुई/तीन दिनसम्म ठूलो वर्षा भयो, सडकको माथिल्लो भागमा पानी जमेको छ,' उनले भने, 'भीरतर्फ सडक भासिएको हो। अहिले हामीले जमेको पानी हटाउने काम गरेका छौं।'

पश्चिम नवलपरासीकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले मुख्य राजमार्गमा यातायात सञ्चालनमा समस्या आउनेबित्तिकै सडक विभाग, सुरक्षा निकाय र सडक विस्तारको जिम्मा लिएको चाइना स्टेट कर्पोरेसनको सहयोगमा तत्काल मर्मत गरेको बताइन्। पूर्वपश्चिम राजमार्गअर्न्तगत बुटवलदेखि नारायणगढ सम्मको १ सय १३ किलोमिटर खण्डको काम सुस्त गतिमा छ। यो राजमार्गलाई बजार क्षेत्रमा ६ लेन र बस्ती नभएको क्षेत्रमा ४ लेन बनाउन लागिएको हो। १७ अर्ब रुपैयाँ लगातमा २०७५ चैत ८ मा काम सुरु भएर २०७९ साउन २२ भित्र निर्माण सम्पन्न हुनुपर्ने यो सडकको काम अहिलेसम्म ५३ प्रतिशत मात्रै भएको नारायणगढ-बुटलल सडक विस्तार आयोजना कार्यालयले जनाएको छ। विस्तारको जिम्मा लिएको चाइना स्टेट कर्पोरेसनले विभिन्न बहाना बनाउँदै काममा ढिलासुस्ती गर्दा खाल्डाखुल्डी, धूलो र हिलोले अन्य समयमा पनि सवारी सञ्चालनमा सास्ती हुँदै आएको छ।

# नौ दिनपछि खुले हेटौंडा-काठमाडौंका दुई सडक

**प्रताप विष्ट** (हेटौंडा)

बाढीपहिरोका कारण नौ दिनदेखि अवरुद्ध हेटौंडा–भीमफेदी–कुलेखानी–फाखेल–फर्पिङ र हेटौंडा–भीमफेदी–कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक सञ्चालनमा आएका छन्। वागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय, प्रहरी-प्रशासन र स्थानीय एवं जनप्रतिनिधिको सक्रियतामा मर्मतसम्भार गरेर यी सडक सञ्चालनमा ल्याइएको हो।

काठमाडौं र हेटौंडा जोड्ने दुवै सडकका विभिन्न खण्डमा असोज ११ र १२ को अविरल वर्षापछि पहिरो खसेको थियो भने कतिपय ठाउँमा बाढीले सडक बगाएको थियो। दक्षिणकाली–सिस्नेरी–कुलेखानी सडक आइतबार दिउँसो खुलेको हो। फर्पिङ–फाखेल–कुलेखानी सडक शनिबारदेखि नै सञ्चालनमा आएको थियो। कुलेखानी जलविद्युत् आयोजनाको बाँधमुनिको पुलको दुवैतर्फ पहुँच मार्ग बाढीले बगाएर गहिरो बनाएको थियो। त्यस स्थानमा डाइभर्सन बनाएर सडक सञ्चालनमा ल्याइएको छ। 'सडकको अवरोध पन्छाउन र सडकको पुनर्निर्माण सुरु गरेको एक सातामै सवारी साधन पुनः सञ्चालन गराउन सकेका छौं,' यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका निर्देशक पुष्करराज पोखरेलले भने।

हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने छोटो दूरीका यी वैकल्पिक सडक र कान्ति लोकपथ बाढीपहिरोले क्षतिग्रस्त बनाएपछि त्रिभुवन राजपथ हुँदै चित्लाङ-चन्द्रागिरि सडकमा सवारीसाधनको चाप बढेको थियो। हेटौंडालाई राजधानी जोड्ने छोटो दूरीको वैकल्पिक मार्ग सञ्चालनमा आउनेबित्तिकै त्रिभुवन राजपथमा सवारी चाप घटेको छ।



सम्पादकीय

# पाइलटको उमेरहद ६५ वर्ष, क्याबिन क्रुको ४५ मात्र किन ?

नेपाल वायुसेवा निगमका 'क्याबिन क्रु' (विमान परिचारिका र परिचारक) ले गरेको हडताल स्थगित भएको छ र रोकिएका अन्तर्राष्ट्रिय उडान पनि आआफ्नो गन्तव्यमा उडेका छन् । सतहमा हेर्दा यो विषय समाधान भएजस्तो देखिएको छ तर हडतालले उठाएका मुद्दा भने निकै गम्भीर छन् जसका विषयमा राज्य र समाजले बहस गर्नुपर्नेछ । खासगरी 'क्याबिन क्रु' का सदस्यको उमेरहद ४५ मात्र किन राखिएको हो ? प्राविधिक पक्षको जिम्मेवारी लिएर उडानको नेतृत्व गर्ने विमान चालकको उमेर ६५ वर्ष भए पनि हुने र परिचारिका/परिचारकको उमेर भने ४५ भन्दा माथि हुन नहुने नियम केका आधारमा बनाइएको हो ? मन्त्रीले अहिले गरेको प्रतिबद्धताअनुसार उमेर ५० पुऱ्याउनासाथ 'क्याबिन क्रु' (खासगरी महिला) माथि भएको संस्थागत विभेदको अन्त्य हुने हो ? यी प्रश्नको जवाफ नखोजेसम्म निगम र यस्ता पेसागत क्षेत्रमा महिलाले व्यावसायिक जनशक्तिका रूपमा पाउने सम्मान कठिन भइरहनेछ ।

नेपालमा पाइलटले ५८ वर्षमा अवकाश पाउँछन् । तर, त्यसपछि पनि करारमा थप सात वर्ष काम गर्न सक्छन् । यसरी विमान उडाउने व्यक्ति ६५ वर्षसम्म फिट रहन सक्छ भने विमान परिचारिका/परिचारक ४५ वर्षमै कसरी अनफिट हुन्छन् ? नेपालको अन्य कुनै पनि सेवामा ४५ वर्षको हदम्याद छैन । ४५ वर्ष नै उमेर तोक्नु भनेको महिलालाई उनको ज्ञान र सीपका आधारमा होइन, उनको रूप र शरीरका आधारमा मात्र नियुक्त गरिएको हो भन्ने बुझिन्छ । राज्यबाटै सञ्चालित निगमले नै महिलालाई उनको शरीरका आधारमा व्यवहार गर्नु सर्वथा आलोचनायोग्य छ । पुरुष जसरी आफ्नो व्यावसायिक सीपका कारण जागिरमा योग्य मानिन्छन्, महिला पनि त्यही सम्मानका हकदार हुन् । अन्य कुनै कारणले अवकाशमा पठाउनुपर्ने अवस्था नआएसम्म उमेरका कारणले मात्र घर पठाउने प्रचलन अन्त्य हुनुपर्छ, मन्त्रीले भनेजस्तै 'क्याबिन क्रु' को उमेर ५० वर्ष नै पुगे पनि त्यो विभेद नै हो । कतिपय देशमा यस्तो उमेरहद छ भन्ने दाबी गरिन्छ । तर, यस्तो प्रावधान बदलिँदो चेतना र हाम्रै संविधान तथा कानुनले निश्चित गरेको सम्मानको हकको पनि बर्खिलाप हो ।

निगमका कर्मचारीको सेवा, सर्त सम्बन्धमा विनियमावलीले नै 'क्याबिन क्रु' माथि अन्याय गरेको छ । सहायक पाँचौं तहको यो पदमा भने करारमा मात्र भर्ती गर्ने नियम छ । स्थायी संरचना र उद्देश्यका साथमा सञ्चालित निगमले सारा कर्मचारीलाई स्थायी सेवामा भर्ना गर्छ भने 'क्याबिन क्रु' लाई मात्र तीनदेखि पाँच वर्षको सेवाका लागि करारमा नियुक्त गर्नु आफैंमा गम्भीर विभेद हो । हरेक तीन वा पाँच वर्षपछि नयाँ करार हुन्छ कि हुँदैन भन्ने अन्योलले 'क्याबिन क्रु' आफैंले सधैं असुरक्षित महसुस गर्नुपर्ने अवस्था छ । निगमलाई आवश्यक पर्ने 'क्याबिन क्रु' पनि लोक सेवामार्फत पूर्ति गर्ने व्यवस्था पारदर्शी, सम्मानजनक र सुरक्षित हुन सक्छ । तर, विधिको बन्धनमा नबसी करार गर्ने वा नगर्ने अधिकार आफैंसँग राख्दा व्यवस्थापनको अधिकार त बलियो देखिएला तर यस्तो तजबिजले सार्वजनिक संस्थानलाई भने कमजोर बनाउँछ जसरी निगमलाई बनाइरहेको छ ।

'क्याबिन क्रु' लाई करारमा नियुक्त गर्ने र उनीहरूका कानुनी अधिकारलाई निषेध गर्ने अभ्यासले यसअघि पनि समस्या ल्याएको हो । २०७९ मा पनि यस्तै परिस्थितिले उडान प्रभावित भएका थिए । त्यतिबेला करारबाट दुई जना परिचारिकालाई निकालिएपछि उनीहरूको निरन्तरता तथा सबैको जागिरको सुरक्षाको माग राखेर परिचारिका तथा परिचारकहरू विरोधमा उत्रिएपछि अन्तर्राष्ट्रिय उडान प्रभावित बनेका थिए । तत्काललाई थामथुम पारिए पनि दिगो समाधान नखोजिएकाले अहिले त्यही अवस्था दोहोरिएको हो । असन्तुष्टहरूले रिट दायर गरेकामा सर्वोच्च अदालतले सेवा सुविधामा विभेद नगर्न भन्दै निगमका नाममा गत पुसमा अन्तरिम आदेशसमेत दिएको थियो । तर, विभेद कायम रहेको भन्दै उनीहरूले निगम परिसरमा व्यवस्थापनविरुद्ध सांकेतिक विरोध प्रदर्शन गरेका थिए । तर पनि समस्या समाधान भएन । कर्मचारीले उठाएका मागको सम्बोधन गर्न समय छँदासम्म निगम नेतृत्वले जरुरी ठानेन । त्यसैले उडान पुनः अवरुद्ध भए । यसले ती चार उडानबाट यात्रा गर्ने सयौं यात्रुले अन्योल र हैरानी बेहोर्नुपऱ्यो । यहाँबाट उडेर अर्को विमान भ्याउनुपर्ने यात्रुले उताको समेत उडान छुटाउनुपरेको हुन सक्छ । विभिन्न देशमा रहेका र दसैंका बेलामा नेपाल वायुसेवा निगमकै विमानबाट फर्किन चाहेका यात्रुले पनि अलपत्र हुनुपऱ्यो । सधैंभरि अविश्वसनीय संस्थाको पहिचान बनाएको निगम व्यवस्थापनका लागि पछिल्लो घटना पनि नयाँ नलाग्न सक्छ तर यस्तो बेथितिले सो संस्थाको आन्तरिक मात्रै नभएर देशकै छवि पनि थप धुमिल बनाउँदै लगेको छ ।

आफ्ना माग पूरा गराउन जहाज नै रोक्ने प्रवृत्तिलाई कुनै पनि मानेमा प्रोत्साहित गर्न सकिँदैन । चार वटा अन्तर्राष्ट्रिय उडान प्रभावित हुँदा निगमको मात्र होइन, देशकै साख मलिन भएको छ । नागरिक उड्डयनजस्तो अत्यावश्यकीय र संवेदनशील पेसामा भएका जनशक्तिको विवेकमाथि अवश्य पनि प्रश्न उठ्छ । असहयोगका आफ्ना कार्यक्रमलाई कुन बिन्दुसम्म लैजाने भन्नेमा कुनै पनि जिम्मेवार जनशक्ति संवेदनशील बन्नुपर्छ । आफूहरूको न्यायोचित माग पूरा गर्न दबाब दिँदा लिइने हरेक कदमको जवाफदेहिताको खोजी हुन्छ भन्ने 'क्याबिन क्रु' ले बुझ्नुपर्छ । उता, जहाज रोकिएको १२ घण्टामा मन्त्रीले नै सम्बोधन गर्न सक्ने यी विषय वर्षौंसम्म किन थाती राखिएको थियो ? प्रश्न यो पनि गम्भीर छ । किनकि यो विषय अचानक शुक्रबार उठेको होइन । सामान्य संवाद र पहलकदमीबाट सहजै टुंग्याउन सकिने विषयलाई लम्ब्याएर जटिल बनाउने र नकारात्मक परिणाम भोगेपछि मात्र जागरुक हुने प्रवृत्तिले नै निगमजस्ता सार्वजनिक संस्थान जीर्ण भएका हुन्, अहिलेको पाठबाट सिक्न सके भविष्यमा यस्तो अवस्था दोहोरिने छैन ।

# अभिभावक बन्न चुकेका 'ओली बा'



राजाराम गौतम



प्रधानमन्त्री केपी शर्मा ओलीलाई एमालेहरू 'बा' भन्ने गर्छन् । आफ्ना कार्यकर्ता पंक्तिले 'बा' भनेको उनलाई औधि निको लाग्छ । 'बा' पदवीबाट विभूषित भएपछि उनी यति धेरै हौसिए कि, उनले त्यसको 'ब्रान्डिङ' गर्दै पुस्तक प्रकाशन गरे, युट्युब च्यानल चलाए । लेख लेख्दा ओली 'प्रिय छोराछोरी' भनेर सुरु गर्छन् । एमालेहरूका 'ओली बा' यतिखेर सकल नेपालीजनका अभिभावक हुन् । चौथो पटक प्रधानमन्त्री भएर सारा देशवासीको अभिभावक बनेका उनको अभिभावकीय भूमिकामा प्रश्न उठेको छ ।

एमालेमा 'ओली बा' प्रश्नभन्दा माथि छन् । त्यहाँ उनलाई प्रश्न सोध्ने हिम्मत गरिँदैन । तर, एमाले वृत्तबाहिर उनी न प्रश्नबाट माथि छन्, न त मुक्त नै । मुलुकमा प्राकृतिक विपत्ति आइपर्दा जिम्मेवारीबाट च्यूत भएपछि उनीसामु असन्तुष्टि र प्रश्नको ओइरो लागेको छ । ओलीको शासकीय योग्यता र कार्यशैलीमाथि यसअघि पनि प्रश्नहरू उठेकै हुन् । अहिलेचाहिँ बाढी पहिरोको वितण्डामा परेर आहत भएका सर्वसाधारण जनताले सहयोगको आसमा अभिभावक खोज्दा नभेटेपछि उनी प्रश्नको घेराबन्दीमा परेका हुन् ।

## प्रश्न–प्रतिप्रश्न

मूलतः ओलीसामु दुई गम्भीर प्रश्न उठे । यी प्रश्नले अरू अनेक पूरक प्रश्नहरू जन्माएको छ । ओलीमाथि उठेको पहिलो प्रश्न हो, जल तथा मौसम विज्ञान विभागको 'रेड एलर्ट' सूचनापछि ओली किन 'एलर्ट' भएनन् ? सरकारले नागरिकलाई सम्भावित प्रलयको सूचना जारी गरेर जनाउ त दियो, नक्सामार्फत 'रेड एलर्ट' क्षेत्रहरूको जानकारी पनि दियो तर आफैं 'एलर्ट' हुन सकेन । प्रधानमन्त्री ओली संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जानुपूर्व नै त्यस्तो अनुमान गरिएको थियो । सम्भावित प्रलयको जोखिम अवगत भएका ओलीले त्यसबाट जोगिन मातहतका निकायलाई चनाखो र तयारी अवस्थामा रहन के निर्देशन गरेका थिए ?

प्रधानमन्त्री भएदेखि नै शृङ्खलाबद्ध निर्देशनमा रमाउँदै आएका उनले गृह प्रशासनलाई विपद्को सामना गर्ने बलियो तयारी गर्न निर्देशन दिन किन बिर्सिए ? उपप्रधानमन्त्री प्रकाशमान सिंहलाई कार्यवाहक दिँदै गर्दा आफ्नो अनुपस्थितिमा शासकीय उपस्थिति तलवितल नहोस् भनेर निर्देश गर्न किन सकेनन् ? मनमौजी सम्मान र सत्कारमा रमाएका मुख्यसचिव एकनारायण अर्याललाई अह्राउन किन सकेनन् ? मन्त्रिपरिषद्का सदस्य र सरकारका उच्च अधिकारी यसबीच जो-जो जहाँ-जहाँ चुके, ती सबैमाथि प्रश्न उठ्दा त्यसको नैतिक दायित्व प्रधानमन्त्रीको पनि हो । सम्भावित प्रलयको सूचनाप्रति गम्भीर र 'एलर्ट' नहुनुले ओलीको बेपर्वाह प्रवृत्ति उजागर भयो र उनी प्रश्नहरूले घेरिए ।

दोस्रो, प्रलय आइसकेपछि जोखिम न्यून गर्न मूल अभिभावकबाट जुन तदारुकता र सक्रियता अपेक्षित हुन्छ, त्यसमा किन चुकेको ? ओलीले प्रस्टीकरण दिएका छन्, 'बाढीपहिरोले विनाश पारेको थाहा पाएपछि देश फर्किहालेको हो । तर, बाटोमा समय लाग्यो ।' ओलीको यो प्रस्टीकरणपछि पनि प्रश्नहरू उठेका छन् । जस्तो कि, के संयुक्त राष्ट्रसंघ महासभामा भाग लिन जानैपर्ने अनिवार्य थियो ? परराष्ट्रमन्त्री वा कतिपय सन्दर्भमा राजदूतले नै यो कार्यक्रममा सहभागिता जनाएको दृष्टान्त छन् । राष्ट्रमा संकटको पूर्वानुमान हुँदाहुँदै लामो विदेश यात्रामा निस्किनु के विवेकपूर्ण निर्णय थियो ?

एकथरीले यस्तो प्रश्न उठाइरहँदा अर्को कोणबाट 'भ्रमणमा ननिस्किनु निस्किसकेपछि भ्रमण छोट्याएर फर्कनुपर्थ्यो' भन्नेहरू पनि छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी महासभालाई सम्बोधन गरी, महत्त्वपूर्ण भेटघाटहरू सकेर तीन दिनमा फर्किएको नजिर सार्दै ओलीमाथि प्रश्न गरियो, 'दसदिने यात्राको औचित्य पुष्टि हुन्छ ?' ओलीले बिच्किँदै कटाक्षमिश्रित प्रतिप्रश्न गरे, 'भैंसी दोएर दूध ल्याएजस्तो हो र ?' उनको अर्को अभिव्यक्ति झन् गैरउत्तरदायी थियो, 'बाढीपहिरोबारे रेड एलर्ट गरे पनि कहाँ-कहाँ पहिरो जान्छ भनेर एलर्ट गरिएको थियो र थाहा पाउनु ?'

## शासक कि अभिभावक ?

राष्ट्रिय संवेदनशीलतालाई ख्यालै नगरी रूखो व्यवहार प्रदर्शन गर्दा ओली राष्ट्रका अभिभावक होइन, फगत शासकमा सीमित भएका छन् । शासकहरू हैकमवादी हुन्छन् । नियन्त्रणमुखी हुन्छन् । ती नागरिकलाई अदबमा राख्न चाहन्छन् । नागरिक पंक्तिचाहिँ राज्यसत्ताको बागडोरमा एक जना योग्य अभिभावक होस् भन्ने चाहना राख्छ । ओली संसदीय अंकगणितले सुसज्जित छन्, सुरक्षित छन् । दुई तिहाइ समर्थनको 'दम्भ' छ, उनमा । तर, के उनी आमजनले स्विकारेका 'अभिभावक नेता' हुन सके ? अभिभावकबाट आस गर्ने संरक्षण र आडभरोसाको हो । तर, ओली विपद्का बेला संकट भोगिरहेका नेपालीजनको आडभरोसा हुन सकेनन् । यतिबेला ओली सरकारको नियति सन् १९५७ मा साहित्य विधाका नोबेल पुरस्कार विजेता एक जना फ्रेन्च दार्शनिक/पत्रकार अल्बर्ट क्यामुले भनेजस्तै छ, 'परिभाषाअनुसार सरकारको कुनै विवेक हुँदैन । कहिलेकाहीं यसको नीति हुन्छ तर अरू केही हुँदैन ।'

अमेरिका भ्रमणबाट फर्केपछि ओली चुप लागेर बसेका छैनन् । विमानस्थलबाट ओर्लंदा ओर्लंदै उनले देखाएको शासकीय रवाफको चौतर्फी आलोचना भएपछि भोलिपल्टै उनले त्यसलाई केही हदसम्म सच्याउन खोजे । पत्रकार सम्मेलन गरेर सरकारले विपद्को आवश्यक तयारी गर्न नसकेको भन्ने उनको स्वीकारोक्ति खासमा अघिल्लो दिनको रूखो व्यवहार सच्याउने प्रयत्न थियो । उनले मात्रै कमजोरी स्विकारेको होइन, गृह प्रशासनले पनि चुक भएको स्विकाऱ्यो । ओलीले क्याबिनेट बैठक राखेर बाढीपहिरोमा मारिएका व्यक्तिका परिवारजनलाई दुई-दुई लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गरे । तीन दिन राष्ट्रिय शोकको घोषणा गरे । मन्त्री, प्रधानमन्त्रीको एक महिनाको तलब राहत कोषलाई दिने निर्णय गरे । विपद् राहत कोषमा रकम जम्मा गर्ने कामलाई तीव्रता दिइएको छ । ओलीले राहत र पुनःस्थापनालाई तीव्र पार्दै अवरुद्ध आवागमन खुलाउन लागिपर्न सम्बद्ध निकाय र अधिकारीलाई निर्देशन दिएका छन् । तर, के यसले ओलीको असंवेदनशील अभिव्यक्ति र अनुदार व्यक्तित्व फेरिएको अनुभूति जनमानसले गरेका छन् ? गुम्दो अभिभावकीय भूमिकाप्रति उनले विश्वास जगाउन सकेका छन् ? अधिकांशको बुझाइ एउटै छ, उनले जे गरिरहेका छन्, त्यो 'कर्मकाण्ड' मात्रै हो ।

खासमा यस्ता राष्ट्रिय विपद्हरू आइपर्दा सरकारमा ओली होऊन् वा अर्को कोही, सरकारले गर्ने कर्मकाण्ड नै हो । सरकारहरू संकटमा परेका आमजनको सारथि कमै अवस्थामा बन्छन् । राष्ट्रिय विपत्ति परेपछि सामान्यजनको धनजनमा क्षति पुग्छ । सरकारहरू हतारिएर औपचारिक हुन्छन् र दुःख व्यक्त गर्छन् । नागरिकहरू मारिन्छन्, समवेदना प्रकट गरिन्छ । एउटै मुद्दा र विषयमाथि कर्मकाण्ड पूरा गर्न दर्जनौं बैठक बसिन्छन् । निर्णयहरू दोहोरिन्छन् । राहतका लागि कोष स्थापना गरिन्छन् । राहत र पुनःस्थापनाका प्याकेज पीडितसमक्ष लैजाने योजना बन्छ, लगिन्छन् । तर, कार्यान्वयन चित्तबुझ्दो हुँदैन । राहत र पुनःस्थापनामा राजनीतिक रंग मिसिन्छ । कोषको सदुपयोग भएको हो वा दुरुपयोग ? प्रश्न र विवाद जन्मिन्छन् । विपद्का बेला मोटामोटी हुने यही हो ।

> विपद्का बेला राष्ट्रिय संवेदनशीलतालाई ख्यालै नगरी रूखो व्यवहार प्रदर्शन गर्दा ओली राष्ट्रका अभिभावक होइन, फगत शासकमा सीमित भएका छन् ।

अहिले पनि सरकारले केही नै नगरेको त कहाँ हो र ? यद्यपि, दसैंको मुखमा बाढीपहिरोको कहरमा परेका सामान्यजनले राहत अनुभुत गर्न पाएनन् । सरकारको प्रयत्न न चुस्त न पर्याप्त रह्यो । यस्तो विपद्को व्यवस्थापनमा मूल नेतृत्व कति विवेकी छ, त्यसले पनि अर्थ राख्छ । कटाक्षका 'ब्रान्ड एम्बेसडर' ओलीले विवेक प्रदर्शन गर्न सकेको भए सम्भवतः विपत्तिमा परेका सामान्यजनले सरकार भएको अनुभूति दिलाउन सक्थे, ढाडस दिन्थे र अभिभावकीय संवेदनशीलता देखाउन सक्थे । ठीक उल्टो उनी शासकका रूपमा पेस भए । लोकतान्त्रिक पद्धतिमा एउटा असल नेताले सरकारको बागडोर सम्हाल्दा योग्य अभिभावक बन्न सक्छ भने विवेक गुमाउँदा शासक । ओली शासक बनेका छन् ।

## उत्कर्षपछि ओरालो

पहिलो पटक प्रधानमन्त्री बन्दा यिनै ओली एक कुशल 'राजनेता' बन्न सक्ने सम्भावना लिएर उदाएका थिए । ओलीले राजनीति थालेको पाँच दशक पनि नाघ्यो । यसबीच ओलीको राजनीतिक उत्कर्ष २०७२ पछिका केही वर्ष हुन् भन्दा अत्युक्ति हुँदैन । खासमा ओलीको राजनीतिक जीवनको सार खिच्दा उनी एमालेभित्र 'खुराफात र गुटबन्दी' गर्ने नेताका रूपमा धेरै समय चिनिए । कहिले मदन भण्डारी त कहिले माधव नेपाललाई सघाउँदै पार्टी सत्तामा पकड जमाएका ओली २०७१ मा भएको एमालेको नवौं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित भएर 'फस्ट म्यान' बनेका हुन् । त्यसअघि नै पार्टीको संसदीय दलका नेता बनिसकेका उनी २०७२ असोजमा पहिलो पटक प्रधानमन्त्री बने ।

यही समयमा हो, ओलीले आफूलाई एउटा आसलाग्दो नेताका रूपमा अघि सारेको । उनी प्रधानमन्त्रीको कुर्सीमा बस्दा त्यो 'हटसिट' मा टिक्नु चानचुने चुनौती थिएन । मुलुकको राजनीति अत्यन्त प्रतिकूल थियो । नेपालको संविधान निर्माणलाई लिएर भूराजनीतिक चलखेल बढेका थिए । खासगरी छिमेकी भारतको चासो देखिने तहमै थियो । उसले संविधान घोषणाको मिति सार्न अनेक प्रयत्न र प्रपञ्च गऱ्यो । तर, राजनीतिक दलहरू त्यसका लागि तयार भएनन् । ओलीले अगुवाइ गर्दै दलहरूबीच १६ बुँदे समझदारी निर्माणको भूमिका खेले र संविधान जारी भयो । भारतले यसमा चीनको प्रभाव देख्यो र चिढिएर नाकाबन्दी गर्ने तहमा ओर्लियो । मधेशमा आन्दोलन, भारतको नाकाबन्दी, काठमाडौंमा हाहाकार मच्चिँदा ओलीले त्यो प्रतिकूल समयमा एउटा कुशल नेताको भूमिका खेले । त्यो बेला ओली साँच्चिकै देशका अभिभावक बन्न सकेका थिए । चीनसँग पट्रोलियम ढुवानीसँगै पारवहन सम्झौता गरेर नेपालको विदेश नीतिमा नयाँ आयाम थपेपछि, कालापानीमा भारतले हडपेको जमिनसहितको नक्सा जारी गरेपछि ओलीले भरपर्दो नेताको छवि बनाएका थिए ।

त्यही छविका कारण उनले पटक-पटक मुलुकको नेतृत्व गर्ने अवसर पाए । दोस्रो पटक प्रधानमन्त्री हुँदा उनीसामु पहिलो पटक जस्तो प्रतिकूलता थिएन । अनुकूलता र अवसर मात्रै थियो । बलियो कम्युनिस्ट पार्टी, दुई तिहाइको सरकार अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुकूल परिवेश । तर, शक्तिको असीमित भोक, अहंकार, गुटबन्दी, भनाइ र गराइमा आकाश-जमिनको अन्तर, असंवैधानिक बाटो अख्तियार गर्दै अघि बढेर उनले आमजनमा बनेको आफूप्रतिको भरोसा आफैं तोडे । अहिले पनि ओली नेपाली राजनीतिका एक प्रभावशाली खेलाडी हुन् । तलैसम्म जरा गाडेर बलियो संगठन भएको एमालेका प्रमुख नेता हुन् । उनीसँग संसद्मा ठूलो दल कांग्रेसको साथ र समर्थन पनि छ । त्यसैको बलमा उनी गठबन्धन सरकारको नेतृत्वमा छन् । तर, दुर्भाग्य के छ भने, संसदीय गणितको टेकोमा उभिएको उनको नेतृत्वप्रति आमजन विश्वस्त छैनन् । राजनीतिक नेतृत्वलाई संकटले परीक्षण हुने अवसर दिन्छ । संकटको घडीमा खरो उत्रन सके एउटा नेता, सबैको सर्वस्वीकार्य असल अभिभावक बन्न सक्छ । राष्ट्रिय विपत्तिले ओलीलाई फेरि त्यस्तो अवसर दिएको थियो । तर उनले आफूलाई आमजनको अभिभावक प्रमाणित गर्न सकेनन्, चुके ।

त्यसो त ओली मात्रै होइन, नेपाली राजनीतिमा एउटा सिङ्गो पुस्ता सरकार सञ्चालनमा नाकाम भएको छ । स्थापित र पुराना दलका दोस्रो पुस्ता अवसरवादमा लिप्त छ, जोखिम लिनै सक्दैन । नयाँ र विकल्प भनिएकाहरू प्रियतावादको घुम्टोमा छन् । मिडिया र नागरिक समाज कमजोर र निरीह हुँदै गएको प्रतीत हुन्छ । यही मौकामा धर्म र सम्प्रदायका नाममा नियोजित द्वन्द्वहरू सिर्जना गर्न विभिन्न स्वार्थ समूहहरूले टाउको उठाउँदै गएको अवस्था छ । 'अदना' जनता आ-आफ्नै आग्रह र ज्ञानको बन्दी बनेर विभाजित छन् । हाम्रो राष्ट्रिय योग्यता र सामर्थ्यमै प्रश्न गर्ने ठाउँहरू नभएको होइन । तर, यसो भनेर हरेक नागरिकको आधारभूत हक अधिकारको सुरक्षा दायित्व बोकेको सरकारले छुट पाउँदैन । सरकारका कार्यकारी प्रमुख ओली त्यसकारण पनि प्रश्नहरूको कठघरामा छन् ।

कार्यकर्ताका 'बा' बन्न जति सजिलो छ, मुलुकको अभिभावकीय जिम्मेवारी बहन गर्नु त्यति सजिलो कुरा होइन । यो चुनौतीपूर्ण छ भन्ने कुरा ओलीले मनन गर्नु जरुरी छ । उनले बुझ्नैपर्ने अर्को महत्त्वपूर्ण कुरा हो, समयको पदचाप । उनको नाडीमा सजिएको ब्रान्डेड स्वीस घडी (स्रोत नखुलेको) ले समय त बताउला तर के बिग्रँदो राजनीतिक समयको पदचाप पनि बुझाउला ? जेलनेलका संघर्षका कथा सुनाएर सहानुभूति बटुल्दै आफूलाई 'जस्टिफाइड' गर्न खोज्ने ओलीले अब इतिहासको आडमा होइन, वर्तमानको कसीमा आफूलाई जाँच्न सक्नुपर्छ ।

@Rajaram Gautam

# सम्पादकलाई चिठी

## सामाजिक सुरक्षा भत्तालाई सहज बनाऊ

स्थानीय जनप्रतिनिधिले सामाजिक सुरक्षा भत्ता ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई घरघरमा लगेर दिँदा के हुन्छ ? सुरक्षा भत्ता भनेको राज्यले दिएको सम्मान हो । ज्येष्ठ नागरिकलाई यो कसैको निगाहले दिएको होइन । तर, कतिपय ठाउँमा जनप्रतिनिधि र कर्मचारी मिलेर यसको दुरुपयोग गरेको पनि सुनिन्छ । मृत्यु भइसकेका व्यक्तिको नाउँमा पनि भत्ता लिएको समाचार बेलाबेलामा आउँछ । राज्यको सम्पत्तिको सबै मिलेर सदुपयोग गर्नुपर्ने होइन र ? ज्येष्ठ नागरिक चुलोमा भात खान जान नसक्ने अवस्थाका हुन्छन् । उनीहरूलाई बैंकसम्म पैसा लिन जान सहज होला ? फेरि चाडबाडका बेलामा बैंकमा लाइन हुन्छ, घण्टौं लाइन बसेर पैसा निकाल्न ती ज्येष्ठ नागरिकलाई कति कष्ट होला ? सरकारले ज्येष्ठ नागरिकलाई सुरक्षा भत्ता दिएर राम्रो काम गरेको छ, त्यसलाई अझ व्यवस्थित बनाउन सके बेस होला । त्यसैले जनताको सेवा गर्न आएका जनप्रतिनिधिले ज्येष्ठ नागरिकका लागि घरघरमै भत्ता पुऱ्याउने व्यवस्था गरे राम्रो हुने थियो ।

– **पुरुषोत्तम घिमिरे**, *जोरपाटी, काठमाडौं*

## क्यान्सर उपचारमा बेथिति

नेपालमा रोगले मृत्यु हुने सङ्ख्यामा तेस्रो पंक्तिमा आउँछ, क्यान्सर, गैरसरुवा रोगको खण्डमा । यसले पीडितको मात्रै होइन सम्पूर्ण परिवारको मानसिक, आर्थिक एवम् सामाजिक अस्तित्वलाई धराशायी बनाउँछ । नेपालमा क्यान्सर रोगका लागि मुस्किलले सरकारी र सामुदायिकतर्फ ५ देखि ७ वटा अस्पताल होलान्, त्यसको बेथिति बेग्लै छ । निजी क्षेत्रतर्फ सङ्ख्या बढ्दो छ । अस्पतालमा स्क्रिनिङका नाममा पोर्टफोलियो तयार गरिन्छ अनि विभिन्न बहाना देखाई रिफर गरिन्छ, सुविधा सम्पन्न निजी क्यान्सर अस्पतालमा । मेरी हजुरआमालाई 'सर्भिकल क्यान्सर' भएको थियो । भक्तपुर क्यान्सर अस्पतालले 'रेडिएसन' जस्तो प्रारम्भिक उपचार पद्धतिसमेत गर्न सकेन । त्यसको जवाफदेहिता कसको हो ? मेरो मामाको घाँटीमा भएको क्यान्सरलाई भक्तपुरकै निजी क्यान्सर अस्पताल रिफर गरियो । सरकारी अस्पतालका चिकित्सक निजी अस्पतालमा पनि सेवा दिइरहेका भेटिन्छन् । यी दुई उदाहरण मात्र हुन्, मैले प्रत्यक्ष भोगेको ।

सरकारले बिमा नीति लिएर आयो, यो सराहनीय छ । तर, यसको उपयोगिता कति ? सरकारी अस्पतालले रिफर गरिदिएर निजी अस्पतालमा पठाउने अनि वार्षिक तीन हजार पाँच सय तिरेर १ लाखको सुविधा लिन महिनौं कुर्नुपर्ने ? के यो सान्दर्भिक छ ? नेपालमा क्यान्सरका लागि धेरै सामाजिक संस्था स्थापित भएका छन् । नेपाल क्यान्सर निवारण सोसाइटी, अर्बुद रोग निवारण समाज जस्ता अनेक छन् । तर त्यो राजनीतिक भर्तीकेन्द्रझैं लाग्छन् । यो स्थितिमा आम नेपाली जनताले के गर्ने र कसलाई गुहार्ने ? यसमा दोष हाम्रो समाजको मानसिकता र सरकारको उदासीनता प्रमुख हो । क्यान्सर रोगलाई निवारण गर्न या जनचेतनाका लागि कामयावी कार्यविधि अपनाउन जरुरी छ । व्यवस्थाभन्दा माथि कर्म हुन्छ । कर्म गरे धर्म आफैं प्राप्त हुन्छ ।

– **विवेध नेउपाने**, *भक्तपुर*

## ११० किमि बाटो पार गर्न १० घण्टा !

नेपालीहरूको महान् चाड विजयादशमी उल्लासपूर्वक मनाउन कुन नेपालीले चाहँदैन र ? तथापि यस पटकको बाढीपहिरो र राजमार्गको अवस्था हेर्दा लामो यात्रा नगर्दा नै बेस हुने देखिन्छ । राजमार्गको दुरवस्था, धूलोधूवाँ, जामले धेरैले कष्ट बेहोरेका छन् । ठूला मान्छेले त दुःखसास्ती सहन सक्लान् तर केटाकेटी, वृद्धवृद्धालाई लामो यात्रा ठूलो चुनौती हुने देखिन्छ । विकट र दुर्गम क्षेत्रको राजमार्गको त कुरै नगरौं, सुगम मानिएको पोखरा-काठमाडौंको पृथ्वी राजमार्ग पनि यसपालि नराम्रोसँग थलिएको छ ।



शुक्रबार म निजी गाडीमा पोखराबाट बिहान ६:३० मा काठमाडौंका लागि हिँडे । पोखराबाट १५ किमि वर लेखनाथ नगरपालिकाको क्षेत्रसम्म खाल्टाखुल्टीले बाटो बिग्रेको हुँदा सामान्य कठिनाइ भयो । त्यसपछि तनहुँको घाँसीकुवाबाहेक अन्यत्र अहिलेको बाढीपहिरोले कुनै क्षति भने गरेको रहेनछ । राजमार्ग विस्तारको काम करिब ७५ प्रतिशत पूर्ण भइसकेको रहेछ । पोखरा-मुग्लिनसम्मको बाटोमा कुनै समस्या नभएको हुँदा म २ घण्टा ३० मिनेटमा सजिलै मुग्लिन आइपुगें । त्यसपछि मेरो समस्या सुरु भयो । मुख्य ३ समस्या देखें, भोगें– अस्तव्यस्त सडक जाम, जताततै धूलोधूवाँ र ओभरटेक गर्ने मिचाहा प्रवृत्ति । ट्राफिक प्रहरीको न्यून उपस्थितिले पनि समस्या थपिएको पाएँ । मुग्लिनबाट नागढुंगा आइपुग्न मलाई करिब १० घण्टा लाग्यो । अर्थात्, ११० किमि बाटो पार गर्न १० घण्टा ! जसमध्ये करिब ५ घण्टा त जाममै मेरो समय खेर गयो । मुग्लिनभन्दा १० किमि पर एउटा कार बिग्रेर बाटोमा बसेको थियो, त्यो समेत क्रेनले तानेर हटाउन नसक्दा दुई लेनको बाटो एक लेनमात्र सञ्चालनमा थियो । करिब एक दर्जन ठाउँमा एकतर्फी गाडी हिँडाउनुपरेको थियो । करिब ५ सय ठाउँमा सानाठूला पहिरो गएको थियो । त्यो राम्ररी पन्छाउन नसक्दा र त्यो धूलोले गर्दा राजमार्ग कुहिरीमण्डलझैं लाग्थ्यो । राजधानीबाट नजिकैको झ्याप्ले खोलामा पहिरो गएको ठाउँमा अत्यधिक धूलो उडेकाले केहीबेर गाडी नै रोक्नुपर्ने अवस्था आयो । कमसेकम राजमार्गहरूमा सबै पार्टीका शीर्ष नेताले एकपटक निरीक्षण गरे उनीहरूले पनि यात्रुको पीडा महसुस गर्न सक्थे कि ?

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर-८, काठमाडौं*

## दसैंको उल्लास र कठिनाइ

हामीले मनाउँदै आएको बडादसैंलाई विश्वमै अद्वितीय मान्नुपर्छ । परिवार, नातेदार, साथीभाइ, गन्यमान्य व्यक्तिसँग भेटघाट, भलाकुसारी गर्ने, खुसियाली, मनोरञ्जन, हाँसखेलमा रमाउने अवसर प्रदान गर्ने पर्वको रूपमा बडादसैंलाई हामीले लिँदै आएका छौं । धनी, गरिब र हिन्दुबाहेक समुदायले पनि आ-आफ्नो क्षमता, दक्षताअनुसार दसैंलाई उल्लासमय बनाएको पाइन्छ । देश/विदेशमा रहेका नेपालीले जतिसुकै कठिन काम गर्नुपरे पनि अधिकांशले उक्त पर्वमा रमाउन धेरथोर रकम जम्मा गरेका हुन्छन् । व्यवहार धान्नुपर्ने निम्नवर्गका कतिपय व्यक्तिले खर्चको अभावका कारण दसैंलाई दशा पनि भन्ने गर्छन् । अत्यधिक वर्षा र बाढीपहिरोका कारण यसपालिको दसैंमा भने दुःखकष्ट भोग्नुपरिरहेको छ । दसैंको मुखमा सडक र हवाईमार्ग अवरुद्ध भएपछि यतिबेला घर आवतजावत गर्ने यात्रुको चाप थामिनसक्नुभएको छ । अधिकांश स्थानको सडक यात्रा अत्यन्त जोखिमयुक्त बनेको छ । हवाई टिकटको मूल्य ३ गुणासम्म बढेपछि यात्रुको आक्रोश थामिनसक्नुभएको छ । दसैंमा घर पुग्न लालायित व्यक्ति खल्ती छामेर फर्कन बाध्य छन् ।

मुलुककै 'लाइफलाइन' मानिएको नारायणघाट-बुटवल सडकखण्ड पहिलेदेखि अस्तव्यस्त रहेकामा पछिल्लो वर्षाले अरू क्षतविक्षत भएको छ । दाउन्नेको सडक फेरि भासिएपछि आवतजावत थप कष्टपूर्ण बनेको छ । अर्को महत्त्वपूर्ण मार्ग बीपी राजमार्गको अवस्था पनि दयनीय बनेको छ । पहाडमा जथाभावी खनेका धूले सडकहरूको कन्तबिजोग शब्दमा वर्णन गर्न सकिँदैन । समग्रमा नेपालीको मनमनमा दसैंको उल्लास भरिएको छ तर आवतजावतमा सबैतिर कठिनाइको सामना गर्नुपर्ने स्थिति छ । कामना गरौं यात्रा असहज भए पनि यसपालिको बडादसैंले सबैमा उल्लास, उमंग थप्नेछ ।

– **भुवनेश्वर शर्मा**, *बोस्टन, अमेरिका*

# नेपालमा जलवायु संकट र व्यवस्थापनका विकल्प


सन्तोष नेपाल


सुरेन्द्र फुयाल



नेपालले बाढीपहिरो र हिमताल विस्फोटबाट जोखिममा रहेका समुदायलाई जोगाउन विपद् पूर्वतयारी र प्रारम्भिक चेतावनी दिने प्रणालीलाई बलियो बनाउनुपर्छ । जलवायु वित्त प्रवाहलाई सहज बनाउने र जलवायु कार्यलाई गति दिन सक्षम वातावरण सिर्जना गर्न आफ्ना नीतिहरूलाई थप बलियो बनाउनु आवश्यक छ ।

कञ्चनपुरमा इतिहासकै सबैभन्दा बढी (२४ घण्टामा ६४० मिलिमिटर) वर्षाको चपेटामा परेको अढाई महिनामै मध्य नेपालले त्यस्तै प्रकृतिको वर्षाजन्य विपद् भोग्नुपरेको छ । ४० घण्टाको अवधिमा मध्य नेपालमा ३०० मिलिमिटरभन्दा बढी वर्षा भएपछि आइपरेका बाढी, डुबान र पहिरोका कारण देशले कम्तीमा १७ अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति बेहोरेको प्रारम्भिक आकलन छ । यो लेख्दै गर्दा क्षतिका थप विवरण आउने क्रम रोकिएको छैन ।

धेरै नेपालीले बिर्सिन थालिसकेका कम्तीमा चार अन्य जलवायुजन्य प्राकृतिक प्रकोपका घटना पनि नेपालले विगत ६ महिनाको अवधिमा भोगिसकेको छ । अप्रिल २१ मा उत्तरी गोरखाको मनास्लु क्षेत्रमा भएको वीरेन्द्र ताल विस्फोट, जुलाई ४ मा गौरीशंकर हिमालनजिकै भएको हिमनदी पहिरो तथा हिमताल विस्फोट, अगस्ट १६ मा सोलुखुम्बुको थामेमाथि गएको थ्याङ्बो हिमताल विस्फोट र अगस्ट २३ मा मुस्ताङको थसाङ क्षेत्रमा धौलागिरी हिमालबाट आएको हिमनदीको पहिरो ।

हालै भएका यस्ता भयंकर विपद्, विश्व तात्तिने क्रममा भएको वृद्धि र त्यसका कारण सिर्जित जलवायु परिवर्तनसँग जोडिएका प्रमाण भेटिने क्रम जारी छ । कीर्तिमानी रूपमा विश्व तातिरहेका कारण हिमालय क्षेत्रका हिउँ र नदी तथा समग्र मनसुनी प्रणालीमै असर परिरहेका विवरण सार्वजनिक भएका छन् । नेपालले नगण्य मात्रामा हरितगृह वायु उत्सर्जन गर्छ । तर ठूला औद्योगिक राष्ट्रले प्रचुर मात्रामा कार्बन र अन्य वायु उत्सर्जन गरेर पृथ्वी तातेकै कारण अहिले समग्र पृथ्वीवासीले त्यसको चर्को मूल्य चुकाउनुपरिरहेको छ । परिणामः नेपालजस्ता देशले पहिले कहिल्यै नभोगेका, नदेखेका, नजानेका र व्यवस्थापन गर्ने क्षमता नभएका अभूतपूर्व र जटिल प्रकोपको सामना गरिरहेको छ । पछिल्ला विपद् हेर्दा भन्न सकिन्छ- नेपालले अहिले लगातार जलवायु आपत्कालको सामना गरिरहेको छ ।

लगभग मनसुन बाहिरिने समयमा गत असोज १०-१२ मा परेको अभूतपूर्व वर्षाले खासगरी मध्य नेपालभर ठूलो क्षति भयो । अहिलेसम्म कम्तीमा २२८ व्यक्तिको मृत्यु भइसकेको छ भने केही अझै बेपत्ता छन् । ६०० मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्ने १६ वटा जलविद्युत् आयोजना प्रभावित भएका छन् । प्रारम्भिक मूल्यांनअनुसार जलविद्युत्, सिँचाइ र नदी नियन्त्रण प्रणालीमा करिब ४ अर्ब ३५ करोड रुपैयाँको क्षति भएको छ । कृषि क्षेत्रमा मात्रै ६ अर्बको क्षति भएको विवरण छ । यसका साथै, सडक, बस्ती र अन्य महत्त्वपूर्ण पूर्वाधारमा पनि ठूलो क्षति पुगेको छ, जसको पूर्ण विवरण आउन अझै बाँकी छ ।

### असामान्य प्रकोपको बढ्दो आवृत्ति

नेपालको राजधानी काठमाडौंमा मात्र तीन दिनभित्र विभिन्न स्टेसनहरूमा ३०० मिलिमिटरभन्दा बढीको कीर्तिमानी वर्षा भएको छ । बाढीको स्तर र डुबान ऐतिहासिक थियो, जुन नेपालमा वर्षा मापन सुरु भएयता कहिल्यै देखिएको थिएन । त्यसअघि जुलाईमा पश्चिम नेपालको कञ्चनपुरको चाँदनी दोधारामा २४ घण्टामा हालसम्मकै सबैभन्दा बढी ६४० मिलिमिटर वर्षा भएको थियो । त्यस चरम मौसमी घटनाले कृषि, पशुपालन, सिँचाइ र खानेपानी आपूर्ति जस्ता पूर्वाधारमा गम्भीर असर पार्दै अनुमानित १५० करोड रुपैयाँको क्षति पुऱ्याएको आकलन छ ।

हालका वर्षहरूमा नेपालले बढ्दो रूपमा चरम मौसमी घटनाको सामना गर्दै जनधनको ठूलो क्षति व्यहोरिरहेको सबैसामु छर्लंगै छ । जुन २०२१ मा मेलम्चीको माथिल्लो क्षेत्रमा परेको अत्यधिक वर्षाले निम्त्याएको प्रकोपको शृंखलाले त्यस क्षेत्रमा लगभग ६६०० करोड रुपैयाँ बराबरको क्षति पुऱ्यायो । त्यही वर्ष, अक्टोबरमा पश्चिम नेपालमा अत्यधिक वर्षाका कारण ११०,००० हेक्टर धानबाली नष्ट भयो, जसले १२ अर्ब रुपैयाँ बराबरको क्षति पुऱ्यायो । गत वर्ष, पूर्वी नेपालमा परेको भारी वर्षाले जलविद्युत् पूर्वाधारमा अनुमानित १० अर्ब रुपैयाँको क्षति पुऱ्याएको थियो । यी सबै हालका वर्ष नेपालले भोगेका चरम मौसमी घटनाका केही उदाहरण मात्र हुन् । हुन त यस्ता अभूतपूर्व विपद् नेपालमा मात्रै सीमित छैनन् । हामीले युरोपमा विनाशकारी बाढी (२०२१), पाकिस्तानमा सिन्धु नदीको विनाशकारी बाढी (२०२२), भारतमा चमोली प्रकोप (२०२१) र सिक्किम बाढी (२०२३) लगायत विश्वभर यस्तै चरम मौसम-प्रेरित घटना देखेका छौं । यी घटनाले जलवायु परिवर्तनको जोखिमको बढ्दो क्रम त्यसले विभिन्न क्षेत्रमा पारिरहेको गहिरो असरलाई स्पष्ट पार्छ ।

गत अगस्टमा दुई हिमताल विस्फोटका कारण सगरमाथा क्षेत्रको थामे गाउँमा ठूलो क्षति भयो । त्यहाँका हिमाली समुदायहरू तीव्र रूपमा पग्लिरहेका हिमनदी र बाढीका कारण बढ्दो जोखिमको सामना गरिरहेका छन् । हिमालय क्षेत्रमा करिब २५,००० हिमताल छन्, जसमा नेपाल, चीन र भारतले साझा गरेका कोशी, गण्डकी र कर्णाली नदी बेसिनका ४७ हिमताल सम्भावित जोखिमयुक्त पहिचान गरिएको छ । तर, सीमित मात्रामा हिमतालहरू नियमित रूपमा अनुगमन हुन्छन् र झनै कमले मात्र प्रारम्भिक चेतावनी प्रणालीहरू स्थापना गरेका छन् ।

### जलवायु उत्थानशील प्रणाली

नेपाल जलवायु संवेदनशील राष्ट्रहरूमध्ये एक हो । विश्व तात्तिने क्रम बढ्दै जाँदा नेपाल जलवायु संकटको अग्रपंक्तिमा उभिएको छ । जलवायु परिवर्तनका असर विशेषगरी सीमित अनुकूलन क्षमता भएका गरिब, महिला, अपांग, पिछडिएका, सीमान्तकृत र आदिवासी समुदायमा गहिरो रूपमा परेको छ । नेपालले अहिले जनजीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने जलवायु संकटको सामना गरिरहेको छ, जसले जलवायु उत्थानशीलता निर्माणलाई तत्काल प्राथमिकतामा ल्याएको छ ।

पहिलो, नेपालले बाढीपहिरो र हिमताल विस्फोटबाट जोखिममा रहेका समुदायलाई अझ राम्रोसँग जोगाउन आफ्नो विपद् पूर्वतयारी र प्रारम्भिक चेतावनी दिने प्रणालीलाई बलियो बनाउनुपर्छ । खानेपानी, जलविद्युत्, सडक र सिँचाइ जस्ता उत्थानशील पूर्वाधारमा लगानी गर्नु जीवन र जीविकोपार्जनको सुरक्षाका लागि महत्त्वपूर्ण हुनेछ । दोस्रो, जलवायु परिवर्तनसँग जुध्न समुदायमा आधारित अनुकूलन उपाय विशेषगरी ग्रामीण क्षेत्रहरूमा जहाँ जलवायु परिवर्तनको प्रभाव सबैभन्दा बढी महसुस भइरहेको छ, प्रवर्धन गर्नु महत्त्वपूर्ण छ । यी प्रयासले जलस्रोत संरक्षण, प्रकृति-आधारित समाधान, जलवायु-मैत्री कृषि र दिगो कृषि अभ्यासहरूलाई प्राथमिकता दिनुपर्छ । नेपालले स्थानीय अनुकूलन अभ्यासमा विश्वमै अग्रणी भूमिका निर्वाह गरिरहेको सन्दर्भमा यस्ता अभ्यासलाई अझ धेरै स्थानमा विस्तार गर्न आवश्यक छ । यसका साथै, स्थानीय र रैथाने व्यवस्थापनका उपायहरूले अनुकूलनको प्रभावकारिता बढाउनेछन् ।

तेस्रो, अन्तर्राष्ट्रिय समुदायले जलवायु अनुकूलन र न्यूनीकरणका प्रयासमा नेपाललाई सहयोग गर्नुपर्छ । राष्ट्रिय अनुकूलन योजनाले २०५० सम्मका लागि ६४ प्राथमिकता कार्यक्रमको रूपरेखा प्रस्तुत गरेको छ, जसका लागि प्रभावकारी न्यूनीकरण र अनुकूलन प्रयासमा अनुमानित ४७ अर्ब अमेरिकी डलर आवश्यक पर्नेछ । त्यस अनुकूलन योजनामा पहिचान गरिएका प्राथमिकता कार्यान्वयन गर्न नेपाललाई वार्षिक करिब २ अर्ब डलर चाहिन्छ । हरितगृह ग्यास उत्सर्जनमा ऐतिहासिक रूपमा योगदान गरेका विकसित राष्ट्रहरूले नेपालजस्ता जोखिममा परेका राष्ट्रलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पूरा गर्नुपर्छ । साथै, नेपाललाई नवीकरणीय ऊर्जा, विपद् व्यवस्थापन प्रणाली सुदृढीकरण र जलवायु उत्थानशील खानेपानी पूर्वाधार विकासमा लगानी गर्न जलवायु वित्त आवश्यक छ । तथापि, नेपालले जलवायु वित्त प्रवाहलाई सहज बनाउने र जलवायु कार्यलाई गति दिन सक्षम वातावरण सिर्जना गर्न आफ्ना नीतिहरूलाई थप बलियो बनाउनुपर्नेछ ।

गत वर्ष दुबईमा सम्पन्न कोप २८ सम्मेलनले जलवायु हानि र नोक्सानी कोष स्थापनाको ऐतिहासिक निर्णय गरेको छ, जसले नेपालजस्ता विकासोन्मुख राष्ट्रहरूमा जलवायु परिवर्तनका कारण हुने आर्थिक र गैरआर्थिक हानि-नोक्सानीलाई सम्बोधन गर्नेछ । तर, नेपालले यस कोषबाट सहायता लिन आवश्यक गृहकार्य थाल्नुपर्छ । नेपालले भोगिरहेको जलवायु संकटलाई सम्बोधन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा केही प्रगति भएको छ, अझै धेरै काम गर्न बाँकी छ । तर, यो संकटको सामना गर्न धेरै समय बाँकी छैन । यदि २०१५ को पेरिस सम्झौताअनुसार विश्वले हरितगृह ग्यास उत्सर्जन घटाउन र तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न तत्काल कदम चाल्न असफल भयो भने नेपालजस्ता कमजोर राष्ट्रहरूले जलवायु संकटबाट जलवायु आपत्कालको सामना गर्नुपर्नेछ ।

*- नेपाल अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्थासँग आबद्ध अनुसन्धानकर्ता हुन् भने फुयाल सोही संस्थाका सञ्चार परामर्शदाता हुन् ।*

# हिन्दु धर्ममा नारी शक्ति


तारा वाग्ले



मुलुक प्राकृतिक विपद्को चपेटमा परिरहेकै बेला भित्रिएको हिन्दुहरूको मुख्य चाड बडादसैंले केही हदसम्म रौनकता ल्याएको छ । भारी वर्षाका कारण प्रकृति र जनजीवनमा असन्तुलन आइरहेका बेला प्रकृतिकी देवीको पूजा आराधना गर्ने पर्व दसैं सुरु भइसकेको छ भने तिहार नजिकिँदै छ । दसैंमा फूलपाती, टीका, जमराले रंगिने तथा तिहारमा मानिसदेखि पशुपक्षीसम्म फूलमाला र सप्तरंगी टीकाले पुजिने परम्परा प्रकृतिसँगै जोडिएको छ । यी दुवै पर्व जति प्रकृतिको पूजासँग सम्बन्धित छन्, त्यति नै महिलाको सम्मानसँग पनि जोडिएका छन् ।

बडादसैंमा शक्ति स्वरूपा नवदुर्गा भवानीको र दीपावलीमा धनधान्यकी देवी लक्ष्मीको धुमधामले पूजा आराधना गरिन्छ । हिन्दु धर्मावलम्बीहरूले मनाउने प्रायः चाडपर्वमा नारीलाई ज्ञान, विवेक, धन सम्पत्ति, सौभाग्य तथा शक्तिको प्राप्तिको कामना गर्दै पुज्ने गर्छन् । ब्रह्मा, विष्णु र महेश्वरले पनि आफ्नो सौर्य र शक्तिको प्राप्तिका लागि देवीकै आराधना गरेको विभिन्न हिन्दु धर्मग्रन्थहरूमा उल्लेख छ । 'जहाँ नारीको पूजा गरिन्छ, त्यहाँ देवता पनि खुसी हुन्छन्' भन्ने उक्ति हिन्दु दर्शनमा भेटिन्छ । तर दर्शन, धर्म र संस्कृतिमा आधारित रीतिरिवाज र परम्पराको पालन गर्दा भने महिलालाई अपमानित गरिएको छ । धर्मलाई आड बनाएर वा धर्म संस्कृतिको गलत अनुसरण गरेर नेपालमा महिलामाथि विभिन्न धार्मिक, सांस्कृतिक विभेद र हिंसा गरिएको छ ।

अहिले पनि कतैकतै महिलाले रजस्वला हुँदा छुट्टै बस्नुपर्ने, विवाहित महिलाले बिहान उठेपछि श्रीमान् तथा अन्य मान्यजनको खुट्टा ढोग्नुपर्ने, व्रत बस्दा श्रीमान्को खुट्टाको जल नखाई खाना खान नहुने, मन्दिरमा पुजारी भएर बस्न नहुने, वेद पढ्न तथा शंख बजाउन नहुने, दाजुभाइसरह आमाबाबुको काजकिरिया गर्न नहुने, मलामी जान नहुने, विधवाले शुभकार्यको प्रारम्भ गर्न नहुने जस्ता गलत परम्परा व्याप्त छन् । धर्म र प्रचलनको नाममा हुने दुर्व्यवहारविरुद्ध आवाज उठेको छ तर यस्ता गलत परम्परा पालन गर्नुपर्ने बाध्यताको अन्त्य भएको छैन । न त यसलाई दण्डनीय बनाउन कानुन नै बनेको छ । वैदिक सनातन धर्मशास्त्रमा समाजमा नैतिकता र मर्यादा पालनाका लागि विभिन्न विषय प्रतिपादित गरिएका छन् । धार्मिक मान्यताअनुसार वेद निहित कर्म धर्म हो भने मानव सभ्यताको विकासको क्रममा मानव चेतना र श्रमले सिर्जना र निर्माण गरेका कुराहरू संस्कृति हुन् ।

अहिले 'ऐन कानुन' भनिने दस्तावेजलाई प्राचीनकालमा संहिता वा 'स्मृति' भनिन्थ्यो । गुरुमुखबाट सुनेर त्यसैअनुसार बारम्बार दोहोऱ्याइ वेदका मन्त्र कण्ठस्थ पारिने हुनाले वेदको पर्यायमा 'श्रुति' भनिन्थ्यो भने नियम कानुनको कुरा लेखिएको शास्त्रलाई 'स्मृति' अर्थात् 'सम्झना' भन्ने गरिन्थ्यो । त्यतिबेला यिनै ग्रन्थलाई कानुनसरह मान्नुपर्थ्यो । धार्मिक शास्त्रहरूका मुख्य पात्र पनि नारी अर्थात् प्रकृतिकी देवी, आदिशक्ति अर्थात् जगत् जननी नै छन् भने मुख्य चाडमा पूजा पनि तिनकै हुन्छ । मानवको सुरुवातदेखि लामो समयसम्म मातृसत्तात्मक समाज प्रचलनमा थियो । प्रकृतिको उपासना गर्ने परम्परा दक्षिण एसियामा निकै प्राचीन हो । खासगरी आदिवासी समुदाय र द्रविड जातिमा पनि देवी उपासना प्रचलित रहेको विद्वान्हरू बताउँछन् । ऋग्वेदमा परिवारको कुनै पनि आर्थिक, सामाजिक एवं धार्मिक कार्य नारीबिना सम्पन्न हुन नसक्ने तथा नारीबिना पुरुष अपूर्ण हुने उल्लेख छ । नारी पुरुषभन्दा कम वा पुरुषको नियन्त्रणमा भएको कुनै उल्लेख छैन । अथर्ववेदमा छोरीको पालन पोषण र शिक्षामा उपेक्षा गर्न नहुने र छोरीलाई सामाजिक व्यवस्थाको आदरणीय अंग मान्नुपर्ने उल्लेख छ ।

पितृसत्ताको विकास र विस्तारसँगै प्रकृतिका साथै पुरुषको पनि उपासना गर्ने प्रचलन सुरु भएको हो । त्यसपछि देवहरू प्रमुख हुन थाले र देवीहरूलाई देवताका पत्नी (देवी) का रूपमा राखेर कथाहरू रचियो । रामायण र महाभारतको रचनाकालसम्म पनि नारीबिना यज्ञ हुन सक्दैनथ्यो । त्यसपछि रचिएका स्मृतिहरूमा नारीलाई कुनै न कुनै पुरुषको आश्रयमा रहनु अनिवार्य मानिएको छ । छोरीलाई पिताको, पत्नीलाई पतिको र विधवा मातालाई छोराको संरक्षणमा रहनुपर्ने परम्परा रहिआएको छ । हिन्दु धर्मले महिलालाई उच्च सम्मानको दृष्टिले हेरेको हाम्रो जस्तो समावेशी र समानता आधारित वैदिक परम्परालाई व्यवहारमा भने गलत तरिकाले अवलम्बन गरिएको पाइन्छ । महिलाको सम्मान गरिएर राखिएका व्यवस्था व्यवहारमा कार्यान्वयन भएका छैनन् । संस्कृतिविद्हरूका अनुसार यस्ता परम्परा झट्ट हेर्दा सामान्य लागे पनि यसको पालना गर्दा महिलाले धेरै प्रकारका असमान तथा विभेद सहनुपरेको छ । महिलालाई पछि पार्ने दृष्टिले गरिएका भेदभावपूर्ण व्यवहारलाई धर्म वा परम्पराका नाउँमा निरन्तरता दिइएको छ । जसले गर्दा महिलाले परम्परा पालना गर्दा आफ्नो आधारभूत अधिकारबाट वञ्चित हुनुपरेको छ भने अर्कोतिर परम्परा पालना नगर्ने हो भने अनेकथरीका लाञ्छना सहेर समाजबाट अपहेलित र अपमानित हुनुपरेको छ ।

अझै पनि छाउपडी प्रथा, देवकी प्रथा, कुमारी प्रथा जस्ता प्रथाहरू प्रचलनमा छन् । जसबाट महिलामाथि प्रत्यक्ष वा परोक्ष रूपमा शोषण, अन्याय र दुर्व्यवहार हुने गरेको छ । धर्म तथा संस्कृतिको नाममा चलाइएका प्रथाले महिलाको मानवअधिकार तथा मौलिक हकको स्वतन्त्रतापूर्वक प्रयोगमा समेत बाधा उत्पन्न गरेको छ । प्रथा र परम्पराको नाउँमा महिलाविरुद्ध भेदभाव भएकाले त्यसबाट पीडितको मनभित्र द्वन्द्व सिर्जना गर्ने र थप समस्या निम्तिने हुँदा पारिवारिक वातावरण पनि अशान्त हुन सक्छ । धर्म, संस्कृति, परम्परा तथा प्रथाको नाममा हुने व्यवहारबाट पनि आन्तरिक द्वन्द्व उत्पन्न हुने तर त्यसको निराकरणका लागि विद्रोह पनि गर्न नसकिने हुँदा धर्मको आधारमा हुने हिंसाको परिणाम नराम्रो हुन्छ । धार्मिक आस्था र मान्यतामा महिलालाई जोडेर भएका प्रचलनले परोक्ष वा अपरोक्ष रूपमा उनीहरूभित्र द्वन्द्व सिर्जना गरेको हुन्छ । जसले मानसिक हिंसा मात्र नभई सामाजिक दुर्व्यवहार बढाउँछ । परम्पराका नाउँमा भएका प्रचलनले कतैबाट पनि अधिकारको हनन हुनु हुँदैन ।

नेपालका संस्कृति तथा परम्पराअनुसार महिलाले मात्र पालना गर्नुपर्ने केही कठोर आचरण, व्यवहार र सामाजिक बन्धनले महिलाविरुद्ध मानसिक तथा शारीरिक हिंसा बढाउन मद्दत गरेको छ । धर्मले महिलालाई विभेद वा अपमान नगरे पनि धर्मसँग जोडेर हेरिने प्रथा, परम्परा र संस्कारको नाममा भएका व्यवहार भने विभेदपूर्ण देखिन्छन् । प्रथा, परम्परा र संस्कार विभिन्न जातजाति, समुदाय वा सम्प्रदायमा फरक फरक हुने भएकाले कतिपय समुदायमा रीतिरिवाजलाई अनुसरण गर्दै जाने क्रममा महिलामाथि दुर्व्यवहार हुने गरेका छन् ।

सर्वोच्च अदालतबाट प्रकाशित बुलेटिनहरूका अनुसार कतिपय समुदायमा महिलाको हकमा मात्र लागू हुने गरी बनाइएका प्रथा वा थितिले उनीहरूमाथि सामाजिक दुर्व्यवहार भएको विश्लेषण गर्न सकिन्छ । महिलाले मात्र पालना गर्नुपर्ने गरी व्यवस्था गरिएका छाउपडी, देउकी, झुमा प्रथाले पनि महिलालाई विभेद गरेका छन् । यस्ता प्रथालाई धर्मको खोल ओढाई संरक्षण दिने गरेको पाइन्छ । धर्मको डर र त्रासका कारणबाट नकारात्मक प्रथा र प्रचलनले निरन्तरता पाइरहेका छन् । सामाजिक मान्यता र प्रचलनका विरुद्धमा न्यायिक उपचार खोज्ने प्रावधान र प्रचलन नभएका कारण यस्ता व्यवस्थाले निरन्तरता पाइरहेका हुन् । यस्ता विकृति र विसंगति हटाउन जनचेतना, शैक्षिकस्तरमा विस्तार र सुधार तथा महिला सशक्तीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ । प्रभावित वर्गले पनि सामूहिक र संगठित रूपमा अन्यायपूर्ण व्यवहारको विरोध गर्नुपर्छ र न्यायिक उपचार खोज्नुपर्छ । त्यस्ता असमानपूर्ण व्यवहार दण्डनीय भएकाले राज्यले पनि सामाजिक विभेद अन्त्यका लागि आवश्यक नीति योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

# सहकारी ठगी र भीडको भाष्य


राजेन्द्रसिंह भण्डारी

प्रहरी : तिमीले अर्काको भैंसी चोरेको हो ?

चोरले चर्को स्वरमा भन्यो : मैले कसैको भैंसी चोरेको त के कुरा, अहिलेसम्म भैंसी देखेको पनि छैन । मैले त दाम्लो मात्रै तानेको हो, दाम्लोमा भैंसी आफैं अल्झिएर आयो त मेरो के दोष ? अझ मलाई चोरको आरोप लगाउने तिमी को ? म को हुँ, मेरो पहुँच कहाँसम्म छ भन्ने कुरा तिमीलाई थाहा छैन ?

भैंसी चोरले प्रहरीलाई नै उल्टै हप्काएपछि प्रहरीले पनि न्वारनदेखिकै साहस जुटाएर फेरि प्रश्न गऱ्यो : उसो भए अर्काको दाम्लो किन तानेको त ?

चोर : के दाम्लो तान्नु अपराध हो ? दाम्लो तान्नु र भैंसी चोर्नुमा भेद छैन ? दाम्लो तान्दैमा मलाई भैंसी चोरको आरोप लगाउने ?

प्रहरी : त्यही दाम्लोसँगै अल्झिएर गएको भैंसी त तिम्रै गोठमा फेला पऱ्यो नि त !

चोर : मैले तानेकै दाम्लोमा भैंसी बाँध्ने को थियो ? यो विषयमा मलाईभन्दा बढी थाहा उसैलाई होला । मसँग यस विषयमा अनावश्यक कचकच नगर ।

प्रभावशाली पहुँचवाला चोरले इन्कारी बयान गरेर चोरीको भैंसीमा आफ्नै दाबी गरिसकेपछि चोर र प्रहरीबीचको सोधपुछ अघि बढ्न सकेन । यही विषयमा पछि गएर दाम्लो तान्नु र भैंसी चोर्नुको भेद छुट्याउन उच्चस्तरीय छानबिन समिति नै गठन गरियो ।

प्रहरी र भैंसी चोरबीचको संवाद प्रसंगलाई मेरा मित्र हेमन्त मल्ल, जो सुरक्षा र प्रहरी अनुसन्धानका विषयमा सार्वजनिक रूपमा आफ्ना धारणा निष्पक्ष पस्किने गर्नुहुन्छ, उहाँले सार्वजनिक गर्नुभएको व्यंग्यात्मक टिप्पणीलाई सान्दर्भिक परिमार्जनसहित यहाँ विषयानकूल बनाउन खोजिएको मात्र हो ।

वास्तवमा, सत्य-असत्यलाई तथ्यसंगत र न्यायसंगत हल गरिनुपर्ने विषयलाई अनावश्यक रूपमा राजनीतिक तर्कको विषय बनाएपछि अहिले सहकारी ठगीको विषय राजनीतिक टिप्पणी र चर्चाको विषय बन्न गएको देखिन्छ । पछिल्लो समय विचारको राजनीतिमा हुर्केका र फुर्केका पुराना 'टेस्टेड एन्ड फेलियर' नेताको पुनरावृत्तिलाई रोक्नैपर्ने अनिवार्य आवश्यकताको मुद्दालाई बजारको राजनीतिले विकल्पका रूपमा ठगी खाने र गरी खाने दुवै खाले वैकल्पिक पात्र जन्माएको छ । बजारको राजनीति माग र आपूर्तिमा मात्र केन्द्रित रहने भएकाले आमनागरिकको माग र आपूर्तिमा असन्तुलन उत्पन्न हुनासाथ वैकल्पिक पात्रको वास्तविक अनुहार क्रमशः देखा पर्दै जान्छ । 'नो नट अगेन' का राजनीतिक पात्रको विरोध र प्रतिरोधका लागि पठाइएका वैकल्पिक पात्र रविका पछिल्ला क्रियाकलाप र राजनीतिक भूमिकाले उनको राजनीतिक प्रवेशको उद्देश्य नै आफ्ना विगतका अपराधजन्य कर्मलाई सुरक्षित अवतरण गराउनु रहेको हो कि ? आशंका गर्न सकिन्छ ।

हाम्रो जस्तो मुलुकको राजनीतिमा गुणकारी र गुणवत्ताको हातमा राजकीय सत्ता जाने सम्भावना क्षीण भइसकेकाले सानदार झूट बोल्न सक्ने दोगला प्रवृत्तिका व्यक्तिले सत्ताको दाम्लोका माध्यमबाट नागरिकका सपना चोर्न सफल भएका देखिन्छन् । चाणक्य नीतिमा भनिएझैं, जुन देशका नेता दोगला चरित्रका हुने गर्छन्, त्यस्तो देशमा या त छिमेकीले या त भ्रष्टाचारीले शासन चलाउँछन् । राजनीतिमा को ठग को ठीक भन्ने सीमारेखा नै मेट्टिसकेपछि जो ठग उही ठीक भनेर समाजले पनि अनुमोदन गरिदिने प्रवृत्तिले ठगहरू दिनानुदिन हौसिँदै गएका देखिन्छन् । कानुनी प्रक्रिया र अनुसन्धानले तथ्यबाट सत्यलाई उद्घाटित गर्नुपर्ने विषयमा पनि राजनीतिक तर्क र कुतर्कका आधारमा सबैले आ-आफ्नै किसिमले ठीक र ठगीको दाबी र आरोप लगाइरहेका देखिन्छन् । अहिले सहकारी ठगीमा रविको संलग्नताका विषयमा पनि अनुसन्धानबाट संकलित तथ्यलाई राजनीतिक रंग दिने अनुचित र असंगत प्रयास भइरहेको देखिन्छ । ठगी गरिएको र गराइएको विषय त उहिले नै स्थापित भइसकेको थियो, पदीय आडमा दबाउन खोजिएको विषयलाई अहिले फेरि हुलहुज्जतका आडमा विषयान्तर गर्न खोजिएको देखिन्छ ।

ठगी जस्ता आर्थिक प्रकृतिका अपराधमा मुख्यतया लिने, दिने र खाने तीन तहका व्यक्तिको संलग्नता रहन्छ । सहकारी ठगीमा पनि को कसको, के-कस्तो संलग्नता छ भन्ने कुरा त संसदीय छानबिन समितिको गठनपूर्व नै घटना सम्बद्ध तथ्यले सु-स्पष्ट रूपमा स्थापित गरिसकेको विषय हो । तर, सत्ता समीकरणले तथ्यकै व्याकरणमा प्रभाव पारिरहने अवस्थाका कारण यो प्रकरणलाई अनावश्यक रूपमा अन्तै मोड्न खोजिएको देखिन्छ । प्रहरीको अनुसन्धान राय प्रतिवेदन र सरकारी वकिलको अभियोग, अभियोजनबाट टुंग्याउनुपर्ने विषयलाई राजनीतिको सहमति, असहमतिको विषय बनाएर अनर्गल प्रचारमा ल्याइएका कारण सहकारी ठगीको मुद्दा र पीडित सर्वसाधारणको वास्तविक न्यायोचित मागको मुद्दा ओझेलमा पर्न गएको देखिन्छ । कानुनी रूपमा र व्यावहारिक चलनचल्तीका रूपमा पनि ठगी जस्ता आर्थिक अपराधलाई परिभाषित गर्दा अरूलाई झुक्यानमा पारेर आफ्नो दुनो सोझ्याउने आपराधिक कार्य नै ठगी हो । जसमा सबैभन्दा पहिला झुक्याउनका लागि योजना बनाउने व्यक्ति वा समूह तयार गरिन्छ । तदअनुरूप को कसले, के कसरी झुक्याउने र छक्याउने भनी कामको बाँडफाँट गरिन्छ । झुक्याउने योजनाको कथा-पटकथा तयार पार्ने मुख्य पात्रले दाम्लो आफ्नै हातमा लिएको हुन्छ र भैंसी भने अरूलाई नै चोर्न पठाउने गर्छ । यी सबै कामलाई नेतृत्व दिने व्यक्ति नै ठगी अपराधको 'डिफ्याक्टो एक्टर' अर्थात् घटनामा मुख्य भई बचन दिने पात्र हुने गर्छ । जसले पछि गएर अनुसन्धनात्मक र अभियोजनात्मक प्रक्रियाबाट ठहरिएबमोजिमको आपराधिक दायित्वलाई पनि मुख्य अपराधी र ठगी रकम मस्योटकर्ताको दायित्व बहन गर्नैपर्ने हुन्छ । किनभने घटनाको परिणाममा पनि निजले नै ठगीको रकमबाट अत्यधिक लाभ लिन सफल भएको हुन्छ ।

अहिले सार्वजनिक तथ्यले पनि ठगीबाट प्राप्त आफ्नो हक नपुग्ने अरू सर्वसाधारणको रकमलाई सबैभन्दा बढी भोगचलन र अपचलन गर्ने कार्यमा रविको भूमिका अग्रणी रहेको देखिन्छ । यो आफैंमा प्रमाणित तथ्य हो । यस्तो प्रमाणित तथ्यलाई पनि यो वा त्यो शब्दावलीको प्रयोग र असान्दर्भिक र अनुसन्धान प्रयोजनमा कानुनी हैसियत नै नराख्ने प्रतिवेदनको बुँदाको हवाला दिएर फेरि अर्को ठगी नगरौं । त्यसैले, भैंसी दाम्लोमा आफैं झुक्किएर आउने गर्दैन, अबोध भैंसीमा चतुर मानवको जस्तो झुक्याउने, छक्याउने कला हुँदैन भन्ने कुरा अब सबैले बुझिसकेका छन् । आफैं ठगीमा परिसकेका बाहेकका अन्य अन्धभक्तले पनि ढिलोचाँडो बुझ्ने नै छन् । यस्तो अवस्थामा भैंसीको टाउकोमा दोष थुपारेर आफूले अपचलन गरेको निमुखा नागरिकको श्रम पसिनाको रकम हिनामिना गरेको दायित्वबाट उम्किने दुष्प्रयास नगरौं ।



## आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** काम गर्ने जाँगरमा कमी आउन सक्छ । सकेसम्म नयाँ कामबाट तर्किन खोजिनेछ । आफूले आफैंलाई समय दिन खोजिनेछ ।

**वृष** मन उत्साहित र तन स्वतःस्फूर्त रहनेछ । सामयिक अवस्थाको ख्याल गर्दै रमाउन खोजिनेछ । मिष्ठान्न भोजनको योग रहेको छ ।

**मिथुन** समय आफूअनुकूल बन्दा धेरै सहज हुनेछ । प्राथमिकताका कुरामा महत्त्व दिइनेछ । आगामी समयका लागि कामको योजना बनाइनेछ ।

**कर्कट** विभिन्न कुराले गर्दा मन चञ्चल रहन सक्छ । सकेसम्म बेलैमा काम सक्ने प्रयास गरिनेछ । अत्यावश्यक कुरामा बढी जोड दिइनेछ ।

**सिंह** कुनै कुराले मनमा अनपेक्षित तनाव हुन सक्छ । कसैले भनेको कुरा चित्त नबुझ्न सक्छ । सकेसम्म आफ्नै सुझबुझले काम गर्ने प्रयास गरिनेछ ।

**कन्या** समय आफू अनुकूल बन्दै जानेछ । आफ्ना कामका लागि समय दिन पाइनेछ । भावी कामका बारे क्रमशः योजना बनाउँदै गइनेछ ।

**तुला** तपाईंको कुरालाई बुझ्ने प्रयास गरिनेछ । व्यक्तिगत खुसीका लागि केही खर्च हुन सक्छ । सामयिक अवस्थाका कारण कुनै-कुनै कुरालाई टार्नुपर्ने हुन सक्छ ।

**वृश्चिक** इच्छाअनुसार समयलाई तह लगाउन खोजिनेछ । कुनै-कुनै कामलाई बेलैमा सक्नुपर्ने हुँदा केही व्यस्त भइएला । मनपर्दो खानपानमा विशेष जोड दिइनेछ ।

**धनु** राम्रो सोचले गरेको कुरामा पनि खोट देखिइन सक्छ । शान्त र तटस्थ रूपले काममा जोड दिनु उचित हुनेछ । सकेसम्म नहतारिइकन काम सक्ने प्रयत्न गर्नुपर्नेछ ।

**मकर** समयावस्था विचारेर काममा अग्रसर भइनेछ । साथीहरूसित कुनै कुरामा छलफल हुन सक्छ । कुनै विशेष कामका लागि रकमको जोहो हुनेछ ।

**कुम्भ** समय आफूअनुकूल बन्दै जानेछ । समस्याको समाधान हुँदा मनले राहतको अनुभव गर्नेछ । सकेसम्म आफ्ना कामका लागि पनि समय निकालिनेछ ।

**मीन** विभिन्न कुराले गर्दा कामको धपेडी हुन सक्छ । सकेसम्म आफ्नो जिम्मेवारी निर्वाह गर्ने प्रयत्न गरिनेछ । कामबाट बेलैमा फुत्किन सके आफूलाई पनि समय दिन पाइएला ।

# क्रिकेटमा सुदूरकी सम्झना

**२०२३ मेमा मलेसियासँग टी-ट्वान्टी खेल्न पहिलो पटक राष्ट्रिय टोलीमा परेकी उनले एक वर्षभित्रै नेपाली महिला क्रिकेटमा पहिलो अर्ध शतकको रेकर्ड राखेकी थिइन्**





**वसन्तप्रताप सिंह** (बझाङ)

गत साउन ४ मा श्रीलंकाको रनगिरी दम्बुला अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा महिला एसिया कप क्रिकेट चलिरहेको थियो । रंगशालादेखि प्रत्यक्ष प्रसारबाट विश्वभरका नेपाली दर्शकले उक्त खेल हेरिरहेका थिए । प्रतिस्पर्धामा थियो, नेपाल र यूएई । नेपाल १ सय १६ रनको लक्ष्यसहित मैदानमा उत्रियो । पहिलो विकेटका रूपमा नेपालले ३१औं बलमा सीता रानामगरलाई मात्र ७ रनमा गुमायो । रनरेट राम्रो भए पनि विकेट पतन भने निरन्तर भइरहेको थियो । सीतापछि माथिल्लो क्रमका ब्याटर कविता कुँवर (२), कप्तान इन्दु बर्मा (६), पूर्वकप्तान रुबिना क्षेत्री (१०) सस्तैमा आउट भए ।

नेपालको जितका लागि ओपनर सम्झना खड्का एकमात्र भरोसा बाँकी थिइन् । उनले पाँच जनासँगको 'पार्टनरसिप' मा मात्र ४५ बलमा ७२ रनको नटआउट इनिङ्ग मात्र खेलिनन्, नेपाललाई २३ बल अगाडि नै जित दिलाइन् । खड्काले ३५ बलमा अर्धशतक पूरा गर्दै नेपाली महिला क्रिकेटमा पहिलो अर्धशतक बनाउने पहिलो खेलाडीसमेत भइन् । समग्रमा ११ चौका हानेकी सम्झनाले अन्तिम विजयी चौका हानेपछि नेपाले यूएईलाई ६ विकेटले जित्यो । जितको एकमात्र हकदार 'प्लेअर अफ द म्याच' उनै सम्झना भइन् ।

२०२३ मेमा टी-ट्वान्टी खेल्न मलेसिया भ्रमणमा जाँदा पहिलो पटक राष्ट्रिय टोलीमा छनोट भएकी सम्झनाले एक वर्षभित्रै नयाँ रेकर्ड राखेकी थिइन् । जबकि समग्र नेपालको महिला टिमलाई नै एसिया कपमा ५० रनको स्कोर माथि पुग्न संघर्ष गरिरहनुपरिरहेको बेला सम्झना एक्लैको ७२ रनको इनिङ्ग महत्त्वपूर्ण रह्यो । यसअघिका दुई संस्करणका ८ खेलमा पराजय भोगेको नेपालले ६ पटक ५० रनभन्दा कम स्कोरमा खुम्चिनु परेको थियो । खेलाडीका लागि व्यक्तिगत अर्धशतक त परको कुरा । यी सबै विगत बिर्साउँदै सम्झनाले गरेको विस्फोटक ब्याटिङले नेपाली प्रशंसकमाझ वाहवाही बटुल्यो ।

फरक स्वभावकी सम्झना खेलकुदमा सानैदेखि विशेष रुचि राख्थिन् । तर उनका केटी साथीहरूको खेलमा खासै रुचि हुँदैनथ्यो । तर सम्झना दाइ उमेरकाहरू सँगै भए पनि खेल्न कुद्थिन् । २०७० सालतिर बझाङमा क्रिकेट खेल भर्खर-भर्खर सुरु भएको थियो । उनी दाइहरू खेलिरहेको ठाउँमा पुग्थिन् । दाइहरूले पनि उनलाई अन्तिममा एक/दुई बल खेल्न दिन्थे । बाँकी समय अरूले खेलेको हेरेरै बिताउँथिन् । सम्झना १० कक्षामा पढ्दै थिइन् । एक दिन घरमाथिको स्कुलमा क्षेत्रीय प्रतियोगिताका लागि खेलाडी छनोट हुने कार्यक्रमबारे थाहा पाएर हेर्न गइन् । छनोटकर्ताहरू बल 'क्याच' गर्न लगाउँथे । सहभागीहरू 'क्याच' गर्न असफल हुन्थे । 'निकैबेर हेरें कसैले पनि सकेनन् । मलाई उकुसमुकुस भएर योभन्दा त म सक्छु भनेर कराएँ,' सम्झनाले औपचारिक रूपमा बल समातेको पहिलो दिन सम्झँदै भनिन्, 'उनीहरूले मलाई पालो दिए । नभन्दै मैले सबै बल 'क्याच' गरेर देखाएँ ।'

त्यही दिन उनलाई क्षेत्रीय प्रतियोगिता खेल्नका लागि छनोट गरियो । अब उनी अरूले खेलेको बल खोज्नेबाट आफैं खेल्ने भइसकेकी थिइन् । उनलाई टिम कप्तान बनाइयो । केही दिनको अभ्यासपछि बैतडीमा भएको प्रतियोगिता खेलेकी उनी उत्कृष्ट ब्याटर भइन् । क्षेत्र नं ६ को टिमबाट राष्ट्रिय प्रतियोगितामा खेल्न थालिन् । यसैबीच एसएलसी पास भएपछि स्थानीय जालपा माध्यमिक विद्यालयमा कृषि विज्ञानको प्रवेश परीक्षामा नाम निकालिन् । भर्नाको समयमा विद्यालय प्रशासनलाई उनको एउटा सर्त थियो, 'पढाइको बीचमा पनि प्रतियोगिता भए क्रिकेट खेल्न पाउनुपर्छ ।' तर विद्यालयले उनको सर्त स्विकारेन । उनले खेल नछोड्ने बरु कृषि विज्ञान नपढ्ने निर्णय लिइन् । यो निर्णयले उनको परिवार चिन्तामा पर्‍यो । आमाबुबा सम्झनाले पढेर जागिर गरोस् भन्ने चाहन्थे ।

'छोराले खेलेर त हुँदैन । तिमी क्रिकेट मात्रै भनेर आफ्नो पढाइ र भविष्य नबिगार भनेर आमाबुबा भन्नुहुन्थ्यो,' सम्झना भन्छिन्, 'तर म भने सपना पनि क्रिकेट मात्रै देख्थे । मेरो सपना पूरा गर्न दिनुस् भनेर अनुरोध गर्थें ।' यसैबीच नेपाल क्रिकेट संघ निलम्बनमा पर्‍यो । क्रिकेटका औपचारिक स्पर्धाहरू नहुने भएपछि सम्झना अनमि पढ्न दिपायल गइन् । अनमि पढ्दा पनि उनी सुदूरपश्चिममा हुने खेलहरूमा भने सहभागी भइरहिन् । २०७६ मा अनमि पास भएर आएपछि घरबाट जागिर खानुपर्ने दबाब झन् चर्को हुन थाल्यो । 'मलाई क्रिकेटको लत लागिसकेको थियो । कुनै हालतमा छोड्न सक्ने अवस्थामा थिइनँ,' सम्झना भन्छिन्, 'दुई वर्ष मात्रै समय दिनुस् । त्यो अवधिमा राम्रो गर्न नसके म सधैंका लागि खेल्न छोडिदिन्छु भनेर आमालाई सम्झाएँ ।'

परिवारको समर्थन पाएपछि खेल अभ्यास गर्न धनगढीमा डेरा लिएर बसेकी सम्झना दिउँसो सिनियरसँग सिक्थिन् । राति सिलिङको पंखामा डोरीले बल बाँधेर ब्याटिङको अभ्यास गर्थिन् । 'माथिल्लो तलामा मेरो कोठा थियो । घरबेटीहरू तल्लो तलामा बस्थे,' रातभर खेल अभ्यास गर्दाको दिन सम्झँदै उनले भनिन्, 'राति तिम्रो तलामा खुब डाङ्डुङ हुन्छ । के होला भनेर सोध्थे । मैले गरेको भन्ने थाहा पाए कोठाबाट निकाल्देलान् भनेर म थाहा छैन भनिदिन्थें ।' अहोरात्र क्रिकेटको साधना गरेर क्षमता बनाएको भए पनि सम्झना खेलमा भने उचित स्थान पाउँदैन थिइन् । कोच र व्यवस्थापकहरू खेलाडी छनोटमा पक्षपात गर्थे । खेलको अन्तिममा सबै खेलाडी आउट भएपछि उनको पालो आउँथ्यो । कहिले त पालै आउँदैनथ्यो । क्षमता प्रदर्शन गर्न नपाउँदा घरमा आएर धेरै पटक रोएको सम्झना सुनाउँछिन् ।

२०७८ मा धनगढीमा भएको मुख्यमन्त्री कपमा अन्तिममा खेल्न दिए पनि उनले उत्कृष्ट प्रदर्शन गरिन् । 'त्यो कुराले दबाब परेछ क्यारे । त्यसबेलादेखि मलाई ठाउँ दिन थाले,' उनले भनिन् । खेलमा उनको समर्पण र मिहिनेत बढ्दै थियो । समाजमा पनि कुरा काट्नेहरू बढ्दै थिए । कतिपयले उनलाई क्रिकेट सिकाउन सहयोग गर्ने दाइहरूसँग नाम जोडर चरित्रमा औंला उठाउँथे । कतिपय घरबार गरेर बस्ने बेला बढेकी छोरीले खेलेर के हुन्छ ? भनेर घरमा कुरा लगाउँथे, तर सम्झनाले हिम्मत हारिनन् । उनी थप अभ्यासका लागि काठमाडौं गइन् । जडीबुटीमा कोठा लिएर कीर्तिपुरमा खेल अभ्यास गर्दा भोग्नुपरेको कष्ट सम्झँदा पनि उनको अनुहार अँध्यारो भयो । 'दिनभर अभ्यास गरेर साँझ थकाइले धेरै दिन खाना नखाएरै पनि सुतेकी छु,' उनले भनिन् ।

समाजले जे जस्तो कुरा गरे पनि क्रिकेटमा स्थापित हुने उनको दृढता टसमस भएको छैन । अहिले त परिवार मात्रै होइन आफन्तले पनि उनलाई साथ दिन थालेका छन् । 'अहिले त टीका लगाउँदा पनि राम्रो खेल्नु भनेर आशीर्वाद दिनुहुन्छ । घरमा सबै खुसी हुनुहुन्छ,' उनले भनिन् । अहिलेसम्म सम्झनाले नेपाली टोलीको तर्फबाट हङकङ, मलेसिया, भारतलगायत देशमा भएका खेलमा राम्रो प्रदर्शन गरिसकेकी छन् । महिला क्रिकेटमा विश्वकप खेल्ने अबको उनको लक्ष्य छ । पुरुष टोलीकै सरह महिला टोलीलाई अनुभवी प्रशिक्षक र अभ्यासको व्यवस्था हुने हो भने विश्वकपको सपना धेरै टाढा नभएको उनले बताइन् । 'व्यवस्थापन राम्रो हुने हो भने नेपाली महिला टोलीले जुनसुकै खेलमा उत्कृष्ट प्रदर्शन गर्न सक्छ । अहिलेसम्म खेल्दा मैले साथीहरूमा त्यो उच्च आत्मविश्वास पाएकी छु,' उनले भनिन् ।



तस्बिर : एपी/रासस

मस्कोमा आइतबार सम्पन्न मिस रसियाको ताज जितेपछि चुभासकी भ्यालेन्टिना अलेक्सेएभ । उनले मिस वर्ल्ड र मिस युनिभर्स दुवै प्रतियोगितामा भाग लिने छिन् ।


## सहकारी गान रचना गरी पठाउने सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८१/०६/२१)

मुलुकमा सहकारी अभियानको योगदान र अपरिहार्यतालाई सम्बोधन गर्ने गरी सहकारी गान तयार गर्नुपर्ने भएकोले देहाय बमोजिमको गान रचना गरी यो सूचना जारी भएको मितिले ३५ दिनभित्र महासंघको इ-मेल ठेगाना ncfcoop@gmail.com मार्फत पठाउनुहुन वा महासंघको कार्यालय पुल्चोक, ललितपुरमा पेश गर्नुहुन इच्छुक रचनाकार सर्जकहरुलाई सूचित गरिन्छ ।

**विवरण**

१. मुलुकको सामाजिक, सांस्कृतिक, लैङ्गिक, आर्थिक रुपान्तरणमा सहकारी अभियानले पुऱ्याएको योगदान र अर्थतन्त्र एवं समुदायमा सहकारीको महत्व झल्कने हुनुपर्नेछ ।

२. सहकारी गान ४५ देखि ६० शब्द तथा बढिमा ८ देखि १० हरफको हुनुपर्नेछ ।

३. सहकारी गान नेपाली भाषामा रचना गरिएको हुनुपर्नेछ र सहज ढंगले बोध गर्न सकिने हुनुपर्नेछ ।

**पुनश्च:**

१. छनोट भएको रचनालाई राष्ट्रिय सहकारी महासंघले पुरस्कार स्वरूप नगद रु ५०,०००/- प्रदान गर्नेछ ।

२. सहकारी गानको सर्वाधिकार राष्ट्रिय सहकारी महासंघमा रहनेछ ।

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
Pulchowk, Lalitpur, Tel: +977-1-5010116, 5010033, 5010089
Email: ncfcoop@gmail.com, Website: www.ncfnepal.com.np



### घोराही उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**घोराही उप-महानगरपालिकाको कार्यालयमा उपस्थित हुने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०६/२१**

यस घोराही उप-महानगरपालिकाको तपशिल बमोजिम ठेक्काको निर्माण कार्य सुचारू गर्नका लागि पटक पटक मौखिक तथा लिखित ताकेता, पत्राचार, सूचना गर्दा समेत हालसम्म निर्माण कार्य संचालन नभएको, निर्माण साईट अलपत्र छोडेको, निर्माण कार्य अगाडी बढाउन कुनै सक्रियता नदेखाएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र **श्री के.बि. गुरुङ कन्ट्रक्सन/जे. के. बिल्डर्स, कोहलपुर-०३ बाँके**को तपशिल बमोजिमका प्रवन्ध निर्देशकहरू यस कार्यालयमा स्वंयम (आफैं) उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा यसै सूचनालाई अन्तिम सूचना मानी सार्वजनिक खरीद ऐन, सार्वजनिक खरीद नियमावली तथा Contract Document को प्राबधान बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | निर्माण ब्यबसायीको नाम र ठेगाना | ठेक्काको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | NCB/WORKS/ GSMC/17/079/080 | श्री के.बि. गुरुङ कन्ट्रक्सन/जे. के. बिल्डर्स (जे.भी) प्रो. साजन थिके/कर्ण बहादुर खड्का, कोहलपुर-०३, बाँके | भैसाही चोकदेखि वडा नं. ४ को वडा कार्यालयसम्म सडक पिच | |

**प्रमुख प्रशासकीय अधिकृत**



# वर्गीकृत विज्ञापन

**घर जग्गा**

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364, midaspropertydealer5@gmail.com

मानभवनमा ५ आना जग्गा ९८४४१५४०८०

ग्रिनहिलसिटी मुलपानी हाउजिङ्ग भित्र ०-४-०-० जग्गा बिक्रीमा ९७०६२२४३७५

**सम्पर्क**

अतिसस्तोमा विदेशजान Cashdeposit धितोफुकुवा 9841979508

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- 9843768737

**भाडामा**

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

भक्तपुरको घलातेचोकमा चौथो र पाचौंतल्ला भाडामा ९८१८९११६११

धुम्बाराहीमा चारकोटे फ्ल्याट भाडामा ९८५१२८४८८८

**चाहियो**

स्वयंभू प्लाजालाई २ जना लेडिज जेन्स वेटर तुरुन्त चाहियो ९८१८५०८०१६

सेक्युरिटी गार्ड तु.अर्जेन्ट 19000-23000, 9823005384

**मर्मत**

ढलट्वाइलेट मंगाल सेफ्टीट्यांकी जामखोल्ने 9841050858

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

डलमंगाल जामखोल्ने सेफटीटंयाकी तान्ने 9808849489

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिङ | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

म.अ.क. बाहेक

| विदेशी मूद्रा | |
|---|---|
| अमेरिकी डलर | १३४.६६ |
| युरो | १४८.५६ |
| पाउन्ड स्टर्लिङ | १७६.३४ |
| अस्ट्रेलियन डलर | ९२.१३ |
| कतारी रियाल | ३६.९४ |

राष्ट्र बैंकको आधारमा

सुन रू. १,६१,०००

चाँदी रू. १,९८५

# बाटोको कारण देखाउँदै यात्रुसँग दोब्बर भाडा

## बीपी राजमार्गको धुलिखेल-नेपालथोक सडक बन्द भएपछि भकुन्डेबेंसी-तेमाल-खैरेनी-सित्खा, नागढुंगा-मुग्लिन-नारायणगढ-हेटौंडा, चन्द्रागिरि-चित्लाङ-कुन्छाल-हेटौंडा र नौबिसे-पालुङ-हेटौंडा हुँदै पूर्वतर्फ जाँदै सर्वसाधारण

**विमल खतिवडा** (काठमाडौं)

गत वर्ष खोटाङको अर्खौले जान १ हजार ७ सय गाडीको भाडा तिरेका सुनील रिजाल यो पटक झन्डै दोब्बर भाडा तिरेर घर जाने तयारी गर्दै छन् । तोकिएको भाडा नतिरे जान नपाउने डर भएपछि उनले बाध्य भएर दोब्बर भाडा तिरेका हुन् ।

'टिकट काट्न जाँदा बाटो बिग्रिएको छ पोहोरको भाडाले हुँदैन, धेरै घुमेर जानुपर्छ भन्दै बढी मागेका छन्,' उनले भने, 'फेरि टिकट नपाइएला भनेर ३ हजार भाडा तिरेर घर जान लागेको हुँ ।' फूलपातीका दिन घर जाने गरी चाबहिलको काउन्टरमा गएर टिकट लिएको उनले सुनाए । गत वर्षको दसैंमा यातायात व्यवसायीले अर्खौलेसम्म सुमोको भाडा २ हजार ५ सय लिन्थे । अहिले बाटो बिग्रिएको भन्दै अर्खौलेको भाडा मात्र चार हजार लिएको एक यात्रुले बताए ।

'यसरी टिकट काट्दा काउन्टरमा पैसा खुलाउँदैनन्, टिकटमा पुरानै भाडा लेख्छन्, लिँदा बढी लिन्छन्,' ती यात्रुले भने, 'कतै प्रहरीले जाँच गरे रिजर्भमा आएको भन्नू भन्छन् ।' घर जान नपाइने डरले यातायात व्यवसायीले जति भाडा तोक्छन्, त्यति नै तिर्नुपर्ने बाध्यता रहेको उनले गुनासो गरे । 'बढी भाडा लिनेलाई सरकारले कारबाही गर्ने भन्छ । तर खुलमखुला व्यवसायीले बढी भाडा लिइरहेका छन्,' ती यात्रुले भने, 'सरकारी निकाय देखेर पनि नदेखें झैं गर्दै आएको छ ।'

अहिले बीपी राजमार्गको धुलिखेल-नेपालथोक खण्डको १२ किलोमिटर सडक बाढीले बगाएपछि पूर्व जाने यात्रुसँग व्यवसायीले दोब्बर बढी भाडा असुलिरहेका छन् । बीपी राजमार्ग भएर चाडबाडका बेला दिनको १० हजारभन्दा बढी सवारी साधन गुड्छन् । अहिले यो सडक बन्द भएपछि नागढुंगा-मुग्लिन-नारायणगढ-हेटौंडा, चन्द्रागिरि-चित्लाङ-कुन्छाल-हेटौंडा र नौबिसे-पालुङ-हेटौंडा हुँदै यात्रु पूर्वतर्फ जाने गरेका छन् ।

शनिबारबाट मध्यपहाडी राजमार्गअन्तर्गत काभ्रेको भकुन्डेबेंसी-तेमाल-खैरेनी हुँदै रामेछापको सित्खा पुलबाट बीपी राजमार्ग निस्कने छोटो दूरीको वैकल्पिक सडक सञ्चालनमा आएको छ । यसको दूरी ३९ किमि छ । वैकल्पिक मार्ग सञ्चालनमा आए पनि व्यवसायीले अचाक्ली भाडा असुल्दै आएका छन् । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम जाने यात्रुलाई टिकट पाउन मुस्किल परेको छ । यी ठाउँमा जाने यात्रुसँग पनि गत वर्षको तुलनामा केही बढी भाडा व्यवसायीले लिएको गुनासो छ ।



सफलप्रकाश श्रेष्ठ

कान्तिपथ राजमार्ग अझै सञ्चालनमा आउन सकेको छैन । नारायणगढ-बुटवल सडकको दाउन्ने खण्डमा बेलाबेलामा सडक भासिने गर्दा दसैंका बेलामा यातायात आवागमन प्रभावित बन्दै आएको छ । यो खण्डमा सास्ती खेपेर यात्रु गन्तव्यमा पुग्न बाध्य छन् । यो सडक भएर दिनको करिब २० हजार सवारीसाधन ओहोरदोहोर गर्छन् । दाउन्ने खण्डमा पटक-पटक सडक भासिँदा यात्रुको सडकमै बास बस्न बाध्य छन् । चाडबाडका बेलामा सडकलाई सहज बनाउन आयोजना र स्थानीय प्रशासनले सकेका छैनन् ।

बाटोले गर्दा बुकिङ लिएको समेत पैसा फिर्ता गर्नुपर्ने अवस्था आएको छ । सडकको अवस्थाले गर्दा बुकिङ लिएको समेत पैसा फिर्ता गर्नुपर्ने अवस्था आएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले बताए । 'सबैभन्दा बढी समस्या नारायणगढ-बुटवल सडकको दाउन्ने खण्डमा भएको छ,' उनले भने, 'सडककै कारण यात्रुलाई गन्तव्यमा पुर्‍याउन समस्या भएको छ ।'

यात्रुबाट दोब्बर भाडा नलिन व्यवसायीलाई उनले अनुरोध गरेका छन् । 'वैकल्पिक राजमार्ग प्रयोग गर्दा थोरै भाडा बढी लिएको हुन सक्छ । तर दोब्बर र मनपरी भाडा लिन पाइने छैन,' उनले भने, विपत्तिका बेला सबैले सबैको ठाउँबाट सहयोग गर्नुपर्छ, यस्तो कुरामा यात्रु पनि सचेत हुन जरुरी छ ।' बढी भाडा लिनेलाई प्रहरीले कारबाही गरेको उनको भनाइ छ । काठमाडौंका विभिन्न नाकाबाट अहिलेसम्म दसैंका लागि ५ लाख यात्रु बाहिरिएको अनुमान रहेको उनले सुनाए ।

यात्रुबाट बढी भाडा लिएको गुनासो आउने गरेको र त्यस्तालाई नियन्त्रणमा लिई कारबाही पनि गरेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका डीएसपी रविन कार्कीले बताए । 'बाटो बिग्रिएको र बल्खुबाट हेटौंडा जाने बाटो ५५ किमि टाढा भएको भन्दै पहिलाकै भाडा देखाएर यात्रुसँग बढी भाडा लिएको पायौं,' कार्कीले भने, 'यसरी बढी भाडा लिनेलाई नियन्त्रणमा लिएर कारबाही गरेका छौं ।' बढी भाडा लिने ५ देखि ७ जनालाई दैनिक नियन्त्रणमा लिई कारबाही गरिरहेको उनको दाबी छ ।

दैनिक अनुगमन गरेर बढी भाडा लिनेलाई कारबाही गरिरहेको यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले जनाए । 'काउन्टर नजिकै यात्रु सहायता कक्ष राखिएको छ,' उनले भने, 'अहिलेको विपत्तिलाई देखाएर यात्रुसँग कसैले पनि बढी भाडा असुल्न पाइनेछैन, बढी भाडा लिएको पाइए कारबाही गर्छौं ।' बढी भाडा लिएमा यात्रुले नजिकै रहेका ट्राफिक प्रहरीलाई उजुरी गर्न सकिने उनको भनाइ छ । 'बढी भाडा लिए नजिकैको यात्रु सहायता कक्ष वा सीधै विभागमा उजुरी गर्दा हुन्छ,' उनले भने, 'शुक्रबार गुनासो आएर दुई जनालाई पक्राउ गरेर कारबाही गरेका छौं ।'

# दसैंलाई ल्याइए खसी-बोका र च्यांग्रा

- खसी-बोकामा व्यापारी र सरकारी मूल्य उस्तै, च्यांग्रा किलोमा ३० रुपैयाँ सस्तो
- बाढीपहिरोले ढुवानीमा केही समस्या भए पनि दसैंका लागि अभाव नहुने

**राजु चौधरी** (काठमाडौं)

सरकारले दसैंमा छुट दिएर खसी-बोका बिक्री गर्ने भने पनि व्यापारीकै मूल्यमा बिक्री गरिरहेको पाइएको छ । आइतबारदेखि बिक्री सुरु गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खसी-बोकाको मूल्य प्रतिकिलो ६ सय ६० रुपैयाँ तोकेको छ । उक्त मूल्य प्रतिकिलो १० रुपैयाँ छुटसहितको हो । आइतबार मात्रै १ सय १४ खसी-बोका बिक्री भएको खाद्यका प्रादेशिक कार्यालय प्रमुख भीम थापा जनाउँछन् । तर मूल्य भने व्यापारीकै जस्तो रहेको उनको भनाइ छ । किनभने काठमाडौं चौपाया खरिदबिक्री प्रालिले खाद्यभन्दा सस्तोमा बिक्री गरिरहेको छ ।

कम्पनीले आइतबार खसी-बोका प्रतिकिलो ६ सय ४० रुपैयाँदेखि ७ सय रुपैयाँमा बिक्री गरिरहेको छ । 'उपत्यकाको सबैभन्दा ठूलो खसीबजार कलंकीमा खसीअनुसार प्रतिकिलो ६ सय ४० रुपैयाँदेखि ७ सय रुपैयाँमा खरिद-बिक्री भएको छ । मासु धेरै आउने खसी-बोकाको मूल्य ७ सय रुपैयाँ छ,'



संघका अध्यक्ष जनक खड्काले भने, 'यो गत वर्षकै मूल्य हो ।'

च्यांग्राको हकमा भने खाद्यको मूल्य सस्तो छ । खाद्यले प्रतिकिलो ३० रुपैयाँ सस्तोमा बिक्री गरेको छ । आइतबार ४० च्यांग्रा बिक्री भएको थापाले जनाए । खाद्यले च्यांग्रा प्रतिकिलो १२ सय २० रुपैयाँको दरले बिक्री गरिरहेको छ । खरिद र ढुवानी मूल्य भने प्रतिकिलो १ हजार ८५ रुपैयाँ परेको थियो ।

व्यापारीहरूले भने च्यांग्राको मूल्य प्रतिकिलो १२ सय ५० रुपैयाँ तोकेका छन् । 'च्यांग्रा सस्तो भए पनि खसी-बोका भनेजस्तो सस्तो पाइएन, व्यापारी र खाद्य कम्पनीको मूल्य उस्तै भयो,' एक अधिकारीले भने, 'मूल्य उस्तै छ, केही दिनपछि घट्न पनि सक्छ ।' खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यसपालि ढिलो गरी खसी-बोका खरिदबिक्री सुरु गरेको छ । कम्पनीले आइतबारसम्म ५२० वटा खसी-बोका र २ सय ८५ वटा च्यांग्रा ल्याएको छ ।

यसपालि ३ सय ल्याउने भनिएकामा २ सय ८५ च्यांग्रा सकुशल उपत्यका आइपुगेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीका खरिद विभाग प्रमुख अनन्तराज पौडेलले जनाए । तुलसीपुरमा खसी-बोका खरिद प्रक्रिया सुरु भएको छ । हेटौंडामा वाग्मती गाउँपालिकाले १८ देखि २० सम्म खसी-बोका बिक्रीको सूचना निकालेको छ । बाँकी पृष्ठ ८

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 9.49% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

# बंगलादेशमा खुदो निर्यात उत्साहजनक

## चालु आर्थिक वर्षको दुई महिनामै ५ करोडभन्दा बढीको निकासी

**पर्वत पोर्तेल** (विराटनगर)

उखुको रसलाई पकाएपछि खुदो तयार हुन्छ । चिनी कारखानाको 'बायो प्रडक्ट' खुदो पछिल्लो समय बंगलादेश निर्यात भइरहेको छ । तथ्यांक हेर्दा खुदोको निर्यात उत्साहजनक देखिन्छ । पूर्वी नाकाबाट गत वर्ष करिब साढे ९ करोडको खुदो निर्यात भएको थियो । चालु आर्थिक वर्षको दुई महिनामै ५ करोडभन्दा बढीको खुदो बंगलादेश निर्यात भइसकेको छ । आधा दर्जनभन्दा बढी फर्मले खुदो बंगलादेश पठाइरहेका छन् । देशभर करिब एक दर्जन जति चिनी मिल छन् । ती मिलबाटै उत्पादित खुदो बंगलादेश निर्यात भइरहेको हो ।

आर्थिक वर्ष ०७८/७९ बाट खुदो पहिलो पटक बंगलादेश निर्यात हुन थालेको नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड शाखा कार्यालय, काँकडभिट्टाले जनाएको छ । त्यस वर्ष करिब २३ लाख रुपैयाँको १७ हजार ६० किलो खुदो बंगलादेश पठाइएको थियो । आर्थिक वर्ष ०७९/८० मा निर्यात शून्य रहेको खुदो ०८०/८१ देखि उत्साहजनक रूपमा निर्यात हुन थालेको कार्यालय प्रमुख सुवास पाण्डेले बताए । 'बंगलादेशमा नेपाली खुदोको माग उच्च पाइएको छ,' उनले भने ।

विगतमा बंगलादेशले भारतबाट खुदोको माग पूर्ति गर्दै आएको व्यवसायी बताउँछन् । तर हालसालै भारतले खुदो निर्यातमा ५० प्रतिशत ड्युटी लगाएपछि बंगलादेशले नेपालबाट खुदो आयात गर्न थालेको हो । भारतबाट आयात गर्न बंगलादेशलाई सहज थियो । कम खर्च र कम समयमा खुदो बंगलादेश पुग्थ्यो । गत जनवरी १८ मा भारतले बंगलादेशलगायत देशमा खुदो निर्यात गर्दा ५० प्रतिशत निर्यात कर लगाउने निर्णय गरेको थियो । भारतले इथानोल उत्पादनका लागि खुदोको आपूर्ति बढाउन यो निर्णय गरेको जनाइएको छ । भारतले कर बढाएपछि बंगलादेशले विकल्पका रूपमा नेपालबाट आयात गर्न थालेको बंगलादेशसँग व्यापार गर्दै आएका भन्सार एजेन्ट दिलीप तिम्सिनाको भनाइ छ । 'बंगलादेशलाई नेपालबाट खुदो आयात गर्न भारतभन्दा सस्तो पर्न जान्छ,' उनले भने ।

खासमा बंगलादेशले खुदोबाट मिठाई, पेय पदार्थ तथा विभिन्न परिकार बनाउँदै आएको छ । नेपालका चिनी मिलहरूले उत्पादन गरेको खुदोलाई बंगलादेशले इथानोल उत्पादनमा प्रयोग गर्ने गरेको व्यवसायीहरू बताउँछन् । बंगलादेशका लागि इथानोल उत्पादनको महत्त्वपूर्ण कच्चा पदार्थ हो, खुदो । इथानोललाई जैविक इन्धनका रूपमा प्रयोग गरिन्छ ।

अमेरिकामा बसोबास तथा रोजगार
EDV 2026
E-Spot Nepal को 25 औं वार्षिकोत्सव तथा दशैंको अवसरमा विद्यार्थीहरुलाई
असोज 21 गते देखि असोज 30 गते सम्म
30% छुट
विद्यार्थी परिचय पत्र अनिवार्य छ
EDV 2025 RESULT QR CODE
।। गत वर्ष EDV 2025 पर्यो 3861 नेपालीहरुलाई ।।
।। यो वर्ष EDV 2026 अवश्य पर्न सक्छ तपाईलाई ।।
E-Spot Nepal
Where Your Luck Begins
New Road, Khichapokhari (Above Kumari Bank)
☎ 01-53 444 44 (8 Am - 7:45 Pm)

CYPRUS मा रोजगार GEORGIOS KONTOGIANNIS PRIVATE EMPLOYMENT & IMMIGRATION SERVICES

LT No.: 311718

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO |
|---|---|---|---|---|
| १. | DOMESTIC WORKER | 2 | 7 | 400 |
| २ | EMPLOYEE | 5 | 4 | 600 |
| ३. | LABORER AGRICULTURE | 3 | 4 | 455 |

LT No.: 311719

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO |
|---|---|---|---|---|
| १. | Domestic Worker | 2 | 7 | 400 |
| २ | Employee | 5 | 4 | 600 |
| ३. | Laborer Agriculture Farm | 3 | 4 | 455 |

अन्तरवार्ता २०८१ असोज २९ गते (15 Oct., 2024) यस प्रा. लि. को कार्यालय समाखुसी काठमाडौंमा हुनेछ ।

अग्नि ओभरसिज प्रा. लि.
सामाखुसी-२६, गोंगबु आवास क्षेत्र, काठमाण्डौ फोन: ०१-४९५१६६२, ९८४०४११७८५

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८१/०६/२१ को कान्तिपुर राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण

**१. ऋणीको नामः सन्देश ईटा उद्योग** **कर्जा शिर्षकः** क्यास क्रेडिट, डिमाण्ड कर्जा र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा दर्ता रहेको), दर्ता नं.: १०१/१०६२/०६३/०६४, दर्ता मितिः २०६४/१०/१४, स्थायी लेखा नं.: ६०००२२७५६, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ८ हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ५ ।

साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरूः

**क. सूर्य मोहन विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११२४/४७६ (२०४६/०३/२६/कञ्चनपुर), बाजेको नामः कविराम विश्वकर्मा, बाबुको नामः पदम बहादुर विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।

**ख. दुर्गा कुमारी विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२०१ (२०५२/०२/१८/कञ्चनपुर), बाबुको नामः लाल बहादुर विश्वकर्मा, ससुराको नामः पदम बहादुर विश्वकर्मा, पतिको नामः सूर्य मोहन विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।

व्यक्तिगत जमानतकर्ताः

**राज मोहन लामिछाने वि.क.:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५-०२-७५-०४५२७ (२०७५/०३/०४/कञ्चनपुर), बाजेको नामः पदम बहादुर विश्वकर्मा, बाबुको नामः सूर्य मोहन विश्वकर्मा, ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ ।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

लाल बहादुर विश्वकर्माको छोरी, पदम बहादुर विश्वकर्माको बुहारी, सूर्य मोहन विश्वकर्माको पत्नी, कञ्चनपुर जिल्ला, कालीका गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ बस्ने **दुर्गा कुमारी विश्वकर्मा**को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्ननानुसारको धितो सम्पत्तिहरूः

**क.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. ८ स्थित कि.नं. ५५७, १४२५, १६४८ र १७०९ को क्षेत्रफल क्रमशः ६७८.००, ३३८.६३, ३४०४.०८ र १०१५.८९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. २ स्थित कि.नं. ४३५ र ५९९ को क्षेत्रफल क्रमशः ५२५.०० र ५१०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ग.** कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. ६३५ को क्षेत्रफल १६९३.१५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**घ.** कञ्चनपुर जिल्ला, वाइसी विचवा गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.नं. ९२५ को क्षेत्रफल १०००.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः रोहन खाद्यान्न खरिद विक्री** **कर्जा शिर्षकः** क्यास क्रेडिट र डिमाण्ड कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगरमा दर्ता रहेको) दर्ता नं.: २७१२१, दर्ता मितिः २०७१/१२/१०, स्थायी लेखा नं.: ६०३१०३०४१, ठेगानाः मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

**खेम कुमार साहु तेलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७८२/५८०७ (२०४६/०३/०२/मोरङ), बाजेको नामः शिवलोचन साहु तेली, बाबुको नामः राधा कृष्ण साहु तेली, ठेगानाः मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ ।

व्यक्तिगत जमानतकर्ताहरूः

**क. विजय कुमार साहु तेलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६५९५-५८०८ (२०५३/०६/२२/मोरङ), बाजेको नामः शिवलोचन साहु तेली, बाबुको नामः राधा कृष्ण साहु तेली, ठेगानाः मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ ।

**ख. माहालक्ष्मी साहु तेलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५२०४३/२०६१३ (२०६९/०३/१३/मोरङ), बाबुको नामः सरजु साहु, ससुराको नामः राधा कृष्ण साहु तेली, पतिको नामः विजय कुमार साहु तेली, ठेगानाः मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ ।

**ग. लक्ष्मी साहु तेलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५२०४३/२०६१२ (२०६९/०३/१७/मोरङ), बाबुको नामः सरजु साहु, ससुराको नामः राधा कृष्ण साहु तेली, पतिको नामः खेम कुमार साहु तेली, ठेगानाः मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. २ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ७ ।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

**अ.** शिवलोचन साहु तेलीको नाति, राधा कृष्ण साहु तेलीको छोरा, मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ बस्ने **खेम कुमार साहु तेली**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.नं. ९५० र ९५६ को क्षेत्रफल क्रमशः १८६.२५ र ८४.६६ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**आ.** शिवलोचन साहु तेलीको नाति, राधा कृष्ण साहु तेलीको छोरा, मोरङ जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. ९ बस्ने **विजय कुमार साहु तेली**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरुः

**क.** मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा., वडा नं. १/ख स्थित कि.नं. ९५७ को क्षेत्रफल १०१.५९ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा., वडा नं. १/ङ स्थित कि.नं. १२०० को क्षेत्रफल १९८.९५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः नारायण गल्ला भण्डार** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, भैरहवा, रूपन्देहीमा दर्ता रहेको) दर्ता नं.: २२३०१/०६५, दर्ता मितिः २०६५/०५/२९, स्थायी लेखा नं.: ३०३५९८४०६, ठेगानाः रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ ।

प्रोप्राईटरः

**शम्भुनाथ चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २२०५ (२०५२/०५/०१/रूपन्देही), बाजेको नामः मुन्सी थारू, बाबुको नामः साधु थारू, ठेगानाः रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ ।

व्यक्तिगत जमानतकर्ताहरूः

**क. सुन्दरी देवी चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६५४५ (२०६०/१२/१६/रूपन्देही), बाबुको नामः पूर्णमासी थारू, ससुराको नामः साधु थारू, पतिको नामः शम्भुनाथ चौधरी, ठेगानाः रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ ।

**ख. मान बहादुर चौधरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७१-१२०५५ (२०७१/१२/२६/रूपन्देही), बाजेको नामः साधु थारू, बाबुको नामः शम्भुनाथ चौधरी, ठेगानाः रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ ।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

**क.** मुन्सी थारूको नाति, साधु थारूको छोरा, रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ बस्ने **शम्भुनाथ चौधरी**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, पोखरभिन्डी गा.वि.स./न.पा., वडा नं. ३/क स्थित कि.नं. ६७३ को क्षेत्रफल ३९७.९० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** पूर्णमासी थारूको छोरी, साधु थारूको बुहारी, शम्भुनाथ चौधरीको पत्नी, रूपन्देही जिल्ला, धकधई गा.वि.स., वडा नं. ७ परिवर्तित रूपन्देही जिल्ला, रोहिनी गा.पा., वडा नं. ३ बस्ने **सुन्दरी देवी चौधरी**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका, वडा नं. ८ स्थित कि.नं. २२५ को क्षेत्रफल २३१.६५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# कोहलपुर–सुर्खेत १३२ केभीको विवाद सुल्झियो

## स्थानीयले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश पुनमसिंह चन्द र श्यामजी प्रधानको संयुक्त इजलासद्वारा माग दाबी नपुग्ने ठहर

**तृप्ति शाही** (वीरेन्द्रनगर)

कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन विस्तारको विवाद अदालतले किनारा लगाएको छ। माग दाबी पुग्न नसक्ने भन्दै उच्च अदालत तुलसीपुर इजलास नेपालगन्जले रिट निवेदन खारेज गरेको छ। प्रसारण लाइनअन्तर्गत सुरुवाती बिन्दु बाँकेको बैजनाथ गाउँपालिकाका स्थानीयले लामो समयदेखि अवरोध गर्दै आएका थिए।

टावर निर्माण गर्ने क्षेत्रमा जग्गा अधिकरणको विषयमा बैजनाथ गाउँपालिकाको बानियाँभार र गाभरमा विवाद उत्कर्षमा पुगेको थियो। स्थानीयले प्रसारण लाइन सार्नुपर्ने माग राखेका थिए। उनीहरूले गत जेठ ३२ मा उच्च अदालतमा रिट दायर गरेका थिए। स्थानीयले प्रसारण लाइनका टावर जग्गामा पर्ने भन्दै लामो समयदेखि आयोजनालाई अगाडि बढ्नमा बाधा पुऱ्याएका थिए।

स्थानीयले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीशहरू पुनमसिंह चन्द र श्यामजी प्रधानको संयुक्त इजलासले माग दाबी पुग्न नसक्ने भन्दै रिट निवेदन खारेज गरेको हो। अदालतले रिट निवेदन खारेज गरेसँगै प्रसारण लाइन निर्माणको बाटो खुलेको छ। तर अदालतको पूर्णपाठ भने आइसकेको छैन।

बाँकेको बैजनाथ गाउँपालिका-१ को गाभरमा पाँच वटा र बैजनाथ-४ को बानियाँभार क्षेत्रमा तीन वटा टावर निर्माण गर्नुपर्नेछ। अदालतले विवाद किनारा लाएसँगै निर्माण प्रक्रिया सुरु गर्ने तयारी गरिएको कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाले जनाएको छ। अब पूर्णपाठको पर्खाइका रहेको आयोजनाका प्रमुख रवि चौधरीले बताए। 'पूर्ण पाठ आएपछि काम अघि बढाउने योजना बनाएका छौं,' उनले भने, 'दसैंपछि पूर्णपाठ आउने जानकारी पाएका छौं।'

कर्णालीको विद्युत् सेवालाई सुधार गरी गुणस्तरीय बनाउन तथा भेरी र कर्णाली नदी बेसिनमा निर्माण हुने जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा जोड्ने गरी सरकारले कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण आयोजना अगाडि बढाएको थियो। ०७६ असार २२ मा प्रसारण लाइन निर्माणका लागि सम्झौता गरिएको थियो। यो आयोजना सम्पन्न भए कर्णालीमा बारम्बार हुने अघोषित लोडसेडिङसँगै लो भोल्टेजको समस्या समाधान हुने अपेक्षा छ।

दुई वर्षमा सम्पन्न भइसक्ने काम बर्दिया राष्ट्रिय निकुञ्ज, बाँकेको गाभर र बानियाँभार क्षेत्रको विवादले तीन वर्ष पर धकेलिएको छ। विवाद नभएको क्षेत्रको काम १ वर्ष अघि नै सम्पन्न भइसकेको छ। हर्रे-छिन्चु-वीरेन्द्रनगर प्रसारण लाइनको टावर निर्माण र तार तान्ने काम सकिसकेको चौधरीले बताए। वीरेन्द्रनगरको सुब्बाकुनामा सबस्टेसन निर्माणको काम पनि ८० प्रतिशत सकिएको छ।

यसअघि मुख्य विवाद देखिएको बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज क्षेत्रमा रुख कटानको अनुमति पाइसकेको छ। एक साताअघिबाट बाँके राष्ट्रिय निकुञ्जमा रुख काट्न पनि सुरु गरिएको छ। साउन १६ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले ६ हजारभन्दा बढी रुख कटानको अनुमति दिएको थियो। रुख काट्नका लागि ३ महिना जति समय लाग्ने आयोजनाले जनाएको छ।

यस क्षेत्रमा मात्रै ७० टावर निर्माण गर्नुपर्नेछ। अहिलेसम्म खाली क्षेत्रमा ५० बढी टावरको फाउन्डेसन तयार गरिसकिएको छ। रुख कटानसँगै टावरको बाँकी काम पनि सँगसँगै अघि बढाइरहेको चौधरीले बताए।


## अर्थ संक्षेप

### सातै प्रदेशमा स्ट्यान्डर्ड चार्टर्ड बैंक



काठमाडौं (कास)- स्ट्यान्डर्ड चार्टर्ड बैंकले देशका सातै प्रदेशमा शाखा कार्यालय पुगेको जनाएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा नयाँ शाखा कार्यालय स्थापना गरेसँगै सातै प्रदेशमा बैंकको शाखा कार्यालय पुगेको बताएको हो। बैंकले शनिबार कर्णाली प्रदेशको वीरेन्द्रनगर, सुर्खेत र आइतबार सुदूरपश्चिम प्रदेशको धनगढी र कैलालीमा नयाँ शाखा स्थापना गरेको हो। राष्ट्र बैंकको एकीकृत निर्देशनअनुसार 'क' वर्गका बैंकले सबै प्रदेशमा कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था छ। सोहीअनुरूप बैंकले सातै प्रदेशमा शाखा कार्यालय स्थापना गरेको जनाएको हो।

### प्रधानमन्त्री उद्धार कोषमा ग्लोबल आईएमईको पाँच करोड सहयोग



काठमाडौं (कास)- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ग्लोबल आईएमई बैंकसहित आईएमई ग्रुपले पाँच करोड रुपैयाँ सहयोग गरेको छ। बैंक तथा आईएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई आइतबार उक्त रकम बराबरको चेक हस्तान्तरण गरे। कोषमा ग्लोबल आईएमई बैंकको ४ करोड ५० लाख, आईएमई लिमिटेडको २० लाख, आईजीआई प्रडेन्सिएल इन्सोरेन्सको १५ लाख र आईएमई लाइफको १५ लाख गरी ५ करोड रुपैयाँ हस्तान्तरण गरिएको जनाइएको छ। गत असोज १० मा परेको अविरल झरीले निम्त्याएको बाढीपहिरो र डुबानबाट प्रभावितलाई सहयोग गर्न राहतस्वरूप उक्त रकम हस्तान्तरण गरेको बैंकका अध्यक्ष ढकालले बताए।

### कात्तिक २४ मा 'स्टार्टअप तथा अन्टरपेनर्स सम्मेलन'

पर्सा (कास)- नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको स्टार्टअप समिति, प्रदेश सरकार र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहकार्यमा आउँदो कात्तिक २४ मा मधेश प्रदेशस्तरीय 'स्टार्टअप तथा आन्टरपेनर्स सम्मेलन-२०२४' वीरगन्जमा हुने भएको छ। सम्मेलनबारे जानकारी दिन आइतबार वीरगन्जमा आयोजित पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश अध्यक्ष अशोककुमार टेमानीले सम्मेलनले प्रदेशका नवप्रवर्तनशील उद्यमी, स्टार्टअप र सम्भावित उद्यमशील व्यक्तिलाई महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिएको बताए। अहिलेको विश्व अर्थतन्त्र, उद्यम र व्यापारमा स्टार्टअप संस्कृति अपरिहार्य बन्दै गएको र कोरोना महामारीयता उद्योग व्यापारको प्रवृत्तिमात्र नभएर मानिसको जीवनशैलीमा परिवर्तन आइरहेको टेमानीको भनाइ छ। परम्परागत तरिकाले अर्थतन्त्रलाई गति दिन सहज नरहेको र यसलाई विश्वको अभ्यासले स्थापित गर्दै लगेको उनको भनाइ छ।

### दैवी प्रकोप उद्धार कोषमा नेपाल एसबीआईको २५ लाख



काठमाडौं (कास)- नेपाल एसबीआई बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ लाख रुपैयाँ सहयोग गरेको छ। गत असोज १० देखिको अविरल झरीका कारण आएको बाढीपहिरो र डुबानले पुगेको क्षतिबाट प्रभावितलाई राहत दिन बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त सहयोग गरेको जनाएको छ। नेपाल एसबीआई बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले उक्त सहयोग रकमको चेक प्रधानमन्त्री केपी शर्मा ओलीलाई हस्तान्तरण गरे। प्रधानमन्त्री कार्यालय, सिंहदरबारमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत विकास आनन्दलगायतको उपस्थिति थियो।

### 'बंगलादेशसँगको बिजुली बिक्री सम्झौता स्वागतयोग्य'

काठमाडौं (कास)- स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले बंगलादेशलाई ४० मेगावाट बिजुली बिक्री गर्न भएको त्रिपक्षीय सम्झौतालाई स्वागत गरेको छ। गत बिहीबार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतको एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) का प्रमुख कार्यकारी अधिकृत रेनु नारङ र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बीपीडीबी) का अध्यक्ष मोहमद रिजाउल करिमबीच काठमाडौंमा ४० मेगावाट बिजुली बिक्री गर्न सम्झौता भएको थियो। यो सम्झौतालाई ऐतिहासिक सम्झौताका रूपमा नेपालले लिएको इप्पानले जनाएको छ। सन् १९७१ देखि नेपाल र भारतबीच विद्युत् आदानप्रदान भएकामा सन् २०१४ मा दुई देशबीच विद्युत् व्यापार सम्झौता (पीटीए) भई अल्पकालीन रूपमा विद्युत् व्यापार हुँदै आएकोमा ०८० पुस १९ मा भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालीन सम्झौता भइसकेको छ।

### सञ्चालनमा आयो 'लुगा घर'




काठमाडौं (कास)- ललितपुरको इमाडोलमा 'लुगा घर' सञ्चालनमा आएको छ। महालक्ष्मी नगरपालिकाका मेयर हरिगोविन्द श्रेष्ठले शनिबार 'लुगा घर'को उद्घाटन गरे। थ्रेड गार्मेन्टका सञ्चालक कृष्णराज तिमल्सिनाले आफ्नै नयाँ आउटलेटका रूपमा 'लुगा घर' सञ्चालनमा ल्याएका हुन्। यहाँ महिला र पुरुषदेखि बच्चासम्मका लागि स्वदेशी ब्रान्डका कपडा पाइने तिमल्सिनाले बताए। लुगा घरमा थ्रेड, डीआरजे, डक्टर डेनिम, टेन्टाकल, बिस्ट डेनिमलगायत विभिन्न ब्रान्डका कपडा पाइनेछ तिमल्सिनाले जनाए। आगामी दिनमा लुगाघरको फ्रेन्चाइज देशभर दिने गरी पहिलो आउटलेट सञ्चालनमा ल्याइएको उनले बताए।

लुगा घरमा थ्रेड गार्मेन्टमै उत्पादित स्वदेशी कपडा पाइने तिमल्सिनाको भनाइ छ। 'एउटै छानामुनि महिला, पुरुष, बच्चाहरू सबैलाई हुने कपडा पाइन्छ,' उनले भने, 'म कारखाना हेर्छु, श्रीमती रेश्माले लुगा घर चलाउँछिन्।' लुगा घरमा बच्चादेखि सबै उमेर समुहका लागि हुने कपडा पाइने रेश्माले बताइन्। यहाँ स्वदेशीसँगै केही आयातित कपडासमेत रहेको रेश्माले जनाइन्। कृष्णराजले ८ वर्षदेखि ललितपुरको इमाडोलमा 'थ्रेड गार्मेन्ट' सञ्चालन गरिररहेका छन्। गार्मेन्टमा प्रत्यक्ष रूपमा १ हजार र अप्रत्यक्ष रूपमा २ हजार जनाले रोजगारी पाइरहेका छन्।

## दसैंलाई...

नवलपुरमा पनि सहकारीमार्फत खरिद प्रक्रिया सुरु भएको छ।

'खसी-बोका खरिद गर्न पालिका र सहकारीसँग समन्वय गरेका छौं। सबै एकै पटक आउँदा व्यवस्थापन गर्न गाह्रो हुन्छ,' पौडेलले भने, 'खसी-बोको र च्यांग्रा भित्रिएसँगै बिक्री पनि सुरु गरेका छौं।' खसी-बोका खरिद र ढुवानी गरी प्रतिकिलो औसतमा ६ सय १५ रुपैयाँसम्म परेको उनले जनाए। तर गत वर्षभन्दा मूल्य नबढ्ने खाद्यको दाबी छ। खाद्यले गत वर्ष प्रतिकिलो खसीको मूल्य ६ सय ८० रुपैयाँ निर्धारण गरेको थियो। उक्त मूल्यमा १० रुपैयाँ छुट दिएर प्रतिकिलो ६ सय ७० रुपैयाँमा बिक्री गरेको थियो। विगतकै वर्ष झैं यसपालि पनि खसी-बोका र च्यांग्रामा प्रतिकिलो १० रुपैयाँ छुट दिने निर्णय भएको छ।

खाद्यले गएको दसैंका लागि खसी-बोका र च्यांग्रा २ हजार २ सय १२ वटा खरिद गरी उपत्यका ल्याएको थियो। तीमध्ये रसुवाबाट ५ सय ४२ वटा च्यांग्रा किनेको थियो। गत वर्ष छुटसहित खसी प्रतिकिलो ६ सय ७० र च्यांग्रा १२ सय ५० रुपैयाँ बिक्री मूल्य राखेको थियो। तर लामो समय बिक्री नभएपछि खाद्यले पटक-पटक मूल्य घटाएर खसी-बोका प्रतिकिलो ५९० रुपैयाँ र च्यांग्रा ११५० रुपैयाँ निर्धारण गरेको थियो तर सहज बिक्री भएन। पटकपटक मूल्य घटाएपछि खसी-बोका बिक्री भयो, च्यांग्रा छठसम्मै बिक्री भएन। बिक्री नभएपछि कुकुरले २० च्यांग्रा मारेको थियो भने १४ च्यांग्रा घाइते बनाएको थियो। त्यसैले यस वर्षको दसैंमा खाद्यले खरिदको संख्या घटाएको हो। यसपालि खसी-बोका १४ सय किन्ने जनाएको छ। च्यांग्रा ३ सय किन्ने भने पनि २ सय ८५ वटा ल्याएको छ।

निजी व्यवसायीले पनि दसैं लक्षित खसी-बोका र च्यांग्रा ल्याउन सुरु गरेका छन्। आइतबारसम्म कलंकी बजारमा १ हजार र भक्तपुरमा २ हजार च्यांग्रा भित्रिएको उनीहरूले जनाएका छन्। आइतबार मात्रै करिब ५ हजार खसी-बोका भित्रिएको चौपाया खरिदबिक्री प्रालि अध्यक्ष खड्काले बताए।

'खसी-बोका आउने क्रम सुरु भएको छ, बाढीपहिरोका कारण ढुवानीमा केही समस्या भए पनि अभाव हुँदैन। लगभग ३ हजार च्यांग्रा आइसकेका छन्। आइतबार मात्रै ५ हजार खसी-बोका आए,' खड्काले भने, 'आइतबारदेखि दसैं लागेको छ, खसी-बोका स्वदेशमै प्रशस्त छन्।' कलंकी बजारमा च्यांग्राको प्रतिकिलो मूल्य १ हजार २ सय ५० रुपैयाँ तोकिएको छ। यसपालिको दसैंमा ५० देखि ६० हजारसम्म खसी-बोका र च्यांग्रा बिक्री गर्ने लक्ष्य रहेको उनको भनाइ छ। बालाजु, भक्तपुरलगायत स्थानमा पनि खसी-बोका बिक्री हुन्छन्।


# भावपूर्ण श्रद्धाञ्जली

प्रातः स्मरणीय मेरी श्रीमती **सुमित्रा श्रेष्ठ**ज्यूको असामयिक स्वर्गारोहणको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

साथै पारिवारिक वियोगको यस दुःखद् घडीमा हामीप्रति सहानुभूति, समवेदना तथा सान्त्वना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, नातेदार, कुटुम्ब, इष्टमित्र, साथीभाई, शुभचिन्तक तथा शुभेच्छुकहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**पतिः सुरेन्द्र कुमार श्रेष्ठ**



**स्व. सुमित्रा श्रेष्ठ**
जन्मः वि.सं. २०१५ असार २५ गते
स्वर्गारोहणः वि.सं. २०८१ असोज ९ गते

**छोरी/ज्वाईः**
निलु श्रेष्ठ राजभण्डारी
सरिन राजभण्डारी

**छोरा/बुहारीः**
सुरेश श्रेष्ठ
सुनिल श्रेष्ठ/तसनीम बट श्रेष्ठ

**नाती / नातीनीहरूः**
म्याक्स राजभण्डारी
मेसन राजभण्डारी
अलैना श्रेष्ठ
जेईना श्रेष्ठ

**भाउजुहरूः**
बेगम श्रेष्ठ
ज्यानु श्रेष्ठ

**दिदी/भिनाजुहरूः**
सानु/याम बहादुर क्षेत्री
तेजु/विष्णु प्रसाद श्रेष्ठ
चिनु/सरोज श्रेष्ठ

**भतिजा/भतिजा बुहारीहरूः**
दिलिप कुमार/रमा श्रेष्ठ
सुरज कुमार/सृष्टिना श्रेष्ठ

**भतिजी/भतिजी ज्वाईहरू :**
सृजना/सुरेश मास्के
अन्जना/सानु राजा श्रेष्ठ
बन्दना/विष्णु प्रसाद श्रेष्ठ
कल्पना/ईश्वर जोशी
चन्दा/नरेशमान श्रेष्ठ
कुन्दन/आशिष शाक्य
सुमन/जतिन कृष्ण श्रेष्ठ
सुसन/मनिष हाडा

**तथा समस्त श्रेष्ठ परिवार**

# ३२ वर्षको वकालत...

३२ वर्षको वकालती र ९ वर्षको न्यायसम्पादनको अनुभव भएका उनले न्यायपालिकालाई अब कसरी हाँक्लान् ? वर्षौंसम्म कुर्दा पनि पालो नपाइने मुद्दा व्यवस्थापनको चुनौतीलाई के गरी सम्बोधन गर्लान् ? दिनभरिको धपेडीमा रहेका र न्यायसम्पादनको सर्वोच्च पद मिलेकाले पुलकित भएका राउतले आफ्नै कार्यकक्षमा कान्तिपुरको जिज्ञासामा निकै चनाखो भएर जवाफ दिए ।

प्रधानन्यायाधीश राउतले अदालतको जनआस्था बढाउनेदेखि छिटो मुद्दा छिन्ने र न्यायमा पहुँच बढाउनेसम्मका दर्जन योजना सुनाए । अनि एकछिन मौन बसे । र, कफी सुरुप्प पार्दै कुराकानी टुंग्याए, 'मलाई कसैले किन्न सक्दैन र म बिक्ने मान्छे पनि होइन । न्यायालयलाई सुधार्न यति भए पुग्छ ।'

संयोग, न्यायपालिका सुधारका लागि गठन भएका दुई ठूला अध्ययन समितिमा राउत प्रत्यक्ष रूपले जोडिएका छन् । तत्कालीन प्रधानन्यायाधीश दिलीपकुमार पौडेलका पालामा मुद्दा जित्न घूस मागिएको सीडी काण्ड सार्वजनिक भएपछि न्यायालयको विकृति-विसंगति सार्वजनिक चासोको विषय बन्यो । त्यसबेला राउत सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष थिए । उनकै पहलमा २०६४ मा सर्वोच्च बारले विकृति/विसंगतिविरुद्ध अध्ययन गर्न कार्यदल बनाउने निर्णय गर्‍यो । त्यसका अध्यक्ष तोकिए वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल र सदस्यहरू भए कानुनविद् भरतराज उप्रेती, प्रकाश वस्ती र कमलनारायण दास । अर्यालबाहेकका तिनै सदस्य पछि सर्वोच्चका न्यायाधीश पनि भए ।

आठ महिना लगाएर अनेक मानिससँग कुरा र धेरै कोणबाट अध्ययन गरेपछि करिब ३ सय पृष्ठको प्रतिवेदन तयार भएको सम्झना वस्तीसँग अहिले पनि छ । 'बिचौलिया भन्ने शब्द त्यही प्रतिवेदन लेखनमा क्वाइन भएको थियो,' वस्ती भन्छन्, 'हामीले अध्ययन गर्दा अदालतमा २९ थरी बिचौलिया सक्रिय भएको पाएका थियौं ।'

ती बिचौलिया पूर्वन्यायाधीशदेखि न्यायाधीशका भान्से, अदालतका कर्मचारी, वकिल, पत्रकार, ड्राइभर र न्यायाधीशका परिवारजनसम्म भएको पुष्टि भएको थियो । सर्वोच्च बारका अध्यक्षका हैसियतले राउत स्वयंले प्रतिवेदन तत्कालीन प्रधानन्यायाधीश केदार गिरीलाई हस्तान्तरण गरेका थिए तर त्यो औपचारिक रूपले सार्वजनिक गरिएन र लागू पनि भएन ।

धेरैपछि २०७८ मा सर्वोच्चकै न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा अध्ययन समिति गठन भयो, जसमा एक सदस्य स्वयं राउत थिए । आफूखुसी पेसी तोकेर मन लागेको तरिकाले मुद्दा छिन्ने र छिनाउने प्रवृत्तिले तत्कालिन प्रधानन्यायाधीस चोलेन्द्र शमशेर जबराको पालामा हद नाघेको थियो । श्रीमतीको हत्यामा जन्मकैदको सजाय पाएका रञ्जन कोइरालालाई छाडेपछि झन् चर्को आलोचना भयो । 'त्यही पृष्ठभूमिमा अध्ययन समिति गठन भएको हो,' राउतले सुनाए, 'हामीले २०७८ साउन १४ मा चोलेन्द्र श्रीमान्लाई प्रतिवेदन बुझायौं, दुई दिनपछि गोला प्रक्रियाबाट पेसी तोकिन सुरु भयो, जुन अहिले पनि जारी छ ।' उनले त्यस बेला ज्यादै भाँडिएको अदालतको अवस्था अहिले लयमा आएको बताए ।

न्यायालयको विकृति/विसंगति सुधारसम्बन्धी दुई अध्ययनमा प्रत्यक्ष परोक्षरुपमा संलग्न राउतले अब त्यसलाई कार्यान्वयन गर्ने अवसर पाएका छन् । गत साउन १ देखि लागू भएको न्यायपालिका सुधारको पाँचौं पञ्चवर्षीय रणनीति मस्यौदा गर्ने समितिको अध्यक्ष पनि राउत नै हुन् । न्यायालयमा रहेका दुई वर्ष पुराना सबै मुद्दाको किनारा पाँच वर्षभित्र लगाइसक्ने रणनीतिको उद्देश्य छ । पुराना प्रतिवेदन र पञ्चवर्षीय रणनीति कार्यान्वयनमै प्रधानन्यायाधीश राउतको सफलता भर पर्नेछ । उनी भने आफूसँग योग्य न्यायाधीशहरूको चुस्त समूह रहेकाले न्यायिक सुधारका काम अघि बढाउन सहज रहेको बताउँछन् । 'न्यायपालिकाको कमजोरी के हो भन्ने मलाई थाहा छ,' उनले भने, 'त्यसमा सुधारका लागि मेरा १८ महिना पूराका पूरा उपयोगमा आउनेछन् ।'

मुद्दा छिटो किनारा लगाउनेदेखि जनआस्था वृद्धि गर्नेसम्मका काममा नेतृत्वको निष्ठा र न्यायिक शुद्धताले ठूलो अर्थ राख्छ भन्ने प्रधानन्यायाधीश राउतलाई लाग्छ । वकालत गर्दा र न्यायाधीश हुँदाका दुवै अवस्थामा विवादमा नआएका उनी न्यायालयको नेतृत्वबाट पनि निर्विवाद भएर बिदा हुन सके भने उनको अर्को सफलता हुनेछ । बार र बेन्चको बढ्दो दूरीका कारण न्यायाधीश नियुक्तिमा हुँदै गएको जटिलतालाई जति छिटो चिर्न सक्छन्, उति छिटो उनका लागि बाटो सहज हुँदै जाने देखिन्छ ।

शीतल निवासमा प्रकाशमानले सर्वोच्च अदालतको सर्वोच्च पद ग्रहण गरिरहेका बेला उनका ८६ वर्षीय बुबा बलबहादुरको अनुहारमा प्रसन्नता र सन्तुष्टिको गहिरो चमक थियो । उनी २०१८ चैत १८ मा बलबहादुर र जग्गेश्वरीको माइलो छोराका रूपमा उदयपुरको कटारीमा जन्मिएका हुन् । कटारीदेखि अलि टाढा उदयपुरकै पहाडी इलाका साङ्लेमा राउत परिवारको पुर्ख्यौली घर थियो र घरदेखि डेढ घण्टा पर देविनाथ प्रावि । प्रकाशमानको प्रारम्भिक पढाइ त्यही स्कुलमा भयो । चौथो कक्षादेखि उनलाई बलबहादुरले कटारीको त्रिवेणी माविमा पढाए । त्यहींबाट उनले प्रवेशिका परीक्षा उत्तीर्ण गरे । 'बुबा भारत गइरहने हुनाले त्यहाँका वकिल, डाक्टर र इन्जिनियरहरूको जीवनबाट प्रभावित हुनुभएको थियो,' प्रधानन्यायाधीश राउत सम्झन्छन्, 'उहाँ हामी तीन छोरालाई पनि त्यही बनाउन चाहनुहुन्थ्यो ।'

बलबहादुरको इच्छा थियो, जेठो छोरो ज्ञानेन्द्रमान सिंह डाक्टर बनून् । त्यसैले उनलाई त्रिचन्द्रमा विज्ञान पढ्न पठाइयो । माइलो प्रकाशलाई वकिल बनाउन नेपाल ल क्याम्पसमा भर्ना गरियो । कान्छालाई इन्जिनियर बनाउन त्यहीअनुसार चाँजो मिलाउनेवाला थिए । तर जेठाले पढाइ छाडेर राजनीति गरे, कान्छो व्यापारमा लागेर केही पछि अमेरिका पुगे । माइलो प्रकाशले बुबाले देखेको सपनाअनुसार कानुनमा स्नातक गरेलगत्तै बहस गर्न थालिहाले ।

पञ्चायतविरुद्ध दलहरूले गरेको आन्दोलनलाई सम्बोधन गर्न राजाले २०३६ सालमा गराएको जनमत संग्रहको चुनाव भएकै वर्ष प्रकाशले प्रमाणपत्र तह पास गरे तर स्नातक सुरु गर्न एक वर्ष ढिलो हुन पुग्यो । उनले वकालतको प्रमाणपत्र २०४० असोज २५ मा पाए । उनको प्रमाणपत्र नम्बर हो- १११६ ।

प्रमाणपत्र पाएको भोलिपल्टै उनी एक जना 'क्लाइन्ट' का तर्फबाट रिट लिएर सर्वोच्च अदालत पुगे । त्यस दिनदेखि जारी उनको वकालती जीवन सर्वोच्चमा न्यायाधीशका लागि सिफारिस हुने केही समयअघि अर्थात् २०७२ फागुन १७ सम्म जारी रह्यो । वकालतका यी ३२ वर्षमा उनले देवानी, फौजदारी र संवैधानिक गरी सबै प्रकृतिका हजारौं मुद्दा लडे । तर कुनै मुद्दामा पनि उनी विवादमा आएनन् ।

उनलाई वकालती कला सिकाउने व्यक्ति दमननाथ ढुंगाना हुन्, जो त्यतिखेरै चल्तीका वकिल बनिसकेका थिए । कानुनविद्हरूमा अहिले पनि श्रद्धाले नाम लिइने गणेशराज शर्मादेखि मोतीकाजी स्थापितसम्मका व्यक्तिहरूसँग राउतको बाक्लो संगत हुन्थ्यो । 'उहाँहरूकै संगतले मलाई स्वतन्त्रता, निष्ठा र आदर्श जीवनका आधारभूत गुण हुन् भन्ने बोध गरायो, त्यसका आधारमा मैले वकालतलाई अघि बढाएँ,' राउत भन्छन्, 'अहिले पनि मेरो जीवनको मूलमन्त्र नै यही हो ।'

# 'अब जीवनको...

'मध्यरातमा बेरुत सहरलाई आगोले उज्यालो बनाइदिन्छ, बिहान धूवाँको मुस्लो देखिन्छ,' उनले भनिन्, 'कतिखेर के हुन्छ, कसैलाई थाहा छैन । मरिन्छ कि बाँचिन्छ, ठेगान छैन । कतै धान खाने मुसो तर चोट खाने भ्यागुतो पो भइन्छ कि भन्ने डर छ ।'

घरेलु कामदारका रूपमा कार्यरत जुनकिरी चार महिनाअघि मात्रै घरबिदाबाट लेबनान फर्केकी हुन् । 'लेबनानमा यस्तो हुन्छ भन्ने लागेकै थिएन । नत्र किन लेबनान फर्किन्थें ?' उनले भनिन्, 'नेपालबाट छोराछोरीले नबोलाएको दिन छैन । रोजगारदाता डराउनु पर्दैन, हामी क्रिश्चियन क्षेत्रमा बस्छौं, हाम्रोतिर इजरायलको निसाना पर्दैन, बाँचे सँगै बाँचौला, मरे सँगै मरौंला भन्छन् ।'

इजिप्टस्थित नेपाली दूतावासका अनुसार बेरुत आसपासमा मात्रै झन्डै एक हजार नेपाली कार्यरत छन् । लेबनानस्थित अवैतनिक नेपाली महावाणिज्य दूत मोहम्मद गोजायलले नेपालीहरू अहिलेसम्म सुरक्षित नै रहेको बताए । तर बेरुतको दहियेह आसपासमा समेत इजरायलले आक्रमण बढाउन थालेपछि त्यस क्षेत्रमा रहेका नेपाली त्रसित बनेका छन् ।

बेरुतमा कार्यरत सप्तरीका दिलीप मण्डल, सञ्जय शाह र रामलाल यादवले पनि पछिल्लो समय त्रास बढेको बताए । 'हामी तीन नेपाली स्याम्पु बनाउने उद्योगमा कार्यरत छौं । तीनै जनाको राहदानीको म्याद सकिएको छ । यहाँको परिचयपत्र पनि नवीकरण भएको छैन,' मण्डलले भने, 'हामी बसेको ठाउँभन्दा अलि टाढाटाढा विस्फोट भइरहेको छ । कम्पनीले आत्तिनुपर्दैन भनेपछि बसिरहेका छौं । तर त्रास बढेको छ ।'

युद्ध लम्बिँदै जाने देखिएकाले घर फर्कन चाहनेहरूका लागि नेपाल सरकारले प्रबन्ध मिलाउनुपर्ने माग नेपालीले गर्न थालेका छन् । 'को-को नेपाल जाने भनेर साथीभाइबीच सल्लाह भइरहेको छ । मेरो सम्पर्क रहेका तीन महिला स्वदेश जान तयार देखिएका छन्,' जुनकिरीले भनिन्, 'लेबनानको परिस्थिति बिग्रिएकाले सबैजनाको सूची तयार गर्न आवश्यक भइसकेको छ ।' पाल्पाकी यमिसरा थापामगरले पहिले जस्तो सुरक्षा अवस्था नदेखिएकाले स्वदेश फिर्नु नै उचित लागेको बताइन् । 'तर सरकारले उद्धार गर्छ कि गर्दैन ?' उनको जिज्ञासा छ ।

इजरायलले लेबनानमा हवाई र स्थल आक्रमण तीव्र पार्दै लगेपछि त्यहाँ रहेका नेपालीको सुरक्षा र उद्धारका लागि सार्वजनिक चासो पनि व्यक्त हुन थालेको छ । परराष्ट्रमन्त्री आरजु राणा देउवाले आइतबार इजरायल र लेबनान हेर्ने राजदूतसँग नेपालीको पछिल्लो परिस्थितिबारे जानकारी लिएकी थिइन् । उनले पछिल्लो समयमा विशेषगरी लेबनानमा रहेका नेपालीसँग सम्पर्कमा रहेर आवश्यक सहयोग गर्न राजदूतलाई निर्देशन पनि दिएकी छन् । 'कुनै पनि प्रकारले त्यहाँ रहेका सबै नेपालीको सम्पर्कमा पुग्ने प्रयास गर्नू, तत्कालै स्वदेश फर्कन कोहीले सहयोग चाहनुहुन्छ भने समन्वय गर्नू र त्यहाँबाट नेपाली नागरिकको उद्धार गरेर स्वदेश ल्याउनुपर्ने अवस्था आउन सक्छ भने पनि आवश्यक गृहकार्य गर्नू,' परराष्ट्रमन्त्री राणाको निर्देशन छ ।

लेबनान मामिला हेर्ने इजिप्टका लागि नेपाली राजदूत सुशील लम्सालले उद्धारका लागि कसैबाट अनुरोध नभएको बताए । 'लेबनानमा विकसित घटनाक्रमलाई नजिकबाट नियालिरहेका छौं,' उनले कान्तिपुरसँग फोनमा भने, 'उद्धारकै लागि भनेर कोही पनि सम्पर्कमा आउनुभएको छैन । सम्पर्कमा आए उडानको व्यवस्था गर्न कठिन छैन र तीन-चार जनाका लागि त व्यावसायिक उडानमा नै सिट उपलब्ध छ ।'

# पर्खाइमा...

हमास हमलामा १० नेपाली विद्यार्थीसहित करिब १२ सय जनाको मृत्यु भएको थियो । हमासको आक्रमणमा नौ नेपाली विद्यार्थी घाइते पनि भएका थिए । हमासले विपिनसहित विभिन्न मुलुकका करिब साढे दुई सयलाई बन्धक बनाएर लगेको थियो । विपिन हमासको नियन्त्रणमा रहेको इजरायली सुरक्षा बल (आईडीएफ) ले पुष्टि गरेको थियो । तर उनी कुन अवस्थामा कहाँ छन् भन्नेबारे केही खुलेको छैन । अस्थायी युद्धविरामका बेला हमासले विभिन्न चरणमा १ सय ५ बन्धकलाई मुक्त गर्दा विपिन भने परेनन् ।

जसले बढी पहल गर्‍यो, त्यही देशका नागरिक पहिलो चरणमा रिहा भएको बाबु महानन्दको बुझाइ छ । 'नेपाल सरकारले कतारसँगै बढी पहल गर्नुपर्छ,' उनले भने, 'कतारसँग कूटनीतिक रूपमा कुरा गर्न सके मात्रै विपिन रिहा हुन सक्छ ।'

UNILEVER NEPAL LIMITED

**शेयर लगत किताब बन्द रहने सूचना**

यस कम्पनीको एकत्तिसौं (३१ औं) वार्षिक साधारण सभाको सिलसिलामा कम्पनीको शेयर लगत किताब मिति २०८१/०६/२८ देखि २०८१/०७/१२ गते सम्म बन्द रहने व्यहोराको यो सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**युनिलिभर नेपाल लिमिटेड**
**बसामाडी, हेटौंडा-३**
**मकवानपुर, नेपाल**

**NIC ASIA Bank. Ltd.**
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79
Fax No.: +977-01-5111180
Toll Free No.: 1660-01-77771 (NTC) 1810-21-77771 (NCELL)
Feedback: Type FB and send SMS to 34488

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**RE-INVITATION FOR SEALED BID**

NIC ASIA Bank solicits sealed BID from interested Company/Firm for **supply, delivery, installation and testing of below mentioned office items:**

| SN | Office Items |
|---|---|
| 1 | Chairs (Executive/ Office/ Visitor/ Meeting room) |
| 2 | UPS & Batteries |
| 3 | EPABX system |
| 4 | Network Switch & Firewall |

Note: Quantities are mentioned in BID Documents.
Interested Company/Firm can obtain BID Documents from Bank's General Administration and Project Management Department at Registered Office, Thapathali upon payment of non-refundable document fee of NPR 5,000.00 for each set of Bid Document.

**Eligibility Criteria:**
- At least 3 years of company registration.
- Work experience of at least 3 organizations/BFIs of Nepal in last three years.
- Annual turnover of at least of NPR 5.00 Million in the fiscal year 2079/80 or latest.

**Documentation Requirement:**
- Company/Firm Registration Certificate – Duly Notarized.
- Valid copy of PAN/VAT certificate – Duly Notarized.
- Valid copies of TAX Paid receipt of fiscal year FY 2079/80 or latest – Duly Notarized.
- MOA and AOA – Duly Notarized.
- Latest Share Register (Share Lagat) – Duly Notarized.
- Latest Director Register (Sanchalak Lagat) – Duly Notarized.
- Latest Company Update (Company Adhyawodhik) in case of firms Renewal from – (Department of Commerce/Industry) – Duly Notarized.
- Authorization certificate for distributorship/dealership for the proposed product if applicable - Duly Notarized.
- Other documents as prescribed in BID Documents

**Note: Listed Vendors for fiscal year 2081/82 of the Bank are not mandatorily required to submit the notarized copies of above-mentioned documents.**

Sealed BID are to be submitted within close of business hour on 21st October 2024 in the prescribed format. Sealed BID should be addressed to General Administration & Projects Management Department and must be submitted in person. Sealed BID are to be submitted not later than next working day if there is public holiday in last date of submission. Sealed BID received after the deadline will not be accepted.

27

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

UNILEVER NEPAL LIMITED

## युनिलिभर नेपाल लिमिटेडको ३१ औं वार्षिक साधारणसभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को ३१औं (एकत्तिसौं) वार्षिक साधारण सभा यही **२०८१ कार्तिक १२ गते (अक्टोबर २८, २०२४)** सोमबारका दिन नेपाली समय अनुसार **दिउँसो ४:३० बजे** हुने र सो सभामा निम्न विषयहरूमा छलफल हुने भएकोले सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थान **द एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाडौं** रहेको छ ।

**साधारण प्रस्ताव:**

१. आर्थिक वर्ष २०८०/०८१ (२०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्म) (सन् २०२३, १७ जुलाई देखि सन् २०२४, १५ जुलाइ सम्म) को नाफा नोक्सान हिसाब, वासलात, नगद प्रवाह विवरण सहितको २०८१ आषाढ मसान्त (सन् २०२४, १५ जुलाइ) सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०८१ देखी शुरू हुने आगामी आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL) को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरु) भए पेश गर्ने ।

**नोटहरू:**

१. **२०८१ असार ३१ गते (जुलाई १५, २०२४) मा अन्त हुने आर्थिक वर्ष वार्षिक साधारणसभा बोलाउने सूचना, वार्षिक प्रतिवेदन र प्रोक्सी फारम तल उल्लेखित क्यु आर (QR Code) बाट डाउनलोड गर्न सकिनेछ भने यो सूचना नेपाल स्टक एक्सचेन्ज (NEPSE) को वेबसाइट www.nepalstock.com र युनिलिभर नेपाल लिमिटेड (UNL) को वेबसाइट (www.unilevernepal.com) मा पनि उपलब्ध छ ।** Green Initiative (ग्रीन इनिसिएटिभ) अन्तर्गत र दिगोपनको पालनाको लागि, वार्षिक प्रतिवेदन र प्रोक्सी फारमको विद्युतिय प्रतिहरु शेयर रजिस्ट्रार (RTS)को अभिलेखमा उपलब्ध भई दर्ता भएको शेयरधनीहरुको इमेल ठेगानामा पठाइनेछ ।

२. **कुनै पनि प्रश्न, प्रतिक्रिया वा सुझावहरु दर्ता गर्ने विकल्प सबै शेयरधनी महानुभावहरूलाई साधारण सभाको मिति अघि र साधारण सभाको दिनमा उपलब्ध छ ।** इच्छुक शेयरधनी महानुभावहरूहरूले ५ कार्तिक २०८१ सोमबार (२१ अक्टोबर २०२४) सम्म वा अघि unl.shareholdersconnect@unilever.com मा लेखेर वा ९८०११३३८५७ मा सम्पर्क गरी सो प्रश्न, प्रतिक्रिया वा सुझावहरु दर्ता गर्न सक्नुहुनेछ । जसले गर्दा साधारण सभाको समयमा स्पष्टरूपमा प्रतिक्रिया प्रदानगर्नलाई सहयोग गर्ने छ ।

३. **सम्मानित उच्च अदालत पाटनले दिएको अन्तरिम आदेश जारी रहेकाले यस वर्ष सार्वजनिक शेयरधनी महानुभावहरूहरूको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन हुने छैन ।**

४. भौतिकरूपमा शेयर धारण गर्ने र कम्पनीसँग आफ्नो इमेल ठेगाना, पत्राचार ठेगाना, वा अन्य विवरण अद्यावधिक नगर्नुभएका शेयरधनी महानुभावहरूलाई कम्पनीको इमेल आइडी: unl.shareholdersconnect@unilever.com मा लेखेर र nisha.basnet@lscapital.com.np मा कपि गरेर आफ्नो इमेल ठेगाना र व्यक्तिगत विवरण सदस्यको नाम र ठेगाना, सम्पर्क नम्बर (मोबाइल नम्बर), प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि र आफ्नो ठेगानालाई प्रमाणित गर्ने अन्य कुनै पनि कागजातको स्व-प्रमाणित प्रतिलिपि (जस्तैः ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाणपत्र, राहदानी) पेश गरी अद्यावधिक गर्न अनुरोध गरिन्छ। साथै, अभौतिकीकृत रूपमा शेयर धारण गर्ने सदस्यहरु लाई सम्बन्धित डिपोजिटरी पार्टिसिपेण्टहरूसँग २०८१ आश्विन २७ गते (अक्टोबर १३, २०२४) बुधबार बेलुका ५:०० बजे वा सो भन्दा अघि आफ्नो इमेल ठेगानाहरु दर्ता/अद्यावधिक गर्न अनुरोध गरिन्छ । इ-मेल ठेगाना दर्ता गर्दा कुनै पनि जिज्ञासा/कठिनाइहरु भएमा, सदस्यहरूले सम्पर्क नम्बर: ९७७-१-५९७००६४, एक्सटेन्सन नम्बर: २१३ अथवा कम्पनीको इमेल आइडी unl.shareholdersconnect@unilever.com मा लेख्नवा कम्पनीको शेयर रजिष्ट्रारमा इमेल मार्फत nisha.basnet@lscapital.com.np मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| वार्षिक प्रतिवेदन (२०८०/८१) | | प्रोक्सी फाराम |
|---|---|---|
| नेपाली | अंग्रेजी | नेपाली |

यदि तपाइँले वार्षिक रिपोर्ट खोल्न/पढ्न को लागि उपयुक्त PDF रिडर सफ्टवेयर आवश्यक हुनेछ ।

५. कम्पनीको दर्ता किताब **२०८१ आश्विन २८ गते (अक्टोबर १४, २०२४) देखि २०८१ कार्तिक १२ गते (अक्टोबर २८, २०२४)** सम्म बन्द रहनेछ।

६. सभा तोकिएको समयमा नै प्रारम्भ हुने भएको हुनाले इच्छुक शेयरधनी महानुभावहरूलाई पहिचानको लागि आफ्नो कुनै आधिकारिक परिचयपत्र (ड्राइभिङ लाइसेन्स, नागरिकता, राहदानी वा सेयर प्रमाणपत्र) साथमा ल्याउन र दर्ता गर्नको लागि तोकिएको समय भन्दा अगाडी नै तोकिएको स्थानमा उपस्थित हुनको लागि अनुरोध गर्दछौं ।

७. मिति २०८१ आश्विन २८ गते (अक्टोबर १४, २०२४) अर्थात **शेयरधनी दर्ताकिताब बन्द हुने समय शुरुहुन भन्दा अगाडि शेयर दर्ता किताबमा सदस्यहरू/वास्तविक धनीहरूको रूपमा दर्ता भएको शेयरधनी महानुभावहरूहरूले स्वयं आफैं उपस्थित भई वा प्रतिनिधी (प्रोक्सी) मार्फत सूचनामा उल्लेखित प्रस्ताव उपरको छलफलमा भाग लिई मतदान गर्न पाउनुहुनेछन । तोकिएको मितिमा सेयरसदस्य नभएको व्यक्तिले यो सूचनालाई साधारण सभाको जानकारीको लागि मात्र लिनुपर्नेछ । मतदान गर्ने तरिका र अन्य निर्देशनहरु सभा स्थलमा उपलब्ध गराइनेछ ।**

८. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले साधारणसभा शुरू हुनुभन्दा १४४ घण्टा अगाडि अर्थात् २०८१ कार्तिक ६ गते (अक्टोबर २२, २०२४) मंगलबार दिउँसो ४:३० बजे वा सोभन्दा अगाडि कमलपोखरी, काठमाडौं स्थित, कम्पनी शेयर रजिष्ट्रारको लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा प्रोक्सी फारम बुझाउनु पर्नेछ । सो फाराम सोही मिति अगाडि nisha.basnet@lscapital.com.np मा ईमेल गर्दा पनि हुन्छ ।

९. शेयर रजिष्ट्रार (RTS) को कार्यालयले सभाको समय भन्दा ७२ घण्टा अगाडी अर्थात् २०८१ कार्तिक ९ गते (अक्टोबर २५, २०२४) दिउँसो ४:३० बजे वा अघि प्रोक्सी खारेज गरीएको कुराको सूचना प्राप्त नगरेमा शेयरधनीको तर्फबाट प्रोक्सीले गरेको सबै कामलाई वैध घोषित गरिनेछ । शेयरधनी आफैले भाग लिन र मतदान गर्न चाहेमा प्रोक्सी पेस गरेपछि, सूचना दिई र सेयर रजिष्ट्रार (RTS) लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा साधारणसभा हुनुभन्दा ७२ घण्टा अगाडी अर्थात् २०८१ कार्तिक ९ गते (अक्टोबर २५, २०२४) शुक्रबार बेलुका ४:३० बजे वा अघि दर्ता गरिसक्नु पर्नेछ । अन्यथा, प्रोक्सी प्राप्त गर्ने व्यक्तिहरू, शेयरधनीहरु बैठकमा उपस्थित हुन सक्नेछैनन् । यदि साधारणसभा रद्द भयो भने, दर्ता गरिएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी यथावत रहनेछ र परिवर्तन गरिने छैन ।

१०. यदि कुनै शेयरधनीहरूले एकभन्दा बढी प्रतिनिधीहरू (प्रोक्सीहरु) छानेका रहेछन् भने, **पछिको मितिमा दर्ता भएको प्रोक्सीलाई वास्तविक प्रोक्सी मानिनेछ** र यसअघि दर्ता भएका अन्य सबै प्रोक्सीहरु अवैध घोषित गरिनेछ । तर त्यस्तो प्रोक्सी लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा **सभा हुनु भन्दा १४४ घण्टा अगाडि अर्थात् २०८१ कार्तिक ६ गते (अक्टोबर २२, २०२४) मंगलवार दिनको ४:३० वा सो भन्दा अघि दर्ता भएको हुनुपर्छ** । एक आपसमा मिलेर खरिद गरिएको **शेयरको हकमा एक प्रतिनिधिले मात्र बैठकमा भाग लिन र मतदान गर्न सक्नेछन्** ।

११ ट्रस्टी, कर्पोरेशन, म्युचुअल फण्ड वा संघ-संस्थाद्वारा नियुक्त प्रतिनिधिले अख्तियारीको प्रमाण पेश गरेर मात्र सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

१२. नाबालिक र निष्क्रिय शेयरधनीहरूको हकमा, शेयर दर्ताकिताबमा अभिभावकको रूपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

१३. सुरक्षाको लागि कार्यक्रम स्थलमा कुनै पनि झोला वा प्याकेट नल्याउनको लागि शेयरधनी ज्यूहरूलाई हार्दिक अनुरोध गर्दछौं । सभाकक्षमा प्रवेश गर्नु अघि तपाईका सबै झोला र प्याकेटहरूको जाँच हुने भएको हुनाले सुरक्षामा समन्वय गर्नको लागि अनुरोध गरिन्छ ।

१४. थप जानकारीको लागि युनिलिभर नेपाल लिमिटेडको कार्यालय वा कम्पनीको शेयर रजिष्ट्रार लक्ष्मीसनराइज क्यापिटल लिमिटेडको कार्यालयमा तोकिएको समय भित्रै सम्पर्क गर्नुहुन सम्पुर्ण शेयरधनी ज्यूहरूलाई अनुरोध गर्दछौं ।

**मिति: २०८१-०६-२१ गते**
**रजिष्टर्ड कार्यालय:**
**हेटौडा-३, बासमाडी, मकवानपुर, नेपाल**

**युनिलिभर नेपाल लिमिटेडको तर्फबाट**
**गोविन्द बहादुर शाही**
**कम्पनी सचिव**

# लुम्बिनी र पोखरा खर्चालु, चितवन सबैभन्दा कम

## नेपाल प्रिमियर लिग (एनपीएल) को अक्सनमा आठ फ्रेन्चाइज टोलीले ५ करोड ९२ लाख ५० हजार खर्च गरेका छन्, निर्धारित रकमभन्दा कम खर्च गरेकाले चितवनलाई २ लाख जरिवाना

**कान्तिपुर संवाददाता** (काठमाडौं)

राष्ट्रिय क्रिकेट टोलीमा आवद्ध 'ए' श्रेणीका १२ खेलाडीले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको अक्सनमा पूरा मूल्य पाएका छन् । आइतबार भएको खेलाडी लिलामीमा 'ए' श्रेणीको सूचीमा रहेका २७ खेलाडीमा १० खेलाडीको 'बेस प्राइस' १० लाखबाट सुरु भएको थियो ।

त्यसमध्ये विराटनगर किंग्सले लोकेश बम र प्रतिश जिसी, जनकपुर बोल्ट्सले ललित राजवंशी र अनिलकुमार शाह, कर्णालीले गुलशन झा, काठमान्डु गुर्खाजले शाहब आलम र भीम सार्की, लुम्बिनी लायन्सले सूर्य तामाङ, विवेक यादव र सन्दीप जोरा, पोखरा एभेन्जर्सले सागर ढकाल तथा सुदूरपश्चिम रोयल्सले आरिफ शेखलाई पूरा १५ लाख खर्च गरेको थियो ।

यसमध्ये लगभग सबै खेलाडीमा एकभन्दा बढी फ्रेन्चाइज टोलीले भाउ लगाएका थिए । गुलशन र अनिललाई ८ मध्ये सात फ्रेन्चाइज टोलीले आफ्नो टोलीमा भित्र्याउन दाबी गरेका थिए । लक्की 'ड्र' मा लुम्बिनी र कर्णाली भाग्यमानी बनेका थिए । लुम्बिनीले ८ मध्ये ५ खेलाडी लक्की 'ड्र' बाट लिएको थियो ।

एउटा फ्रेन्चाइज टोलीले कम्तीमा ६५ र बढीमा ९० लाख खर्च गर्न प्रावधान थियो । 'ए' श्रेणीको खेलाडीको न्युनतम पारिश्रमिक १० लाखबाट अधिकतम १५ लाख, 'बी' श्रेणीको ५ लाखबाट सुरु भएर अधिकतम १० लाख र 'सी' श्रेणीको २ लाखबाट सुरु भएर अधिकतम ५ लाखमा टुंगिएको थियो । 'ए' श्रेणीबाट ३, 'बी' श्रेणीबाट ४ र 'सी' श्रेणीबाट ३ खेलाडी अनिवार्य लिनुपर्ने प्रावधान थियो । यसअघि नै मार्की खेलाडी तय भइसकेको थियो भने हरेक टोलीले एक स्थानीय खेलाडी राख्न पाउनेछन् । साथै हरेक टोलीले चार विदेशी खेलाडी राख्न पाउनेछ । मार्की खेलाडीको मूल्य २० लाख रुपैयाँ रहेको थियो ।

लुम्बिनीले सबैभन्दा बढी ८४ लाख ७५ हजार खर्च गरेको थियो । नेपाली राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल 'मार्की' खेलाडी रहेको लुम्बिनीले 'बी' श्रेणीबाट आशुतोष घिरैया र तिलकराज भण्डारीलाई १०-१० लाख, दुर्गेश गुप्तालाई ८ लाख भाउ लगाएर लिएको थियो । 'बी' श्रेणीमा रहेका खेलाडीको 'बेसप्राइस' ५ लाख रहेको थियो र अधिकतम १० लाखमा पुगेर टुंगिएको थियो ।



एनपीएलको अक्सनका क्रममा जनकपुर बोल्ट्स टिम ।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

पोखराले ८० लाख ५० हजार, जनकपुर बोल्ट्सले ७९ लाख २५ हजार, कर्णालीले ७४ लाख, सुदूरपश्चिमले ७४ लाख, काठमान्डुले ७० लाख ५० हजार र विराटनगर किंग्सले ६६ लाख ५० हजार खर्च गरेका थिए । चितवनले भने ६३ लाखमात्र खर्च गरेकाले नेपाल क्रिकेट संघलाई २ लाख जरिवाना तिर्नुपर्नेछ । आठ फ्रेन्चाइज टोलीले कुल ८० खेलाडीका लागि ५ करोड ९२ लाख ५० हजार खर्च गरेका थिए ।

'ए' श्रेणीका खेलाडीहरूमा अविनाश बोहराले १२ लाख, आकाश चन्दले ११ लाख ५० हजार, नन्दन यादवले ११ लाख, तथा बसिर अहमद, रिजन ढकाल, कमलसिंह ऐरी, शरद भेषावकर, रशिद खान, किशोर महतो, देव खनाल, दिलीप नाथ, विनोद भण्डारीले 'बेस प्राइस' १० लाख भाउ पाएका थिए । 'ए' श्रेणीमा भाउ नपाएका अर्जुन साउद लुम्बिनी, हेमन्त धामी जनकपुर र सुनाम गौतम पोखरामा समान ५ लाखमा पुगेका छन् ।

अक्सनबाट छानिएका खेलाडीमा नरेश बुढाऐर, किशोर महतो, नन्दन यादव, जितेन्द्र मुखिया, राजेश पुलामी, सुनाम गौतम, अनिल खरेल, विवेक केसी, दिनेश खरेल विदेशमा बस्दै आएका खेलाडी हुन् ।

नेपाली राष्ट्रिय टोलीबाट खेलिसकेका प्रदीपसिंह ऐरी, सुनिल धमला, पृथु बाँस्कोटा, ललितसिंह भण्डारीसहित मधेश प्रदेशका कप्तान हरिशंकर साह, कर्णाली प्रदेशका कप्तान रवीन्द्रजंग शाहीलाई अक्सनमा कुनै भाउ लागेन । एनपीएल नोभेम्बर ३० देखि डिसेम्बर २१ सम्म कीर्तिपुरस्थित त्रिवि मैदान हुनेछ ।

### विराटनगर किंग्स
**सन्दीप लामिछाने** (मार्की)
- लोकेश बम १५ लाख
- प्रतिश जीसी १५ लाख
- बशीर अहमद १० लाख
- राजेश पुलामी मगर ५ लाख
- जितेन्द्रकुमार मुखिया ५ लाख
- अनिल खरेल ५ लाख
- दीपक बोहरा ५ लाख
- सुभाष भण्डारी २ लाख ५० हजार
- नरेन भट्ट २ लाख
- मृनाल गुरुङ २ लाख

### जनकपुर बोल्ट्स
**आसिफ शेख** (मार्की)
- ललित राजवंशी १५ लाख
- अनिलकुमार साह १५ लाख
- रुपेशकुमार सिंह १० लाख
- किशोर महतो १० लाख
- आकाश त्रिपाठी १० लाख
- शुभ कंसाकार ५ लाख
- शेर मल्ल ५ लाख
- हेमन्त धामी ५ लाख
- अरनिको प्रसाद यादव २ लाख २५ हजार
- तुलबहादुर थापा मगर २ लाख

### काठमान्डु गुर्खाज
**करण केसी** (मार्की)
- शाहब आलम १५ लाख
- भीम सार्की १५ लाख
- रशिद खान १० लाख
- शंकर राना ९ लाख ५० हजार
- दीपेश कँडेल ५ लाख
- सुमित महर्जन ५ लाख
- कृष्ण कार्की ५ लाख
- विवेक केसी २ लाख
- प्रतीक श्रेष्ठ २ लाख
- राजु रिजाल २ लाख


### चितवन राइनोज
**कुशल मल्ल** (मार्की)
- रिजन ढकाल १० लाख
- कमलसिंह ऐरी १० लाख
- शरद भेषावकर १० लाख
- विपिन रावल ८ लाख
- सन्तोष कार्की ५ लाख
- दीपेश श्रेष्ठ ५ लाख
- अमरसिंह राउटेला ५ लाख
- दीपक बोहरा ५ लाख
- रन्जित कुमार ३ लाख
- गौतम केसी २ लाख

### कर्णाली याक्स
**सोमपाल कामी** (मार्की)
- गुलशन झा १५ लाख
- नन्दन यादव ११ लाख
- मौसम ढकाल १० लाख
- अर्जुन घर्ती १० लाख
- देव खनाल १० लाख
- रित गौतम ५ लाख
- भुवन कार्की ५ लाख
- दीपेन्द्र रावत ३ लाख
- दीपक डुम्रे ३ लाख
- युनिसविक्रम सिंह ठकुरी २ लाख

### लुम्बिनी लायन्स
**रोहितकुमार पौडेल** (मार्की)
- सूर्य तामाङ १५ लाख
- विवेक यादव १५ लाख
- सन्दीप जोरा १५ लाख
- आशुतोष घिरैया १० लाख
- तिलकराज भण्डारी १० लाख
- दुर्गेश गुप्ता ८ लाख
- अर्जुन साउद ५ लाख
- दिनेश अधिकारी २ लाख ७५ हजार
- अभिषेक गौतम २ लाख
- विकास अग्री २ लाख

### पोखरा एभेन्जर्स
**कुशल भुर्तेल** (मार्की)
- सागर ढकाल १५ लाख
- आकाश चन्द ११ लाख ५० हजार
- किरण ठगुन्ना १० लाख
- नारायण जोशी १० लाख
- विपिन खत्री १० लाख
- दिलीप नाथ १० लाख
- तृतराज दास ५ लाख
- सुनम गौतम ५ लाख
- दिनेश खरेल २ लाख
- अमृत गुरुङ २ लाख

### सुदूरपश्चिम रोयल्स
**दीपेन्द्रसिंह ऐरी** (मार्की)
- आरिफ शेख १५ लाख
- अविनाश बोहरा १२ लाख
- विनोद भण्डारी १० लाख
- इशान पाण्डे ९ लाख ५० हजार
- अर्जुन कुमाल ७ लाख ५० हजार
- खडकबहादुर बोहरा ५ लाख
- नरेश बुढाऐर ५ लाख
- भोजराज भट्ट ४ लाख ५० हजार
- अमित श्रेष्ठ ३ लाख ५० हजार
- नरेन साउद २ लाख




## छोटकरी

### एभरेस्ट र राष्ट्र बैंक विजेता



काठमाडौं (कास)- नेपाल राष्ट्र बैंक कर्मचारी संघ पोखराले आयोजना गरेको गण्डकी प्रदेशस्तरीय अन्तरबैंक फुटसल प्रतियोगितामा एभरेस्ट बैंक र राष्ट्र बैंक च्याम्पियन भएका छन् । पाँचौं संस्करणको उक्त प्रतियोगिताको महिलातर्फ राष्ट्र बैंकले नबिल बैंकलाई १-० ले हराएर उपाधि जित्यो । पुरुषतर्फ एभरेस्टले कृषि विकास बैंकलाई टाइब्रेकरमा हरायो । निर्धारित समयमा दुवैबाट १-१ गोल भएको थियो । महिलामा विजेताकी मनीषा कुँवर उत्कृष्ट खेलाडी, विनिता पराजुली सर्वाधिक गोलकर्ता र नबिलकी कुसुम थारुमगर उत्कृष्ट गोलरक्षक भए । पुरुषतर्फ कृषि विकासका जीवराज बम उत्कृष्ट खेलाडी, गरिमा विकासकी सुरेश थापा सर्वाधिक गोलकर्ता र एभरेस्टका सुवास काफ्लले उत्कृष्ट गोलरक्षक चुनिए । विजेतालाई नेपाल राष्ट्र बैंक पोखराका निर्देशक बिना ढकाल पौडेल, आयोजक बैंक कर्मचारी केन्द्रीय समितिका महासचिव कृष्णप्रसाद खराललगायतले पुरस्कृत गरे । प्रतियोगितामा गण्डकी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका पुरुषतर्फ ३० र महिलामा १७ टिमले भाग लिएका थिए ।

### मन्डेकाजी स्पोर्ट्स पर्सनालिटी

काठमाडौं (कास)- करातेका दोहोरो सागका स्वर्णधारी मन्डेकाजी श्रेष्ठ 'स्पोर्टस् पर्सनालिटी अफ दी इयर' बाट सम्मानित भएका छन् । नेपाल पर्यटन बोर्डमा आइतबार आयोजित 'एचिभर्स अवार्ड २०२४' कार्यक्रममा खेलकुद विधातर्फ मन्डेकाजी सम्मानित भएका हुन् । सक्सेस मिडिया र यात्रा प्लसबाट १३औं सागका दोहोरो स्वर्ण विजेता मन्डेकाजी सम्मानित भएका हुन् । कार्यक्रममा खेलबाहेक कलाकारिता, बैंकिङ, चिकित्सा क्षेत्रका व्यक्तित्वलाई पनि अवार्ड प्रदान गरिएको थियो । पर्यटन राज्यमन्त्री अरुणकुमार चौधरीले मन्डेकाजीलाई ट्रफी र प्रमाणपत्र प्रदान गरे ।

# खो-खो खेलाडी छनोट

काठमाडौं (कास)- नेपाल खो-खो संघले नेपाल र भारतबीच हुने मैत्रीपूर्ण प्रतियोगिताका लागि नेपाली राष्ट्रिय पुरुष/महिला टोली घोषणा गरेको छ । कीर्तिपुरको नयाँबजारस्थित कभर्डहलमा खो खो संघले आयोजना गरेको छनोट प्रतिस्पर्धाबाट खेलाडी छनोट गरिएको हो ।

पुरुष/महिला दुवैमा १५-१५ खेलाडीको अन्तिम छनोट गरिएको संघका कार्यबाहक अध्यक्ष छत्रबहादुर शाहीले जानकारी गराए । दुवै समूहमा १०-१० वैकल्पिक खेलाडी सार्वजनिक गरिएको छ । पुरुषमा हेमराज पनेरु, जनक चन्द, सुरज पुजारा, विकरालसिं रत्तौया, रोहितकुमार बर्मा, झलक बिक, वेदबहादुर ओली, विवश चौधरी, विशाल थारु, यमन पुरी, राजन बल, जोगिन्द्र राना, भरत सारु र गणेश विक छन् ।

वैकल्पिक खेलाडीमा पवन महर्जन, रेवन अधिकारी, मानव बोहरा, कृतिश सिन्तकला, प्रमोद राय दनुवार, धर्मराज कुशवाह, मुकेश गोदार, बिकी सुनार, आयुश गुरुङ र अमृतकाजी प्रधान छन् ।

महिलामा सरस्वती कठायत, मानमती धामी, पूजा ओड, आशा थारु, पुनम थारु, दीपा बिक, निशा शाही, कर्मा शाही, सम्झना बिक, दीपा बिक, खुश्बु राना, कन्चन चौधरी, वर्षा पण्डित, गीता चौधरी र अनिशा गोले छन् ।

प्रेरणा विष्ट, जयन्ती कुँवर, अस्मिता राय, मोहनकुमारी श्रेष्ठ, अम्रता ओली, जमुना राय, निशा सैंजु, प्रिन्सिका गोसाईं, निभा कुमारी र कृजला जलेजु वैकल्पिक खेलाडीमा छन् ।

मैत्रीपूर्ण प्रतियोगिता असोज २१ र २२ मा हुनेछ । भारतको पनि राष्ट्रिय टिमको सहभागिता रहने कार्यबाहक अध्यक्ष शाहीले बताए । पुरुष/महिलामा ४-४ खेल हुनेछ ।

# लिस्नुलाई झरना रनिङ सिल्ड




**सन्जु पौडेल** (तिलोत्तमा)

लिस्नु युवा क्लबले ३६ औं झरना रनिङ सिल्ड नकआउट फुटबल प्रतियोगिताको उपाधि जितेको छ । लिस्नुले फाइनलमा आयोजक झरना स्पोर्ट्स क्लबलाई १-० गोलले हराएर ३ लाख ३१ हजारसहित सिल्ड जितेको हो । उपविजेता झरना स्पोर्ट्स क्लबले १ लाख ८१ हजारसहित शिल्ड जित्यो ।

खेलको पहिलो हाफ गोलरहित रह्यो । दोस्रो हाफको १३ औं मिनेटमा झरनाका खेलाडीले फाउल गरेपछि लिस्नुले पेनाल्टी को अवसर पायो । लिस्नुका कप्तान एन्जल महर्जनले गोल गरी टिमलाई अग्रता दिलाए । गोर्खा ब्वाइज र जनज्योति एफसीले २५-२५ हजार पुरस्कार पाए । १६ टिम सहभागी भएको खेलमा रूपन्देहीबाहेक कपिलवस्तु, पश्चिम नवलपरासी र स्याङ्जाको वालिङबाट समेत टिमको सहभागिता थियो । झरनाका जितेश गुरुङ सर्वोत्कृष्ट खेलाडी भए । उनले १५ हजार पुरस्कार पाए ।

झरनाका कुलदीप क्षेत्रीले बेस्ट डिफेन्डरको उपाधि जिते । लिस्नुका विशाल केसी उत्कृष्ट गोलरक्षक बने । झरनाका सन्तोष खत्री उत्कृष्ट मिडफिल्डर र लिस्नुका बुद्धि पुन उत्कृष्ट प्रशिक्षक भए । लिस्नुका सुशील राई उत्कृष्ट स्ट्राइकर भए । उनीहरूले जनही १० हजार पुरस्कार पाए । योङ स्टार मडाहाले फेयर टिमको पुरस्कार पायो ।

२०२७ सालमा स्थानीय युवाबाट स्थापना भएको झरनाले हरेक वर्ष प्रतियोगिता गर्दै आएको छ ।




# दिवंगत खेलाडीका परिवारलाई एन्फाले ८ लाख दिने

काठमाडौं (कास)- सिस्नेरी पहिरोमा निधन भएका एन्फा एकेडेमीका ६ खेलाडीका परिवारलाई अखिल नेपाल फुटबल संघ (एन्फा) ले राहतस्वरूप प्रतिपरिवार ८ लाख रुपैयाँ दिने भएको छ ।

एन्फा कार्यसमितिको आइतबारको आपतकालीन बैठकले मृतक खेलाडीको परिवारलाई आर्थिक सहयोग गर्नुका साथै खेलाडीको नाममा परिवारले चाहेको स्थान र क्षेत्रमा एन्फाले २ लाख रुपैयाँ अक्षयकोष खोल्ने निर्णय गरेको छ ।

कोषमा अन्यलाई सहयोग गर्न अपिल गर्ने तथा फिफा र एएफसीमा थप राहतका लागि अपिल गर्ने एन्फाले जनाएको छ ।

असोज ११ गते मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिका वडा-३ स्थित एन्फा वात्सल्यदेवी एकेडेमीका ६ खेलाडी आदित्य बलम्पाखी, विकल रेग्मी, प्रियान्स आचार्य, दिवस बानियाँ, अनुपम घलान र साइमन योन्जनको पहिरोमा परेर निधन भएको थियो । दिवंगत खेलाडीको सालिक र स्मृति स्मम्भ निर्माणका लागि वात्सल्यदेवी विद्यालयमा पहल गरी निर्माण गर्ने जनाएको छ ।

भर्चुअल बैठकले घटनाबारे अध्ययन गर्न समिति गठन गरेको छ । तीन सदस्यीय समितिमा एन्फा केन्द्रीय सदस्य विकासनारायण श्रेष्ठको संयोजकत्वमा एन्फा सहायक महासचिव दामोदर भट्टराई रसदस्य टीकाराम लामा छन् । एक महिनाभित्र समितिलाई प्रतिवेदन पेस गर्न निर्देशन गरिएको छ ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान